# गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर
तह द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**शशीकला खतिवडा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर, काठमाडौँ**
**२०६४**

गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व - शशीकला खतिवडा २०६४

## **शोधनिर्देशकको मन्तव्य**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षकी विद्यार्थी श्री शशीकला खतिवडाले **गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । मिहिनेतसाथ तयार पारिएको उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्नका  लागि सिफारिस गर्दछु ।

मिति : २०६४/१०/

.............................

**डा. खगेन्द्रप्रसाद लुइटेल**

(**शोधनिर्देशक**)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, २०६४

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु डा. खगेन्द्रप्रसाद लुइटेलका कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा उपयुक्त किसिमको सल्लाह दिइ सहयोग पुऱ्याउनु हुने विभागीय प्रमुख प्राध्यापक श्री राजेन्द्र सुवेदी एवम् सम्पूर्ण गुरूवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यसका साथै आवश्यक सल्लाह र अन्तर्वार्ता दिइ सहयोग गर्ने साहित्यकार गोपालप्रसाद सङ्ग्रौलाप्रति कृतकृत्य छु । त्यस्तै शोधपत्र तयार गर्ने क्रममा आवश्यक जानकारी दिनुहुने सङ्ग्रौला परिवारप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता सोमनाथ खतिवडा र माता शान्ता खतिवडाप्रति आजीवन ऋणी छु । आफूले व्यावहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने दाजुहरू देवीप्रसाद, सुमन, भुवन र भाउजू जीताप्रति कृतज्ञ छु साथै प्यारा बहिनीहरू सुशीला र अनुसूयालाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने साथीहरू राजनकुमार वन, लक्ष्मी ढुङ्गेल, जनक, गुरूहरू, कुसुम, इन्दिरा, ईश्वरी र सुशीलाप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु र शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरकी नैना जी.सी.प्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति : २०६४/१०/१६

......................

(**शशीकला खतिवडा**)

नेपाली केन्द्रीय विभाग

२०६४

# स्वीकृतिपत्र

**प्रा. राजेन्द्र सुवेदी** ............................
(प्रमुख)

**डा. खगेन्द्रप्रसाद लुइटेल** ...........................
(शोधनिर्देशक)

**विजय सुब्बा** .........................
(बाह्य परीक्षक)

मिति २०६४/११/२८ **शोध मूल्याङ्कन समिति**

## सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडिएट अफ् आर्टस् |
| एम.ए. | - | मास्टर अफ् आर्टस् |
| एस.एल.सी. | - | स्कुल लिभिङ् सर्टिफिकेट |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| डा. | - | डाक्टर |
| नं. | - | नम्बर |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. | - | नेपाल कम्युनिष्ट पार्टी |
| पू. | - | पूर्णाङ्क |
| प्र.अ. | - | प्रधानाध्यापक |
| प्र.ले.स. | - | प्रगतिशील लेखक सङ्घ |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| पृ. | - | पृष्ठ |
| बी.ए. | - | ब्याचलर अफ् आर्टस |
| वि.सं. | - | विक्रम संवत् |
| मा.ले. | - | माक्सवादी लेनिनवादी |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची

**पहिलो परिच्छेद : शोधपरिचय** १०–५

१.१ शोधशीर्षक १०

१.२ शोधप्रयोजन १०

१.३ समस्याकथन १०

१.४ शोधकार्यको उद्देश्य ११

१.५ पूर्वकार्यको समीक्षा ११

१.६ शोधकार्यको औचित्य र महत्त्व १३

१.७ शोधकार्यको सीमाङ्कन १३

१.८ सामग्रीसङ्कलन विधि १३

१.९ शोधविधि १३

१.१० शोधपत्रको रूपरेखा १४

**दोस्रो परिच्छेद : गोपालप्रसाद सङ्ग्रौलाको जीवनी** १५–१८

२.१ जन्म र जन्मस्थान १५

२.२ बाल्यकाल र स्वभाव १६

२.३ शिक्षादीक्षा १८

२.४ पारिवारिक अवस्था १९

२.५ ब्रतबन्ध २०

२.६ विवाह र सन्तान २०

२.७ बानीव्यवहार र रुचि २०

२.८ कार्य क्षेत्र २२

२.८.१ शिक्षण सेवा २२

२.८.२ सामाजिक तथा राजनैतिक कार्य २३

२.८.३ संस्थागत संलग्नता २४

२.९ सम्मान तथा पुरस्कार २४

२.१० धारणा र मान्यता २४

२.११ लेखन २५

२.११.१ लेखनका लागि प्रेरणा र प्रभाव २५

२.११.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी २६

२.११.३ प्रकाशित फुटकर लेखरचनाहरूको सूची २६

**तेस्रो परिच्छेद : गोपालप्रसाद सङ्ग्रौलाको व्यक्तित्व २८-२८**

३.१ पृष्ठभूमि २८

३.२ शारीरिक व्यक्तित्व २८

३.३ व्यक्तित्वका विभिन्न पाटाहरू २९

३.३.१ साहित्यिक व्यक्तित्व ३०

३.३.१.१ स्रष्टा व्यक्तित्व ३०

३.३.१.२ द्रष्टा व्यक्तित्व ३३

३.३.२ साहित्येतर व्यक्तित्व ३५

३.४ गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तः सम्बन्ध ३७

**चौँथो परिच्छेद : गोपालप्रसाद सङ्ग्रौलाका साहित्यिक कृतिहरूको विश्लेषण ३९-१०३**

४.१ पृष्ठभूमि ३९

४.२ जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहको विश्लेषण ३९

४.२.१ परिचय ३९

४.२.२ जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहका कविताहरूको मूलभाव ४०

४.२.३ विषयवस्तुका आधारमा जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहका कविताहरूको वर्गीकरण ४७

४.२.३.१ सहिदसँग सम्बन्धित कविताहरू ४७

४.२.३.२ क्रान्तिसँग सम्बद्ध विषय भएका कविताहरू ४८

४.२.३.३ प्रेमपरक विषयका किताबहरू ४९

४.२.३.४ प्रगतिवादी चिन्तन भएका कविताहरू ५०

४.२.३.५ सामाजिक यथार्थमा आधारित कविताहरू ५१

४.२.४ सहभागी ५३

४.२.५ परिवेश ५५

४.२.६ उद्देश्य ५७

४.२.७ दृष्टिबिन्दु ५८

४.२.८ भाषाशैलीय विन्यास ५९

४.२.९ निष्कर्ष ६३

४.३ हरिमाया शोककाव्यको विश्लेषण ६५

४.३.१ परिचय ६५

४.३.२ वस्तु ६६

४.३.२.१ कथासार ६६

४.३.३.२ कथानकको विकास र व्यवस्थापन ७०

४.३.३ सहभागी र सहभागिता ७५

४.३.३.१ हरिमायाको चारित्रिक अभिलक्षण ७७

४.३.३.२ देवीप्रसादको चारित्रिक अभिलक्षण ७७

४.३.३.३ नरेन्द्रको चारित्रिक अभिलक्षण ७७

४.३.३.४ द्रोणचारको चारित्रिक अभिलक्षण ७८

४.३.३.५ भानुभक्तको चारित्रिक अभिलक्षण ७८

४.३.३.६ हिमादेवीको चारित्रिक अभिलक्षण ७८

४.३.३.७ अन्य गौण पात्रहरू ६८

४.३.४ परिवेश ७९

४.३.५ उद्देश्य ७९

४.३.६ दृष्टिबिन्दु ८०

४.३.७ भाषाशैलीय विन्यास ८२

४.३.८ निष्कर्ष ८५

४.४ विद्रोहको बाँसुरी खण्डकाव्यको विश्लेषण ८७

४.४.१ परिचय ८७

४.४.२ वस्तु ८८

४.४.२.१ कथासार ८८

४.४.२.२ कथानकको विकास र व्यवस्थापन ९०

४.४.३ सहभागी र सहभागिता ९८

४.४.३.१ नेत्रको चारित्रिक अभिलक्षण ९०

४.४.३.२ मेनकाको चारित्रिक अभिलक्षण १०२

४.४.३.३ आमाको चारित्रिक अभिलक्षण १०३

४.४.३.४ पूर्णेको चारित्रिक अभिलक्षण १०३

४.४.३.५ बद्रीको चारित्रिक अभिलक्षण १०४

४.४.३.६ अन्य गौण सहभागीहरू १०४

४.४.४ परिवेश १०५

४.४.५ उद्देश्य १०६

४.४.६ दृष्टिबिन्दु १०७

४.४.७ भाषाशैलीय विन्यास १०८

४.४.८ निष्कर्ष ११२

**पाँचौं परिच्छेद : उपसंहार ११५–१०७**

समग्र निष्कर्ष १०६

सन्दर्भग्रन्थसूची ११९

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

गोपालप्रसाद सङ्ग्रौला आधुनिक नेपाली साहित्यको प्रगतिवादी फाँटमा सुपरिचित साहित्यकार हुन् । उनी वि.सं. २०२२/२०२३ सालबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । लामो समयदेखि विविध विधामा कलम चलाएका सङ्ग्रौलाका बारेमा विभिन्न साहित्यकार, लेखक तथा विद्वानहरूले यदाकदा पत्रपत्रिकाहरू र पुस्तकहरूमा सामान्य चर्चा गरिएको भेटिनुबाहेक उनका जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षका बारेमा समग्ररूपमा अध्ययन अनुसन्धान भएको देखिँदैन । त्यसैले सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधपत्रको मूल समस्या हो । यससँग सम्बद्ध अन्य समस्याहरूलाई बुँदागत रूपमा यसरी राख्न  सकिन्छ :

क) गोपालप्रसाद सङ्ग्रौलाको जीवनी केकस्तो रहेको छ ?

ख) उनको व्यक्तित्व केकस्तो रहेको छ ?

ग) उनका प्रमुख साहित्यिक कृतिहरू केकस्ता रहेका छन ?

यिनै समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

साहित्यकार गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पाटा र प्रवृत्तिको मूल्याङ्कनका उद्देश्य अनुसार व्यवस्थित अनुसन्धान गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन् :

क) गोपालप्रसाद सङ्ग्रौलाका जीवनीको विभिन्न पाटाहरू केलाउनु ।

ख) उनको व्यक्तित्वको विविध पाटाहरू केलाउनु ।

ग) उनका प्रमुख साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

साहित्यकार गोपालप्रसाद सङ्ग्रौलाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका बारेमा कतिपय लेखकहरूले सामान्य चर्चा गरेको पाइए पनि यस सम्बन्धमा समग्र अध्ययन भएको छैन । विस्तृत रूपमा यिनका कृतिहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा हालसम्म जेजति अध्ययन भएको छ, सो अध्ययन केवल परिचयात्मक एवम् जानकारीमूलक मात्र रहेको देखिन्छ । अतः उनका बारेमा हालसम्म जेजति अध्ययन भएका छन् यहाँ ती अध्ययनको कालक्रमिक रूपमा समीक्षात्मक प्रस्तुति गरिएको छ ।

रविमान लमजेलले **जन-चेतनाका फिलुङ्गाहरू** (२०४८) को भूमिकामा गोपालप्रसाद सङ्ग्रौला जीवन र जगतप्रति समर्पित जीवन व्यतीत गरी देश र जनताको मुक्तिको निम्ति हाँसीहाँसी जीवन उत्सर्ग गर्ने सहिदहरूको सपना साकार पार्ने सङ्कल्प लिएर एउटा उत्तरदायी युवकको भूमिका निर्वाह गर्न प्रतिबद्ध देखिनु हुन्छ भनेका छन् ।

रविमान लमजेलले **कोशी अञ्चलको साहित्यिक इतिहास** (२०५०) भन्ने पुस्तकमा गोपालप्रसाद सङ्ग्रौला राष्ट्रिय तथा अन्तराष्ट्रिय वस्तुस्थितिबाट सचेत प्रगतिवादी कविको रूपमा हाम्रो सामु उभिएका छन् भनेर चिनाएका छन् ।

मोदनाथ प्रश्रितले **हरिमाया** (२०५४) शोककाव्यको भूमिकामा गोपालप्रसाद सङ्ग्रौलाले मानवीय सम्वेदनाको व्यापक क्षेत्र अँगालेर एकातिर आफ्ना मित्रको पीडालाई

गहन रूपले अनुभूत गर्नु भएको छ भने अर्कातिर मीठो लयबद्ध सिर्जना गरी समाजलाई पनि एउटा कोसेली दिनुभएको छ भनी टिप्पणी गरेका छन् ।

घटराज भट्टराइले **हरिमाया** (२०५४) को भूमिकामा सङ्ग्रौला अरूको पीडा र वेदना बुझेर वार्णिक छन्दमा कविता लेख्ने कविका रूपमा चिनाएका छन् ।

माधव घिमिरेले **हरिमाया** (२०५४) शोककाव्यको भूमिकामा सहानुभूतिलाई स्वानुभूति बनाई लेखिएको **हरिमाया** शोककाव्य करुण रससिक्त भएको कुरा उल्लेख गरेका छन् ।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) भन्ने पुस्तकमा सङ्ग्रौलालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय वस्तुस्थितिबाट परिचित सचेत प्रगतिवादी कविको रूपमा मूल्याङ्कन गरेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) भन्ने पुस्तकमा गोपालप्रसाद सङ्ग्रौलाको नाम र कृति मात्र उल्लेख गरेका छन् ।

हरिनारायण भट्टराईले **विद्रोहको बाँसुरी** (२०६४) को भूमिकामा सङ्ग्रौलालाई प्रगतिवादी काव्यकार भनी चिनाएका छन् ।

अनिरुद्र तिमसिनाले मा **विद्रोहको बाँसुरी** (२०६४) को भूमिकामा सङ्ग्रौलालाई समकालीन जीवनबोधलाई अन्तर्वस्तु बनाएर परम्परागत छन्दात्मक लयविधानमा स्वरसन्धान गर्ने र बाह्याभ्यान्तर सौन्दर्यशिल्पका बीच सामञ्जस्य कायम गर्ने कविका रूपमा चिनाएका छन् ।

उपेन्द्र पागलले **विद्रोहको बाँसुरी** (२०६४) को भूमिकामा सङ्ग्रौलालाई सामाजिक नवसंस्कारको बीजारोपण गरी प्रगतिवादी मानवतावादी वैचारिकतालाई महत्त्व दिने कवि भनी चिनाएका छन् ।

यसरी सङ्ग्रौलाका बारेमा विभिन्न लेखक तथा समालोचकहरूले समीक्षा टिप्पणी आदि गरेको पाइए तापनि समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा भने कुनै अध्ययन पाइँदैन । तसर्थ यस शोधपत्रमा समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्य क्षेत्रमा गोपालप्रसाद सङ्ग्रौलाको योगदान उल्लेखनीय भएकाले उनका बारेमा अध्ययन अनुसन्धान गरेर तथ्य कुरा प्रकाशमा ल्याइने हुँदा उनका बारेमा जान्न चाहने जोसुकैका लागि प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जानकारी राख्न चाहने व्यक्तिहरूका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्त्वपूर्ण हुने कुरामा दुईमत छैन ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी अध्ययन गरिएको छ । यस शोधकार्यका लागि संवत् २०६४ सालसम्म प्रकाशित सङ्ग्रौलाका कृतिहरू लिइएको छ । सङ्ग्रौलाको २०६४ सालसम्म प्रकाशित विभिन्न रचनाहरूको अध्ययन वर्गीकरण तथा विश्लेषण गरिएको छ साथै यस अवधिसम्मको यिनको जीवनी, व्यक्तित्वका विभिन्न पाटाहरूको मात्र अध्ययन गरिएको छ ।

## १.८ सामग्रीसङ्कलन विधि

यस शोधपत्रका लागि आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन पद्धतिको आधारमा गरिएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी तथा उनका आफन्त, नातेदारहरूसँग सोधपुछ गरी सामग्रीसङ्कलन गरिएको छ । यसका साथै आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचकसँग पनि आवश्यक जानकारी लिइएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा सङ्कलित तथ्यहरूको विश्लेषण गर्दै जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचकीय पद्धतिको यथोचित प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ ।

## **१.१० शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : **शोधपरिचय**

दोस्रो परिच्छेद : **गोपालप्रसाद सङ्ग्रौलाको जीवनी**

तेस्रो परिच्छेद : **गोपालप्रसाद सङ्ग्रौलाको व्यक्तित्व**

चौँथो परिच्छेद : **गोपालप्रसाद सङ्ग्रौलाका साहित्यिक कृतिहरूको विश्लेषण**

पाँचौँ परिच्छेद : **उपसंहार**

आवश्यकताअनुसार माथिका परिच्छेद तथा शीर्षकलाई उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ । यस क्रममा प्रयोग भएका सन्दर्भग्रन्थ र पत्रपत्रिकाहरूको छुट्टाछुट्टै सूचीसमेत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# गोपालप्रसाद सङ्ग्रौलाको जीवनी

## २.१ जन्म र जन्मस्थान

गोपालप्रसाद सङ्ग्रौलाका बारेमा विभिन्न किसिमका मतमतान्तरहरू रहेको पाइन्छ । उनको नेपाली नागरिकतामा २००० मङ्सिर ६ गते जन्ममिति उल्लिखित छ, तर उनको वास्तविक जन्ममिति २००२ असार १६ गते शुक्रबारका दिन हो ।[१] उनको न्वारानको नाम शतभिषा नक्षत्रको पहिलो पाउअनुसार **गोविन्दप्रसाद सङ्ग्रौला** हो ।[२] उनी पूर्वी नेपालको कोसी अञ्चल तेरथुम जिल्लाअन्तर्गत छातेढुङ्गा गा.वि.स. वडा नं. ४ मा जन्मेका हुन् । यिनी इन्द्रमणि सङ्ग्रौला र लीलादेवी सङ्ग्रौलाका कान्छा छोरा हुन् ।[३] यिनै सङ्ग्रौला दम्पतीका पाँच सन्तानमध्ये गोपालप्रसाद सङ्ग्रौला तेस्रो सन्तान हुन् । उनका दुईजना दाजुहरू र दुईजना बहिनीहरू छन् । हाल उनका दाजुहरू तेरथुम जिल्लामा कृषि पेसा अबलम्बन गरी बसेका छन् । उनका बहिनीहरू पनि तेह्रथुम जिल्लामा नै बिहे गरी आफ्नो गृहस्थी जीवन बिताइरहेका छन् ।[४]

गोपालप्रसाद सङ्ग्रौला आफूलाई साहित्यमा **गोपालप्रसाद सङ्ग्रौला अकिञ्चन** भनी चिनाउँछन् ।[५] यिनलाई गाउँघरमा **कान्छा मुखिया** भनी गाउलेहरूले बोलाउने गर्दथे । त्यस्तै उनलाई गाउँघरमा चिन्ने अर्को नाम **गल्लीमुनि कान्छो** पनि हो ।[६] आफ्ना विद्यार्थीहरूका माझ उनी **गोपाल सर, जी. पी. सर, सङ्ग्रौला सर** का नामले प्रिय देखिन्छन् ।[७] हाल

---

[१] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] सोमनाथ खतिवडाबाट प्राप्त जानकारी ।

[७] शोधार्थीको प्रत्यक्ष भेटघाटबाट प्राप्त जानकारी ।

झापामा भने उनलाई **नयाँ कवि** भनेर चिन्ने गरिन्छ ।[८] यसरी विविध नामले चिनिने गरे तापनि सबैतिर **गोपालप्रसाद सङ्ग्रौला** नामले नै उनी परिचित छन् ।

गोपालप्रसाद सङ्ग्रौलाको जन्मस्थान छातेढुङ्गा रमणीय गाउँहरू चुहानडाँडा र इवाका बीचमा अवस्थित छ । पहाडी भिरालो जमिन भएको उक्त गाउँमा बाहुन, क्षेत्री, राई, लिम्बू आदि जातजातिको बसोबास रहेको छ ।

## २.२ बाल्यकाल र स्वभाव

गोपालप्रसाद सङ्ग्रौला ६ वर्षे बालक कालमा नै बाबुको मायाबाट बन्चित भएका थिए । वि.सं. २००८ साल कार्तिक ८ गते उनका बाबु इन्द्रमणि सङ्ग्रौलाको असामयिक निधन भएको थियो ।[९] अधबैंसे उमेरमा नै विधवा भएर पनि सङ्ग्रौलाकी आमाले आफ्ना सन्तानका लागि आमाको ममता र बाबुको कर्तव्यबाट बन्चित गराइनन् । सङ्ग्रौलाका बाबुको निधनले उनीहरूको परिवारको जीवन सहज ढङ्गले बित्न सकेन । प्रायः गोपालप्रसादका दाजु तथा बहिनीहरू समेत सानै उमेरको भएकाले आमाको भरमा नै सिङ्गो परिवार अडेको थियो । प्रशस्त जग्गा जमिनको अभावमा सङ्ग्रौला परिवार जीवन धान्नका लागि श्रममूलक काममा लागेको देखिन्छ ।[१०] सङ्ग्रौलालाई हुर्काउन उनकी आमाले साहुकोमा गई धान किनेर ल्याउने अनि चिउरा कुटेर बजारमा बेच्ने जस्ता कामहरू गरेकी थिईन् । यतिमात्र नभई उनकी आमाले अर्काको ढिकी जाँतो, मेलापात गरेर आएको बनीबाट सङ्ग्रौलालाई हुर्काएकी थिइन ।[११] उनका बाबु इन्द्रमणि सङ्ग्रौला तेरथुम छाडी झापाको सुरुङ्गामा आएर करिब छ विघा जमिन आवाद गरी बसोबास गरे तापनि  उनको मृत्यु पश्चात सो जग्गा जिमीदारले हडपेका थिए । पहाडतिरको पुर्ख्यौली सम्पत्ति पनि बाबुको काजकिरियामा नै खर्च भइसकेपछि भने उनीहरू जग्गा जमिनबिहीन हुन पुग्दछन् ।[१२] आर्थिक स्थिति कमजोर भएका कारण यिनका दाजु तथा बहिनीहरूले पढ्न पाएका थिएनन् । उनको सौभाग्य मान्नुपर्छ अनेक दुःख खेपेर पनि यिनको परिवारले यिनलाई

---

[८] श्रीमती लक्ष्मीदेवी सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[९] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन ।

शिक्षाको ज्योतिबाट अछुतो राखेन । स्कुल जाँदा लामो समयसम्म पनि जुत्ता चप्पल र नयाँ लुगा नलगाएको सङ्ग्रौलाको आत्मस्वीकार छ ।[१३]

गोपालप्रसाद सङ्ग्रौलाको बाल्यकालको स्वभाव छुच्चो रहेको थियो ।[१४] विशेषगरी गोरु जुधाउन, रूखबाट हाम फाल्न, मान्छे कुट्न, खोलामा गएर पौडी खेल्न मन पराउने सङ्ग्रौला खेलकुदमा पनि रुचि राख्दथे ।[१५] उनी खानेकुरामा चाहिँ बढी चर्को मन पराउँछन् ।[१६] उनी वाल्यकालदेखि नै व्यवहारमा केही तलमाथि भए झडङ्ग रिसाउने र झर्किने स्वभावका थिए । उनी कहिलेकाहीँ रातमा निद्राबाट ब्युँझेर-

*हठी पिताका प्रणका फसादले*
*विषादको आँसु जमिनमा झऱ्यो*
*अनन्त माधुर्य हुने शरीर त्यो*
*किशोर जीका जब दृष्टिमा पऱ्यो ।*

जस्ता श्लोकहरू उच्चारण गरी घुप्लुक्क सुत्ने गर्दथे ।[१७] बेलुका केही नपढी सुत्न नसक्ने र बिहान पनि छिट्टै उठेर पढ्ने बानी सङ्ग्रौलाको छ ।[१८] एक्लै भएको अवस्थामा पनि गुनगनाइरहने बानी उनको अझै रहेको छ ।[१९] बोल्दा कुम हल्लाउने र घण्टी बजेपछि बोल्दै गरेको वाक्यसमेत पूरा नगरी कक्षाकोठाबाट निस्कने सङ्ग्रौलाको बानी थियो ।[२०]

---

[१३] ऐजन ।

[१४] भानुभक्त खतिवडाबाट प्राप्त जानकारी ।

[१५] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[१६] छोरी सिजू सिवाकोटीबाट प्राप्त जानकारी ।

[१७] शोधार्थीको प्रत्यक्ष अनुभव ।

[१८] भुवन खतिवडाबाट प्राप्त जानकारी ।

[१९] शोधार्थीको प्रत्यक्ष अनुभव ।

[२०] शोधार्थीको प्रत्यक्ष अनुभव ।

## २.३ शिक्षादीक्षा

गोपालप्रसाद सङ्ग्रौलाको प्रारम्भकालीन शिक्षा आफ्नै घरबाट भएको हो । उनलाई हजुरआमाबाट उच्चारण भएका **रामायण, महाभारत, गीताका** श्लोकहरू विद्यालय जानुभन्दा पूर्व नै कण्ठस्थ थिए । उनलाई रामप्रसाद मैनालीले पढ्न र लेख्नमा प्रेरणा प्रदान गरेका थिए ।[२१] उनको औपचारिक शिक्षा आरम्भ १० वर्षको उमेरबाट भएको हो । उनी १० वर्षको उमेरमा प्रणामी मा.वि. इवामा कक्षा १ मा भर्ना भएका थिए । त्यस स्कुलमा उनले कक्षा १ र २ को अध्ययन गरेका थिए ।[२२] त्यसपछि उनी मेधावी भएका कारण कक्षा २ बाट एकैचोटि कक्षा ४ मा फड्को मारेका थिए । कक्षामा सदैव प्रथम हुने सङ्ग्रौला आफ्ना गुरुहरूका प्रिय शिष्य थिए ।[२३] कक्षा ४ देखि कक्षा १० सम्म उनले पोखरी मा.वि. छातेढुङ्गामा अध्ययन गरेका थिए । उनले वि.सं. २०२३ मा द्वितीय श्रेणीमा प्रवेशिका उत्तीर्ण गरे ।[२४] प्रवेशिका उत्तीर्णपछि उनले पोखरी मा.वि. छातेढुङ्गामा अध्यापन गराउँदै आफू वीरेन्द्र इन्टरकलेज चुहानडाँडा तेरथुममा अध्ययन गर्न थाले ।[२५] जागिरे जीवन र घरायसी व्यवहारका बाबजुद पनि उनको पढाइले तीव्र गति लिएको देखिन्छ । उनले वि.सं. २०२५ मा प्रमाणपत्र तह उत्तीर्ण गरेका थिए ।[२६] उनले वि.सं. २०२८ मा महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगरबाट स्नातक तह उत्तीर्ण गरे ।[२७] स्नातक तह उत्तीर्णपश्चात् स्नातकोत्तर अध्ययनका लागि उनले वि.सं. २०३६ मा नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरमा भर्ना गरी परीक्षा फारमसमेत भरेका थिए तर उनको त्यो इच्छा जागिरे जीवनले गर्दा पूरा हुन सकेन ।[२८] यसरी उनको औपचारिक शिक्षा स्नातक तहसम्म रहेको देखिन्छ ।

---

[२१] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[२२] ऐजन ।

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] ऐजन ।

[२६] ऐजन ।

[२७] ऐजन ।

[२८] ऐजन ।

आफ्नो परिवारमध्येमा सबैभन्दा पहिला स्नातक तह उत्तीर्ण गर्न सफल सङ्ग्रौला आफूलाई निकै भाग्यमानी ठान्दछन् ।

## २.४ पारिवारिक अवस्था

गोपालप्रसाद सङ्ग्रौलाको जन्म  निम्नवर्गीय परिवारमा भएको हो । यिनका बाबु तेरथुमको छातेढुङ्गा छाडेर झापाको सुरुङ्गामा बसाइँ सरेका थिए । सङ्ग्रौला बालकै हुँदा उनका बुबाको मृत्यु भएकाले उनकी आमाले श्रममूलक कामहरू गरेर हुर्काएकी थिइन् ।[२९] झापामा आवाद गरेको जग्गासमेत जिमीदारले हडपेको तथा पुर्ख्यौली सम्पत्ति बुबाको किरियामा सकिएपछि सङ्ग्रौला परिवार प्रायः सम्पत्तिबिहीन नै हुन पुगेको देखिन्छ । सङ्ग्रौलाले वि.सं. २०२३ मा प्रवेशिका उत्तीर्ण गरेर स्कुलमा पढाउन थालेपछि भने आर्थिक स्थितिमा केही सुधार आएको देखिन्छ । पछि पढाउने पेसा स्थायी भएपछि चाहिँ यिनको आर्थिक स्थिति मध्यम खालको देखिन्छ ।[३०] यसपछि उनका सन्तानहरूमध्ये जेठो छोरा शिक्षण पेसामा र कान्छो छोरा प्रहरी सेवामा संलग्न भएपछि भने आर्थिक स्थितिमा निकै नै सुधार आएको देखिन्छ ।[३१] सङ्ग्रौलाका दुई छोराहरूमध्ये जेठोछोरो मित्रप्रसाद प्रणामी मा.वि. इवा तेरथुममा शिक्षण पेसामा आबद्ध छन् । उनको कान्छो छोरा माधवप्रसाद भने प्रहरी सेवामा हाल नेपालगञ्जमा कार्यरत छन् ।[३२] हाल सङ्ग्रौला शिक्षण पेसाबाट अनिवार्य अवकास लिएर सुरुङ्गा ९ झापामा स्थायी बसोबास गर्दै आइरहेका छन् । उनका दुई दाजुहरू भने पुर्ख्यौली थलो तेरथुममा नै कृषि पेसा अबलम्बन गरी बसेका छन् ।[३३] उनकी ममतामयी माताको मृत्यु वि.सं. २०६३ साउन १५ गते भएको हो ।[३४] यी बाहेक उनको अन्य पारिवारिक वातावरण सुखद नै रहेको देखिन्छ ।

---

[२९] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[३०] ऐजन ।

[३१] छोरा मित्रप्रसादबाट प्राप्त जानकारी ।

[३२] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[३३] ऐजन ।

[३४] ऐजन ।

## २.५ व्रतबन्ध

गोपालप्रसाद सङ्ग्रौलाको उपनयन संस्कार १६ वर्षको उमेरमा वि.सं. २०१८ फागुन १६ गतेका दिन वैदिक विधिअनुरूप भएको थियो ।[३५] आफ्नै जन्मथलो तेरथुममा उपनयन संस्कार भएकाले उनलाई भानुभक्त मिश्रले गायत्री मन्त्र सुनाएका थिए ।[३६]

## २.६ विवाह र सन्तान

गोपालप्रसाद सङ्ग्रौलाको विवाह वि.सं. २०२७ फागुन १५ गते भएको हो । सङ्ग्रौलाको विवाह २५ वर्षको उमेरमा हिन्दू परम्पराअनुसार भएको हो ।[३७] आठराई सक्रान्तिबजार ६ का गोपीचन्द्र मैनालीकी छोरी लक्ष्मीदेवी मैनालीसँग उनको विवाह भएको हो ।[३८] उनका दुई छोरा र दुई छोरी गरी चार सन्तान रहेका छन् ।[३९] जेठो छोरा मित्रप्रसाद प्रणामी मा.वि. तेरथुममा शिक्षण पेसामा आबद्ध छन् । उनको जेठो छोरा अविवाहित छन् भने कान्छो छोरा माधवप्रसाद चाहिँ विवाहित छन् । उनको कान्छो छोरा भने प्रहरी सेवामा हाल नेपालगञ्जमा कार्यरत छन् ।[४०] जेठी छोरी शशीकला भने रमेशचन्द्र पौड्यालसँग विवाह गरी तनहुँ जिल्लामा बसोबास गरिरहेकी छन् । उनकी कान्छी छोरी सिजू सङ्ग्रौला चाहिँ टङ्कप्रसाद सिवाकोटीसँग विवाह गरी झापा जिल्लाको दमकमा बसोबास गरेकी छिन् ।[४१]

## २.७ बानीव्यवहार र रुचि

गोपालप्रसाद सङ्ग्रौला सानैदेखि सरल र मिजासिला स्वभावका थिए । अध्ययनमा ज्यादै रुचि राख्ने सङ्ग्रौला साहित्य लेखनमा पनि त्यत्तिकै ध्यान दिन्थे । सङ्ग्रौला सानैदेखि

[३५] ऐजन ।

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

अन्याय र शोषणका विरुद्धमा लागिरहन्थे ।[४२] घरपरिवारको सम्पूर्ण पारिवारिक जिम्मेवारी सङ्ग्रौला आफैँले सम्हालेको देखिन्छ । गोपालप्रसाद सङ्ग्रौला सरल, मिलनसार, संवेदनशील र सहयोगी भएका कारण उनका थुप्रै मित्रहरू रहेका छन् । कतिपय कुरामा उनी जिद्धी स्वभावका पनि देखिन्छन् ।[४३] एकान्तमा गुनगुनाइरहने प्रवृत्तिले गर्दा उनी एकान्तप्रेमी भएको पुष्टि हुन्छ । कल्पनाको सुरमा मग्न हुने सङ्ग्रौला एकान्तमा घरिघरि एक्लै मुस्कुराइरहेका देखिन्छन् ।[४४] सङ्ग्रौला आफ्ना साथीभाइहरूसँग साथै आफन्तसँग निकै ठट्टा गर्ने खालका छन् । आफू खुसी भएको बेलामा आफ्ना विद्यार्थीसँग पनि उनी त्यत्तिकै रमाइलो गर्न चाहन्थे ।[४५] *छोरीपट्टिका सम्धी आउँदा धानको भात बुहारी पट्टिका सम्धी आउँदा मकैको भात* भन्दै उनी साथीभाइ बीच ठट्यौलो  पारामा रमाइलो गर्छन् ।[४६]

'सादा जीवन उच्च विचार' को भावना बोकेका सङ्ग्रौलाको जीवन सरल र मिलनसार छ । उनी सधैँ अध्ययनशील र सिर्जनशील देखिन्छन् ।[४७] निम्नवर्गीय समजको उत्थानका लागि जीवन व्यतीत गर्नु नै उनको प्रमुख रुचि हो । खानेकुरामा विशेष प्रकारको खानाप्रति ध्यान नदिने सङ्ग्रौला जस्तोसुकै खाना भए पनि मीठो मानेर खाने गर्दछन् । बढी चर्को र पीरो खान मन पराउने सङ्ग्रौला माछा मासुका साथै दही, मही, घ्यू आदि जेसुकै खानेकुरा दिए पनि मीठो मानेर खाने गर्दछन् ।[४८] त्यस्तै गुन्द्रुक र ढिँडो खान मन पराउने सङ्ग्रौला गुन्द्रुक ढिंडो खान पाए के खोज्नु भन्दै ठट्यौलो गर्दै जस्तोसुकै नमीठो भए पनि मीठो रहेछ भन्दै खानेकुरा खाने  गर्दछन् ।[४९]

---

[४२] ऐजन ।

[४३] सोमनाथ खतिवडाबाट प्राप्त जानकारी ।

[४४] शोधार्थीको प्रत्यक्ष अनुभव ।

[४५] ऐजन ।

[४६] सुमन खतिवडाबाट प्राप्त जानकारी ।

[४७] ऐजन ।

[४८] श्रीमती लक्ष्मीदेवी सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[४९] ऐजन ।

सङ्ग्रौलालाई विशेष प्रकारको लुगा लगाउने सोख खासै रहेको देखिँदैन । उनी प्रायः सामान्य खालका सर्ट, पेन्ट, टोपी र जुत्ता लगाउने गर्दछन् ।[५०] प्रायः उनी उज्यालो रङका लुगा नलगाई कालो कालो रङका लुगा लगाउने गर्दछन् ।[५१] *राम्रो लगाएर हिँड्दैमा कसैले ठूलो मान्छे भन्छन् भन्ने छैन* भन्दै सामान्य लुगा र हात्तीछाप चप्पलमा पनि कतिपय ठाउँमा उनी हिडिरहेको पाइन्छ ।[५२]

## २.८ कार्य क्षेत्र

### २.८.१ शिक्षण सेवा

गोपालप्रसाद सङ्ग्रौला प्रवेशिका उत्तीर्ण गर्ने बित्तिकैदेखि शिक्षण पेसामा आबद्ध भएका थिए ।[५३] वि.सं. २०२३ मा प्रवेशिका उत्तीर्ण गरेपछि आफू प्रमाणपत्र तहमा अध्ययन गर्दागर्दै पोखरी मा.वि. छातेढुङ्गा तेरथुममा पढाउन थालेका हुन् ।[५४] आर्थिक स्थिति नाजुक भएका कारण उनले शिक्षण पेसा अवलम्बन गर्दै आफूले अध्ययन गर्नुपरेको थियो । प्रवेशिका सँगसँगै आरम्भ भएको उनको शिक्षण पेसा करिब ३७ वर्षको अवधिमा आएर टुङ्गिएको देखिन्छ ।[५५] उनले वि.सं. २०२३-२०४६ सम्मको समय पोखरी मा.वि. छातेढुङ्गामा पढाएका थिए । यस अवधिमा उनी पाँच वर्ष प्रधानाध्यापक भएका थिए ।[५६] विद्यालयमा उनी सबै विषय पढाउन तयार थिए तापनि मुख्यगरी नेपाली गणित, संस्कृत जस्ता विषयहरू पढाउँथे ।[५७] वि.सं. २०४७ मा पोखरी मा.वि. बाट उनको सरुवा तेरथुमकै गौखुरी उच्च मा.वि. मोराहाङमा भयो ।[५८] त्यसपछि उनले त्यस स्कुलमा वि.सं. २०४७-

---

[५०] शोधार्थीको प्रत्यक्ष अनुभव ।

[५१] ऐजन ।

[५२] ऐजन ।

[५३] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[५४] ऐजन ।

[५५] ऐजन ।

[५६] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[५७] ऐजन ।

[५८] ऐजन ।

२०५१ सम्म चार वर्ष शिक्षक भई कार्य गरे । यस विद्यालयबाट पनि उनको सरुवा प्रणामी मा.वि. इवामा भयो । त्यहाँ उनी वि.सं. २०५२-२०६० सम्म कार्यरत थिए । यो अवधि भने उनको शिक्षक व्यक्तित्व भन्दा पनि प्रशासक व्यक्तित्व प्रबल रूपमा देखा पर्न आउँछ ।[५९] २०५२-२०६२ को आठ वर्षको अवधिमा उनी प्रणामी मा.वि. तेरथुमका प्रधानाध्यापक भएका थिए ।[६०] गोपालप्रसाद सङ्ग्रौलाले वि.सं. २०६० पछि भने शिक्षण पेसाबाट निवृत्तिभरणमा अनिवार्य अवकास लिएका छन् ।[६१] यसरी उनको शिक्षण पेसाको अवधि करिब चार दशक देखिन आउँछ । यो अवधिमा उनले तीनवटा विद्यालयमा पढाएका थिए ।[६२] उनको ३७ वर्षे शिक्षक जीवनमा दुईपटक गरेर तेर वर्ष प्रधानाध्यापक भएको देखिन्छ । यसरी हेर्दा उनले शिक्षण गरेको विशुद्ध वर्ष २४ देखिन्छ ।

## २.८.२ सामाजिक तथा राजनैतिक कार्य

गोपालप्रसाद सङ्ग्रौला वि.सं. २०२७/२०२८ देखि राजनीतिमा संलग्न भए ।[६३] उनी वि.सं. २०३५ मा नेकपा (माले) सँग आबद्ध भएका थिए ।[६४] तत्कालीन समयमा विद्यमान श्रमको शोषण गर्ने, बेठी प्रथा, जारी प्रथा, छुवाछुतजस्ता सामाजिक कुरीतिको विरोध गर्ने क्रान्तिकारी स्वभावका कारण यिनी कम्युनिस्ट भएका थिए ।[६५] पञ्चायती शासनका विरुद्ध गरिएको आन्दोलनमा सङ्ग्रौला प्रत्यक्ष सहभागी भएका थिए ।[६६] तर अहिले सङ्ग्रौला आफूलाई स्वतन्त्र वामपन्थीका रूपमा चिनाउन मन पराउँछन् । समाजका लागि केही गर्न सके हुने भन्ने चिन्तन भएका सङ्ग्रौलाले आफ्नो गाउँघरमा कुनै सामाजिक कार्य गरे तापनि खासै उल्लेखनीय कार्य गरेको देखिँदैन ।

---

[५९] ऐजन ।

[६०] ऐजन ।

[६१] ऐजन ।

[६२] ऐजन ।

[६३] ऐजन ।

[६४] ऐजन ।

[६५] ऐजन ।

[६६] ऐजन ।

### २.८.३ संस्थागत संलग्नता

गोपालप्रसाद सङ्ग्रौलाले प्रगतिशील लेखकसङ्घ तेरथुम जिल्लाको सदस्य भएर कार्य गरेका थिए ।[६७] त्यस्तै प्रगतिशील लेखकसङ्घ झापाका सदस्यका रूपमा पनि उनी सम्लग्न देखिन्छन् । प्रगतिशील लेखकसङ्घ सल्लाहकार समिति तेरथुमको अध्यक्षका रूपमा पनि उनले कार्य गरेको पाइन्छ ।[६८] त्यस्तै उनी साहित्यसङ्गम साहित्यिक मञ्चका वि.सं. २०५७ देखि वर्तमानसम्म अध्यक्ष पदमा रहेर काम गरिरहेका छन् ।[६९] श्री कृष्ण प्रणामी सत्संग सेवा परिषद् झापाका संस्थापक सदस्यका रूपमा पनि सङ्ग्रौलाले कार्य गरेको देखिन्छ ।[७०]

## २.९ सम्मान तथा पुरस्कार

गोपालप्रसाद सङ्ग्रौलालाई हालसम्म कुनै पनि सङ्घसंस्थाबाट सम्मान र पुरस्कार प्रदान गरेको  देखिँदैन, तर उनी कक्षा ८ मा अध्ययनरत छँदा खेलेको नाटकबाट  रु ५० प्राप्त गरेका थिए ।[७१] सङ्ग्रौलाले नेपाली साहित्यमा गरेको योगदानअनुरूप उनको सम्मान तथा पुरस्कार भन्नु नै उनका थुप्रै चेलाहरू र असङ्ख्य पाठकहरू हुनु तथा नेपाली जनताले उनीप्रति गर्ने श्रद्धाभाव हो ।

## २.१० धारणा र मान्यता

आफ्नो जीवनभरि राजनीति ,साहित्य, समाजसेवा, शिक्षाजस्ता अनेक क्षेत्रमा सक्रिय सङ्ग्रौलाका सम्बद्ध हरेक क्षेत्रका बारेमा मौलिक धारणा एवम् मान्यता छन् । *साहित्यमा जीवन लेखिनुपर्छ, मजुदुरहरूका, दलितका, भरियाका जीवन लेखिनुपर्छ, सर्वसाधारण मान्छेका बारेमा पनि साहित्य लेखिनुपर्छ, जीवन भोगाइको चित्रण नै साहित्य हो*[७२] भन्ने साहित्यिक मान्यता गोपालप्रसाद सङ्ग्रौलाको रहेको छ ।

---

[६७] ऐजन ।

[६८] ऐजन ।

[६९] ऐजन ।

[७०] ऐजन ।

[७१] ऐजन ।

[७२] ऐजन ।

*समाजमा रहेको अशिक्षा, अन्धविश्वास, हत्याहिंसा, शोषण, दमन आदि कुराहरूको अन्त्य गरिनुपर्छ*[७३] भन्ने मान्यता राख्ने सङ्ग्रौला *मानव भएर जन्म लिइसकेपछि यस धर्तीमा मानवताको पहिचान दिन सक्नुपर्छ* [७४] भन्ने मान्यता राख्छन् । मार्क्सवादी चिन्तनबाट प्रभावित सङ्ग्रौला *जनस्तरका लागि साहित्य लेखिनुपर्छ*[७५] भन्ने धारणा व्यक्त गर्दछन् ।

## २.११ लेखन

### २.११.१ लेखनका लागि प्रेरणा र प्रभाव

साहित्यकर्म सङ्ग्रौलाको मुख्य रुचिको विषय हो । नेपाली साहित्यमा उनी भानुभक्त आचार्य र लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू साह्रै मन पराउँछन् ।[७६] उनको लेखनको मुख्य प्रेरणा स्रोतका रूपमा उनकी हजुरआमा भागीरथी सङ्ग्रौला रहेकी थिइन् ।[७७] सानैदेखि हजुरआमाका मुखबाट **गीता, महाभारत, रामायणको** श्लोक सुनेर कण्ठस्थ गरिसकेका सङ्ग्रौला तत्कालीन वातावरणबाट पनि लेखनमा प्रेरणा पाएको आत्मस्वीकार गर्छन् ।[७८] उनलाई रामप्रसाद मैनालीले पढ्न र लेख्नमा प्रेरणा प्रदान गरेका थिए ।[७९] पञ्चायतकालमा जनताका न्यूनतम् अधिकारहरू समेत खोसिएको देखेपछि त्यसैबाट प्रभावित भई उनले साहित्य लेखन आरम्भ गरेका थिए ।[८०] जनकप्रसाद हुमागाईंको किताब पढेपछि उनले पनि किताब लेख्नु र निकाल्नु पर्नेरहेछ भन्ने प्रेरणा प्राप्त गरी किताबहरू लेख्न र प्रकाशन गर्न थालेका हुन् [८१] उनको लेखनमा पूर्ववर्ती लेखकहरूको प्रभाव परेको पुष्टि घटराज भट्टराईले **हरिमाया**को भूमिकामा पूर्ववर्ती शोककाव्यकारको भाव कतैकतै कविले टिपेका छन् भनेबाट हुन्छ ।

---

[७३] ऐजन ।

[७४] ऐजन ।

[७५] ऐजन ।

[७६] ऐजन ।

[७७] ऐजन ।

[७८] ऐजन ।

[७९] ऐजन ।

[८०] ऐजन ।

[८१] ऐजन ।

### २.११.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

गोपालप्रसाद सङ्ग्रौलाको लेखन प्रारम्भ २१ वर्षे उमेरदेखि सुरु भएको हो ।[८२] यिनले आफ्नो लेखन प्रारम्भ कविताविधाबाट गरेका हुन् ।[८३] प्रवेशिकाको तयारीमा जुट्दै गर्दा उनले सर्वप्रथम **जन्मभूमि** (२०२३) शीर्षकको कविता लेखेको हुन् ।[८४] यसपछि **आमा, नेपाल आमा पोखरी, प्रीतिको गीत, म** आदि कविताहरू सङ्ग्रौलाले लेखेका थिए । उनको पहिलो प्रकाशित विधापनि कविता नै रहेको छ ।[८५] वि.सं. २०२३ मा दार्जिलिङबाट निस्कने **दियालो** पत्रिकामा **पोखरी** शीर्षकको कविता प्रकाशित गरी सङ्ग्रौलाले आफ्नो औपचारिक प्रकाशन यात्रा प्रारम्भ गरेका हुन् ।[८६] उनका प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार रहेका छन् :

१) **जनचेतनाका फिलुंगाहरू** (कविता सङ्ग्रह, २०४८)

२) **हरिमाया** (शोककाव्य, २०५४)

३) **विद्रोहको बाँसुरी** (खण्डकाव्य, २०६४)

यी बाहेक सङ्ग्रौलाका **पच्चीस फूल एक माला** (समालोचना सङ्ग्रह), **सहिदकी स्वास्नी** (कथासङ्ग्रह), **सपनीमा कहिले कहिले** (गजलसङ्ग्रह), **उन्नयन** (काव्य) जस्ता पुस्तकाकार कृतिहरू अप्रकाशित अवस्थामा रहेको जानकारी पाइन्छ ।

### २.११.३ प्रकाशित फुटकर लेखरचनाहरूको सूची

वि.सं. २०२३ सालदेखि लेखनकार्यलाई निरन्तरता दिदै आएका गोपालप्रसाद सङ्ग्रौलाका फुटकर लेखरचनाहरू बिभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ती लेखरचनाहरूको क्रमिक विवरण तल दिइएको छ :

---

[८२] ऐजन ।

[८३] ऐजन ।

[८४] ऐजन ।

[८५] ऐजन ।

[८६] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

| सि.नं. | शीर्षक | प्रकाशनस्रोत | विधा |
|---|---|---|---|
| १. | पोखरी | दियालो पत्रिका २०२३ | कविता |
| २. | आमाको वेदना | दियालो पत्रिका २०२४ | कथा |
| ३. | देवीप्रसाद बावासँग अन्तिम सात्क्षात्कार | कृति र स्मृति देवीप्रसाद उप्रेती | निबन्ध |
| ४. | सूर्यप्रसाद कन्दङ्वा एक अथक योद्धा | सूर्यप्रसाद स्मृति ग्रन्थ,२० | निबन्ध |
| ५. | कोसी किनाराका दीर्घ तपस्वी | नरेन्द्र चापागाईँ स्मृति ग्रन्थ, २० | निबन्ध |
| ६. | मेरो सूर्य : एक विहङ्गम दृष्टि | जनमत, पूर्णाङ्क :५६ मंसिर, २०५४ | समालोचना |

# तेस्रो परिच्छेद

# गोपालप्रसाद सङ्ग्रौलाको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व मानिसको पहिचान हो । कुनै व्यक्तिको  व्यक्तित्व नै उसका विशेषताको परिचायक हुन्छ । सामान्यतया व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य व्यक्तित्व व्यक्तित्वको रूप, रङ, आदिमा देख्न सकिन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिको स्वभाव, गुण, क्रियाकलाप आदिबाट थाहा पाउन सकिन्छ । यसरी बाह्य व्यक्तित्व शारीरिक बनोट, रूपरङ्ग आदिसँगै सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा विशेषतासँग सम्बन्धित हुन्छ ।

हालसम्म सङ्ग्रौलाले नेपाली साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यको समुन्नतिमा योगदान पुऱ्याएका छन् । शारीरिक बनौट र साहित्यिक सिर्जनकर्मका आधारमा उनको व्यक्तित्व बहुमुखी देखिन्छ । यिनै बहुमुखी व्यक्तित्वका विविध पक्षहरूलाई यहाँ चर्चा गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौलाको शारीरिक व्यक्तित्व मझौलो कदको देखिन्छ । उनी ५’५” उचाइ, गहुँगोरो वर्ण तथा ६५ किलो तौल भएका देखिन्छन् ।[८७] उनी अध्ययनशील र सिर्जनशील छन् । सानैदेखि सङ्घर्षशील सङ्ग्रौला निडर स्वभावका छन् ।[८८] मध्यमवर्गीय परिवारबाट उठेका सङ्ग्रौला क्रान्तिकारी , कर्तव्यनिष्ठ र स्पष्ट दृष्टि भएका व्यक्तित्वका रूपमा देखिन्छन् । उनी समाजमा हुने अन्याय र शोषणका विरुद्धमा खुलेर लाग्ने अग्रगामी व्यक्तित्व हुन् ।[८९] सङ्ग्रौला आफूलाई सामान्य सरल मान्छे भनेको मन पराउँछन् । साधारण

---

[८७] छोरा मित्रप्रसादबाट प्राप्त जानकारी ।


[८८] सोमनाथ खतिवडाबाट प्राप्त जानकारी ।

[८९] सुमन खतिवडाबाट प्राप्त जानकारी ।

जीवन र उच्च विचारको भावना राख्ने सङ्ग्रौला अरूबाट पनि त्यस्तै भनेको मन पराउँछन् ।[९०]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनजगतप्रत्तिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यी सम्पूर्ण कुराका आधारमा सङ्ग्रौला हालसम्म लेखन तथा अन्य विविध क्रियाकलापहरूमा संलग्न रहिआएकाले उनको व्यक्तित्व बहुआयामिक छ । उनी लेखनबाहेक विभिन्न सामाजिक साहित्यिक सङ्घसंस्थाहरूसँग आबद्ध भएका छन् । उनका यिनै बहुआयामिक व्यक्तित्वका विविध पक्षहरूलाई निम्नअनुसार अध्ययन गर्न सकिन्छ :




[९०] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौला आधुनिक नेपाली साहित्यका उल्लेखनीय साहित्यकार हुन् । उनले नेपाली साहित्यका कविता, कथा, निबन्ध, गजल, समालोचना आदि विधामा कलम चलाएको पाइन्छ । उनले यी विविध विधामा कलम चलाए तापनि उनको कविताविधा निकै उर्वर देखिन्छ । यिनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारहरूमा विभाजन गरी अध्ययन गरिन्छ :

#### ३.३.१.१ स्रष्टा व्यक्तित्व

सङ्ग्रौलाको लेखनयात्रा सर्वप्रथम कविताबाट प्रारम्भ भएको हो । त्यसपछि कथा, गजल, निबन्ध आदि विधाहरूमा पनि उनले कलम चलाएका छन् । सङ्ग्रौलाको स्रष्टा व्यक्तित्वलाई निम्नलिखित पाँच प्रकारमा विभाजन गरी अध्ययन गरिन्छ :

**१. कवि व्यक्तित्व**

गोपालप्रसाद सङ्ग्रौलाका साहित्यका विविध पाटाहरूमध्ये कवि व्यक्त्वि प्रमुख रहेको छ । उनको कविताविधा अन्य विधाका तुलनामा निकै उर्वर देखिन्छ । यिनले आफ्नो साहित्य लेखनको आरम्भ कविताविधाबाट नै प्रारम्भ गरेका हुन् र विशिष्टता पनि यसै विधामा प्राप्त गरेका छन् । उनले २१ वर्षको उमेरमा **जन्मभूमि** शीर्षकको कविता लेखेर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका छन् । यिनको पहिलो कविता दार्जिलिङबाट निस्कने **दियालो** पत्रिकामा वि.सं. २०२३ मा **पोखरी** प्रकाशित भएको थियो ।[९१] यिनका अन्य केही पत्रपत्रिकाहरूमा कविता प्रकाशित भए पनि यहाँ नामोल्लेख गर्न सकिएन । प्राप्त जानकारी अनुसार पुस्तकाकार रूपमा उनका तीनवटा प्रकाशित कृतिहरू रहेका छन्; ती हुन्–

- **जन-चेतनाका फिलुंगाहरू** (कवितासङ्ग्रह, २०४८)
- **हरिमाया** (शोककाव्य, २०५४)
- **विद्रोहको बाँसुरी** (खण्डकाव्य, २०६४)

---

[९१] ऐजन ।

सङ्ग्रौलाका कविताका विषयवस्तु सामाजिक जीवनका यावत् समस्याहरूलाई टिपेर बनाइएको छ । सामन्त तथा शोषक वर्गले गरिब तथा किसान वर्गहरूमाथि गरेका विविध खाले शोषणका प्रसङ्गहरूलाई **जन-चेतनाका फिलुंगाहरू** सङ्ग्रहमा सङ्गृहीत कविताले बोकेका छन् । विशेषगरी सहिदले देखाउन खोजेको बाटोमा नहिँडेका आम व्यक्तिहरूप्रति उनी चिन्तित छन् । **हरिमाया** शोककाव्यमा कविले आफ्नो साथीकी श्रीमतीको निधनमा उत्पन्न भावनालाई व्यक्त गरेका छन् । त्यस्तै गरेर **विद्रोहको बाँसुरी** खण्डकाव्यमा पनि एउटा शोषित वर्गले शोषक वर्गमाथि उठाएको आवाजको प्रसङ्ग साथै आमजनताले भोग्नुपरेका पीडा र समस्याहरूको उजागर गर्न खोजेको देखाइएको छ । यी प्रकाशित कृतिबाहेक अन्य उनका अप्रकाशित कृतिहरूमा पनि प्रगतिवादी विचारधारा रहेको पाइन्छ । सरल, सहज र कथ्यस्तरको भाषाप्रयोग गरिएका उनका कविताहरूमा प्रयुक्त बिम्ब एवम् प्रतीक पनि सहज, स्वभाविक हुनु उनको कवि व्यक्तित्वको वैशिष्ट्य मानिन्छ । समग्रमा भन्दा उपर्युक्त कविताहरू प्रगतिवादी विचारधाराकै साहित्यिक अभिव्यक्तिका रूपमा आएकाले उनी प्रगतिवादी कविका रूपमा देखापरेका छन् ।

### २. गीतकार व्यक्तित्व

सङ्ग्रौला मूलतः गीतकार होइनन् । उनका कतिपय गजलहरूलाई गीतका रूपमा गाउन सकिन्छ । उनको यो विधा अन्य विधाको तुलनामा एकदमै कम उर्वर देखिन्छ । **ढुक्थे बाटो हडबडी गरी** बोलको गीत सङ्ग्रौलाले लेखेका हुन् । यो गीतलाई भानुभक्त ओलीले सङ्गीत भरेर कञ्चनजङ्घा एफ्. एम्. मा गाएका थिए ।[९२]

### ३. गजलकार व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौलाको अर्को साहित्यिक व्यक्तित्व गजलकार व्यक्तित्व हो । उनले लेखेको पहिलो गजल **मनको बह** हो ।[९३] उनले धेरै गजलहरू लेखेका छन् तर प्रकाशित चाहि कुनै पनि भएका छैनन् । उनको **सपनीमा कहिले कहिले** गजलसङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । यसमा ६० ओटा गजलहरू सङ्गृहीत छन् ।[९४] उनका गजलहरू

---

[९२] ऐजन ।

[९३] ऐजन ।

[९४] ऐजन ।

विशेष गरेर माया प्रेममा आधारित छन् साथै समाजमा भएका विकृति विसङ्गति आदि कुराहरूलाई उनका गजलमा समेटिएको पाइन्छ ।

### ४. कथाकार व्यक्तित्व

सङ्ग्रौलाले लेखेको पहिलो कथा **आमाको वेदना** हो र प्रकाशनका दृष्टिले हेर्दा पनि यो नै पहिलो प्रकाशित कथा हो । उनको यो कथा दार्जिलिङबाट प्रकाशित हुने **दियालो** पत्रिकामा वि.सं. २०२४ सालमा प्रकाशित भएको पाइएको छ ।[९५] उनका कथाहरूमा नेपाली समाज र सन्दर्भहरूलाई विषय बनाइएको छ । हालसम्म उनको कुनै कथाकृति पुस्तकाकार रूपमा आउन नसके तापनि **सहिदकी स्वास्नी** शीर्षकको कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । यस सङ्ग्रहमा सहिदकी स्वास्नी, जागिर, पश्चाताप, गरिबकी छोरी, छोरीको बिहा, दोस्रो भूल, आमाको त्याग, तुहेको सपना, कारवाही, बलराम सर, मृगतृष्णा, बोक्सीको चर्तिकला, कस्तो शर्त ?, विहा, सुनको सिक्री, नौलो मान्छे, गरिबकी श्रीमती, वार्षिक कार्यतालिका, फूलमाला, तमोर किनारको अथक योद्धा, अँधेरी रातजस्ता कथाहरू रहेको पाइन्छ ।[९६]

खासगरी उनका कथाहरू मार्क्सवादी चिन्तनबाट प्रभावित भई लेखिएका छन् । सहिदले देखाएको बाटोमा हिँड्न र सहिदका परिवारले भोग्नु परेका पीडा कस्टादिलाई उनका कथामा विषय बनाइएको छ । सामाजिक यथार्थको चित्रण उनका कथामा पाउन सकिन्छ । गरिबीका कारण भोग्नुपरको पीडा, गाउँमा देखिएको धामी बोक्सी जस्ता अन्धपरम्परा, आर्थिक विपन्नताले निम्त्याएको समस्याको चित्रणजस्ता विशेषताहरू उनका कथामा रहेका छन् । यिनै विशेषताहरूबाट उनी सामाजिक यथार्थको चित्रण गरेर त्यसको कुकृत्यको विरोध गर्ने समाजवादी यथार्थवादी कथाकारका रूपमा देखापर्दछन् ।

### ५. निबन्धकार व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौलाले निबन्ध विधामा पनि कलम चलाएका छन् । उनका निबन्धहरू संस्मरणात्मक रहेका छन् । आफ्ना स्मृतिमा रहेका व्यक्तिहरूको स्मरण गरी

---

[९५] ऐजन ।

[९६] ऐजन ।

उनले निबन्ध लेखन गरेका छन् । उनका निबन्धहरू सङ्ग्रहका रूपमा नदेखिए तापनि फुटकर रूपमा प्रकाशित निबन्धात्मक लेखहरू निम्नलिखित छन् :

| शीर्षक | प्रकाशन स्रोत |
|---|---|
| देवीप्रसाद बाबासँग अन्तिम साक्षात्कार | कृति र स्मृति देवीप्रसाद उप्रेती |
| सूर्यप्रसाद कन्दङ्वा एक अथक योद्धा | सूर्यप्रसाद स्मृति ग्रन्थ |
| कोसी किनारका दीर्घ तपस्वी | नरेन्द्र चापागाईं स्मृति ग्रन्थ |

उपर्युक्त निबन्धहरूमा समसामयिक जनजीवनसँग गाँसिएका अनेक सन्दर्भ र प्रसङ्गलाई विषयवस्तुका रूपमा लिइएको छ । उनका केही निबन्धमा व्यक्तिलाई नायक बनाएर तिनैका सेरोफेरोमा भएका आफ्ना स्मृतिहरूलाई विषयवस्तु बनाएको पाइन्छ । ग्रामीण जनजीवनका समस्याहरू, आफ्नै गाउँघरभित्र रहेको आर्थिक अवस्थाको चित्रणजस्ता कुराहरूलाई उनका निबन्धमा विषयवस्तु बनाइएको छ ।

### ३.३.१.२ द्रष्टा व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौलाले साहित्य लेखनका साथसाथै समीक्षा समेत गरेका छन् । उनको द्रष्टा व्यक्तित्व सम्पादक व्यक्तित्वदेखि समालोचक व्यक्तित्वसम्म फैलिएको छ । उनको द्रष्टा व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार विभाजन गरी अध्ययन गरिन्छ :

**१. सम्पादक व्यक्तित्व**

सङ्ग्रौलाले पत्रिकाको सम्पादन गरेका छन् । उनले साहित्यसङ्गम तेरथुमको वि.सं. २०४७ देखि हालसम्म अध्यक्ष पदमा रहेर काम गरेका छन् । सोही साहित्यिक संस्थाद्वारा प्रकाशित **सङ्गमसुधा** पत्रिकाको सम्पादकको रूपमा सङ्ग्रौलाले कार्य गरेका छन् । यो पत्रिकाको विभिन्न अङ्कमा सम्पादकीय सङ्ग्रौलाले लेखेका छन् ।

**२. समालोचक व्यक्तित्व**

सङ्ग्रौलाको द्रष्टा व्यक्तित्वअन्तर्गतको सबैभन्दा उर्वर व्यक्तित्व सामालोचक व्यक्तित्व हो । सङ्ग्रहका रूपमा आउन नसके पनि छिटपुट रूपमा उनका समालोचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित समालोचना **मेरो सूर्य : एक विहङ्गम दृष्टि हो** ।[९७] उनको समालोचना सङ्ग्रहका रूपमा बीसओटा समालोचनाहरूलाई समेटिएको **पच्चीस फूल एक माला** शीर्षकको समालोचनासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[९८] त्यससङ्ग्रहमा सङ्गृहीत उनका समालोचनाहरू यसप्रकार रहेका छन् :

क) गजलकार खोलाघरे साहिँलो र उनको गजलकारिता

ख) नेपाली साहित्यमा हाँस्यव्यङ्ग्यको प्रयोग र घिमिरेका घामपानी एक अध्ययन

ग) कवि अधिकारीका काव्यप्रवृत्तिको अभिवीक्षण

घ) 'लिम्बूवान् आमा रोइरहेकी छिन' सङ्ग्रहको प्राप्ति

ङ) बालसाहित्य परिचय र देवीचरण भण्डारीको 'सानो भाई' सङ्क्षिप्त अवलोकन

च) कवि मनस्वी र 'आराध्य प्रणयनको' पर्यावलोकन

छ) कथाकार पागलको 'मङ्गलुकी कैली गाई' कथाको परिक्रमा

ज) स्टेथिस सागरदेखि हिमालयसम्म भित्रका ओली

झ) 'संवेदनाका नागबेलीहरू' का सृष्टिहरूप्रति विहङ्गम दृष्टि

ञ) 'मानवता र मुक्तिका कवि गोकुल जोशी' एक विश्लेषण

ट) 'नमेटिने पाइलाहरू' एक अनुशीलनात्मक निरूपण

ठ) उपन्यासकार तेराख र उनको सर्वजा

ड) गजल परिचय र रविमान लमजेलको आकाश चुम्ने रहरहरू : सङ्क्षिप्त अवलोकन

ढ) उपन्यासकार खरेलको 'दोसाँधको घाम'

ण) एकाङ्की परिचय र मैले भूल गरैं

---

[९७] जनमत, पूर्णाङ्क ५६, २०५४, मङ्सिर ।

[९८] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

त) कवि गोविन्द घिमिरेको 'नारी सन्देशको' सन्देश

थ) अच्युत घिमिरेको शिखर चढिरहेको मान्छे

द) सुनिता भट्टराई र उनको शोधपत्र

ध) महाकाव्य सन्दर्भ र 'महामानव' महाकाव्यको सङ्क्षिप्त सर्वेक्षण हुन् [९९]

समाजपरक जीवनीपरक, प्रभाववादी आदि समालोचना पद्धतिको अनुसरण गरी लेखिएका सङ्ग्रौलाका उपर्युक्त समालोचनात्मक वस्तुपरक र प्रभाववादी रहेका छन् ।

**३. भूमिका लेखक व्यक्तित्व**

सङ्ग्रौलाको द्रष्टा व्यक्तित्वअन्तर्गत भूमिका लेखक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । उनले राजेन्द्र सङ्ग्रौलाको **तुलेका पाइलाहरू र रोजगारको खोजीमा** शीर्षकको उपन्यासको भूमिका लेखिदिएका छन् । यी भूमिकामा उनले राजेन्द्र सङ्ग्रौलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वस्तुस्थितिबाट परिचित सचेत प्रगतिवादी उपन्यासकारका रूपमा मूल्याङ्कन गरेका छन् । सङ्ग्रौलाले डी.बी चौहानको **चेलीका आवाजहरू** कवितासङ्ग्रहको भूमिका पनि लेखिदिएका छन् । यस भूमिकामा सङ्ग्रौलाले महिलामाथि हुने गरेको शोषण दमन अन्याय-अत्याचारका विरोधमा आवाज उठाउने एक सफल सहयोगी साथै प्रगतिवादी कविका रूपमा डी.बी. चौहानलाई चिनाएका छन् ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

गोपालप्रसाद सङ्ग्रौलाको व्यक्तिको साहित्यिक क्षेत्रमा मात्र सीमित नरही साहित्येतर क्षेत्रमा पनि उर्वर देखिन्छ । यिनी राजनीतिक समाजसेवा, सङ्घसंस्था आदि विभिन्न क्षेत्रहरूमा संलग्न रहेका छन् । उनका साहित्येतर व्यक्तित्वका विविध पक्षहरूलाई यसप्रकार देखाइन्छ :

**१. राजनैतिक व्यक्तित्व**

सङ्ग्रौलाको साहित्येतर व्यक्तित्वअन्तर्गत पर्ने राजनैतिक व्यक्तित्व निकै उर्वर देखिन्छ । उनी राजनीतिमा वि.सं. २०३५ देखि संलग्न रहेको पाइन्छ । तत्कालीन समयमा उनी नेकपा (माले) सँग आबद्ध भएका थिए । पञ्चायती शासनका विरुद्ध गरिएको

---

[९९] गोपालप्रसाद सङ्ग्रौलाबाट शोधार्थीलाई प्राप्त पाण्डुलिपिअनुसार ।

आन्दोलनमा प्रत्यक्ष सहभागी सङ्ग्रौला वर्तमानमा भने आफूलाई स्वतन्त्र वामपन्थीका रूपमा चिनाउन मन पराउँछन् ।[१००]

### २. सङ्घसंस्थासँग आबद्ध व्यक्तित्व

मानिस समाज निरपेक्ष हुन सक्दैन । समाजका हरेक क्रियाकलापसँग ऊ प्रत्यक्षपरोक्ष ढङ्गले सम्बन्ध राख्दछ । गोपालप्रसाद सङ्ग्रौला पनि यो यथार्थबाट अछुतो छैनन् । उनी प्रगतिशील लेखकसङ्घ तेरथुम जिल्लाका सदस्य रहेका छन् । त्यस्तै उनी साहित्यसङ्गम साहित्यिक मञ्चका वि.सं. २०५७ देखि वर्तमानसम्म अध्यक्ष पदमा रहेका छन् ।

### ३. शिक्षक व्यक्तित्व

सङ्ग्रौलाको साहित्येतर व्यक्तित्वमा सबैभन्दा फस्टाएको व्यक्तित्व शिक्षक व्यक्तित्व हो । उनी वि.सं. २०२३ मा प्रवेशिका उत्तीर्ण गरेपछि शिक्षण पेसामा आबद्ध भएको देखिन्छ । सङ्ग्रौला सरका नामले विद्यार्थीहरू माझ परिचित गोपालप्रसाद विद्यालयमा अङ्ग्रेजी, नेपाली, गणित, संस्कृत विषयहरू अध्यापन गराउँथे । उनी वि.सं. २०२३ -२०४६ सम्म पोखरी मा.वि. छातेढुङ्गामा कार्यरत थिए । यस अवधिमा उनी ५ वर्ष  प्रधानाध्यापक भएका थिए । वि.सं. २०४७-२०५१ सम्म भने उनी गौखुरी उच्च मा.वि. मोराहाङमा अध्यापनरत थिए । त्यसपछि भने वि.सं. २०५२-२०६० सम्म प्रणामी मा.वि. इवा तेरथुममा प्रधानाध्यापक भएर आफ्नो पेसालाई अगाडि बढाएको पाइन्छ । वि.सं. २०६० पछिको समय भने उनी शिक्षण पेसाबाट निवृत्तिभरणमा अनिवार्य अवकास लिएर बसेका छन् ।

### ४. प्रशासनिक व्यक्तित्व

शिक्षक व्यक्तित्वकै एक पाटाका रूपमा सङ्ग्रौलाको प्राशसनिक व्यक्तित्व पनि देखापर्दछ । उनले पोखरी मा.वि. छातेढुङ्गामा पाँच वर्ष प्रधानाध्यापक भएर विद्यालयीय प्रशासन चलाएका थिए । यस्तै गरी वि.सं. २०५२-२०६० को आठ वर्षे अवधिमा उनी प्रणामी मा.वि. इवा तेरथुममा प्रधानाध्यापक भएका थिए । उनको प्रशासन एकदमै पारदर्शी, सशक्त रहेको उनका सहकर्मी बताउँछन् ।[१०१]

---

[१००] गोपालप्रसाद सङ्ग्रौलाबाट प्राप्त जानकारी ।

[१०१] सोमनाथ खतिवडाबाट प्राप्त जानकारी ।

## ३.४ गोपालप्रसाद सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तः सम्बन्ध

कुनै पनि लेखनमा स्रष्टाको आफ्नो अनुभवहरू रहने नै गर्दछ । लेखकको जीवनी र व्यक्तित्वले उसको लेखनमा केही न केही रूपमा प्रभाव पारिरहेकै हुन्छ । गोपालप्रसाद सङ्ग्रौला सामान्य किसान परिवारमा जन्मिएर हुर्कनुको प्रभाव उनका कृतिहरूमा रहेकै छ । बालककालदेखि नै सामन्तहरूको दबदवामा हुर्कनुपरेकाले उनमा विद्रोही चेतना पलाएको देखिन्छ । तत्कालीन सामाजिक परिवेश र राज्यव्यवस्थाले उनको लेखनमा महत्त्वपूर्ण छाप छोडेको छ । पञ्चायती व्यवस्थाको क्रूरता, २०३६ सालको जनमत सङ्ग्रह, मार्क्सवादी चिन्तनको अध्ययनका साथै तत्कालीन सामन्ती परिवेश विरुद्धको आक्रोश र सङ्ग्रौलाको युवा चेतको उपज उनका कृतिहरूमा पाइएकाले उनको लेखन र व्यक्तित्वका बीचमा अन्तःसम्बन्ध पाइन्छ ।

गोपालप्रसाद सङ्ग्रौला लामो समयसम्म शिक्षण पेसामा आबद्ध भएका थिए । यो शैक्षणिक अवधिमा उनको लेखनमा निकै तीब्रता आयो र लेखन सहजसमेत बन्न पुग्यो । पारिवारिक आर्थिक पीडाको शमन गर्न शिक्षण पेसाले मद्दत गरेपछि उनको लेखनमा सहजता आएको देखिन्छ । उनी ज्यादै भावुक व्यक्ति हुनुको प्रमाण **हरिमाया** शोककाव्यले पुष्टि गर्छ । बालसखाकी श्रीमतीको निधनमा उनले आफ्नो उद्वेलित भावनालाई उक्त काव्यमा प्रस्तुत गरेका छन् ।

६ दशक लामो जीवन भोगाइका क्रममा अनुभव गरेका सरल तथा जटिल परिस्थितिहरूले उनलाई एउटा निश्चित मार्गदर्शन गर्दै लगेको कुरा उनको जीवनीबाट स्पष्ट हुन्छ । सङ्ग्रौलाले आफूले भोगेको समसामयिक राजनैतिक घटनाक्रमलाई समातेर कतिपय कविताहरू सिर्जना गरेका छन् । २०४६ सालको आन्दोलनपश्चात् आन्दोलनका सहिदहरूप्रति सरकारले गरेको वेवास्ताको यथार्थ प्रस्तुति उनले आफ्ना कविताहरूमा देखाएका छन् । त्यस्तै समाजमा हुने गरेको अन्याय, अत्याचार, शोसक वर्गले शोषित वर्गमाथि गर्ने गरेका क्रुर व्यवहार, जातीय छुवाछुत आदि जस्ता कुराहरूलाई आफ्ना कृतिको विषयवस्तु बनाएको पाइन्छ । यसबाट सङ्ग्रौलाले अनुभव गरेका घटनाहरू नै विषयवस्तुका रूपमा उपस्थित भएको पुष्टि हुन्छ । साहित्येतर व्यक्तित्वमा सङ्ग्रौलाको शिक्षक व्यक्तित्व निकै उर्वर देखिन्छ ।

यसरी सङ्ग्रौलाको जीवनी, व्यक्तित्व र साहित्य लेखनका बीच एकअर्काको प्रभाव र अन्तःसम्बन्ध स्पष्ट रूपमा रहेको देखिन्छ ।

# चौँथो परिच्छेद

# गोपालप्रसाद सङ्ग्रौलाका साहित्यिक कृतिहरूको विश्लेषण

## ४.१ पृष्ठभूमि

गोपालप्रसाद सङ्ग्रौला आधुनिक नेपाली साहित्यका सशक्त प्रतिभा हुन् । उनी प्रगतिवादी धारमा रहेर लेखन कार्य गर्दछन् । उनले नेपाली साहित्यका कविता, कथा, समालोचना, निबन्ध आदि विधामा कलम चलाएका छन् । उनी विशेषतः कविका रूपमा उल्लेखनीय छन् । यस परिच्छेदमा उनका साहित्यिक कृतिहरूको विवेचना गरिएको छ ।

## ४.२ जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१ परिचय

गोपालप्रसाद सङ्ग्रौलाको **जन-चेतनाका फिलुंगाहरू** (कवितासङ्ग्रह,२०४८) पहिलो प्रकाशित पुस्तककार कृति हो । यसमा २०२३-२०४६ सम्म लेखिएका कविताहरू सङ्गृहीत छन् । सङ्ग्रौलाको प्रस्तुत **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहको कृतिगत पूर्ण आयाम ८० पृष्ठको रहेको छ । मझौला आकारको प्रस्तुत कृति ५९ पृष्ठमा संरचित छ । यसको मुख आवरणमा **जन-चेतनाका फिलुंगाहरू** (कविता संगालो) भनी नामकरण गरिएको छ र पृष्ठभूमिमा बलिरहेको **दियो**को चित्र रहेको छ । दोस्रो आवरण पृष्ठमा कृतिको नाम र लेखकको नाम उल्लेख गरिएको छ । यो कवितासङ्ग्रहको प्रकाशक सुश्री सिजू सङ्ग्रौला रहेकी छन् । लेखकले यो कृति आफ्ना पिता र माताका नाममा समर्पण गरी उनीहरूको नाम उल्लेख गर्दै चार हरफको एक श्लोक हुने दस श्लोकको शीर्षकबिहीन कविता लेखेका छन् ।

**आफ्नै कविता सरोबरमा डुबुल्कि मार्दा** शीर्षकको भूमिकामा सङ्ग्रौलाले नेपाली समाज र जनतालाई नै स्रोत बनाई कविता लेखेको कुरा उल्लेख गरेका छन् । **जन-चेतनाका फिलुंगाहरू** सरसरती हेर्दा शीर्षकमा रविमान लमजेलले यस सङ्ग्रहको भूमिका लेखेका छन् । यस भूमिकामा सङ्ग्रौलालाई जीवन र जगतप्रति समर्पित सहिदहरूको सपना र हेपिएका नारीहरूलाई अन्याय अत्याचारका विरुद्ध एकजुट हुन आग्रह गर्ने कविका

रूपमा चिनाएका छन् । यस सङ्ग्रहको पछिल्लो आवरण पृष्ठमा कविको परिचय शीर्षकमा गोपालप्रसाद सङ्ग्रौलाको वैयक्तिक विवरण प्रस्तुत गरिएको छ भने यसैको पुछारमा नारायण गौतमद्वारा गोपालप्रसाद सङ्ग्रौलाका कविताको सङ्क्षिप्त टिप्पणी गरिएको छ । यस सङ्ग्रहमा छन्दोबद्ध पद्यात्मक २९ ओटा कविताहरू सङ्गृहीत छन् ।

### ४.२.२ जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहका कविताहरूको मूलभाव

गोपालप्रसाद सङ्ग्रौलाद्वारा लिखित **जन-चेतनाका फिलुंगाहरू** (२०४८) कवितासङ्ग्रहभित्र रहेका कविताहरूको शीर्षक र मूलभावलाई यसरी प्रस्तुत गरिएको छ ।

| क.स | शीर्षक | मूलभाव |
|---|---|---|
| १ | शहीदको शब | सहिदहरूले क्रान्तिको बीजारोपण गरे पनि उनीहरूको सपनालाई पूरा नगरिदिएकोमा चिन्ता व्यक्त गर्दै कविले सहिद त भोका नाङ्गा, असहाय र सम्पूर्ण क्रान्ति प्रेमीका जनक भएको कुरा उल्लेख गर्दै सहिदका रगतको छिटाछिटाबाट क्रान्तिकारी योद्धाहरूको जन्म हुने कुरा उल्लेख गरेका छन् । सहिदको रगत र पसिनाको साटोमा आफूले वेदना सिवाय अरू केही दिन नसकेको विचार व्यक्त गरिएको छ । |
| २ | प्रीतिको गीत | प्रेमीप्रेमिका बीचको आत्मिक प्रेमको वर्णन गर्दै माया लाउने समय आइसकेको प्रेमिकाको उद्गारपश्चात् प्रेमीले बाटो ढुकेर बसेको वर्णन छ । साथै नराम्रो वस्तु भनी सानैमा त्यसको हत्या नगर्न र पृथ्वीमा दुष्टको अन्याय सहन गरेर बाँच्न आग्रह गरिएको छ । |
| ३ | राहत कार्य ! | यस कवितामा २०४५ साल भदौ ५ गते गएको भूकम्पका पीडितहरूको चित्कार प्रस्तुत गरिएको छ । यहाँ भूकम्पबाट पीडित सर्वसाधारणका नाममा देशविदेशबाट विविध प्रकारका सहयोग भएको र रेडियोबाट समेत राहत कार्य |

| | | |
|---|---|---|
| | | वितरण भइसकेको घोषणा भए पनि सम्बन्धित पीडितहरूलाई राहत दिनुको सट्टा पञ्चेहरूले भूकम्प पीडितको सिफारिस मागेको यथार्थको चित्रण छ । |
| ४ | शहीदकी श्रीमती | प्रस्तुत कवितामा अधवैंसे उमेरमै सहिदका श्रीमतीले आफ्ना सारा इच्छाहरूलाई त्याग्नु परेको र रातो टीकाको साटो रातो रगतले सिउँदो रङ्ग्याउनु परेको वास्तविकताको चित्रण छ साथै सहिदका श्रीमती राष्ट्रका निम्ति अमर रहने तथ्य उल्लेख छ । |
| ५ | केवल स्मृति ! शहीदलाई | सामन्ती संस्कारयुक्त नेपाली समाजमा सहिदले ज्यान बाजीमा राखेर क्रान्तिको बिगुल फुकेका छन् र सामन्तका विरुद्धमा क्रान्तिको राँको बालेका छन् । सहिदले देखाएको बाटोमा हिँड्ने इच्छा प्रकट गर्दै सहिदहरूको स्मरण यस कवितामा गरिएको छ । |
| ६. | महिला मुक्ति | विवेच्य कवितामा आधा आकाश ढाकेका महिलाहरू विविध नाममा शोषित भइरहेकाले यसका विरुद्धमा क्रान्ति गर्न आग्रह गरिएको छ । सामान्य घरायसी व्यवहारदेखि युद्धसम्मका कार्यहरूमा महिलाको सहभागिता अपरिहार्य रहेको ठहर गर्दै महिलालाई समान सम्पत्ति र अधिकार नदिएकाले मुक्तिका निम्ति सङ्घर्ष गर्न आह्वान गरिएको छ । |
| ७. | त्यो गाउँ | नेपालको कुनै एउटा गाउँमा सामन्तहरूले गाउँलेका धनदौलत छोरीचेलीमथि मनपरी गर्छन् र गाउँलेका खुसी खोसेर गाउँलेकै रगतमा होली खेल्छन् । यस्ता प्रवृत्तिका विरुद्ध त्यस गाउँका गाउँलेहरू विद्रोह गरी सफलता पाउँछन् । प्रस्तुत कवितामा नेपाल भरिनै सामन्तहरू भएको र तिनका विरुद्धमा उत्रन सबै गाउँलेलाई आह्वान |

| | | |
|---|---|---|
| | | गरिएको छ । |
| ८. | झुल्क्यो रक्तिम सूर्य | यस कवितामा सामन्तहरूले दिनरात जतिखेर पनि आतङ्कित पार्ने र गोलीका भरमा हैकम चलाउने प्रवृत्तिको उल्लेख गर्दै नव वर्षको आगमनसँगै ती सामन्ती संस्कारको अन्त्य भएकाले फेरि त्यस्ता दिन देख्न नपरोस् भन्ने कविको भावना छ । साम्यवादी राष्ट्रको निर्माणका निम्ति लड्न आफू प्राणोत्सर्ग गर्न तयार रहेको विचार कविको छ । |
| ९. | मेरो देश | यस कवितामा आफ्नो देशप्रतिको कविको भावना व्यक्त छ । यो देश निर्माणका लागि पुर्खाहरूले महत्वपूर्ण योगदान दिएको स्मरण गर्दै नेपालका धार्मिक, प्राकृतिक सम्पदाहरूको वर्णन गरिएको छ । तीस वर्षसम्मको पञ्चायती व्यवस्थामा नेपालीहरू अन्धकारमय समय बिताउन बाध्य थिए तर जब सहिदको बलिदानीले प्रजातन्त्रको उदय भयो तत्पश्चात् भने राष्ट्रमा सूर्यको लालीमा छाएको विचार कवितामा व्यक्त छ । |
| १०. | देश घाइते भो ! | यस कवितामा सुगौली सन्धिले नेपालको सीमाना खुम्च्याएको प्रति आक्रोश व्यक्त गरिएको छ । नेपाली पूर्वजहरूले निश्चित सेनाहरूका साथ अङ्ग्रेजसँगको युद्ध लडे पनि सुगौलीसन्धिपश्चात् नेपालको सीमा साँघुरिएकोमा चिन्ता व्यक्त गरिएको छ । |
| ११. | पोखरी | प्रस्तुत कवितामा कविले आफ्नो जन्मस्थलप्रतिको माया व्यक्त गरेका छन् । पोखरी रमणीय प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएको तथा उनलाई कुनै स्वर्गीय प्राप्तिभन्दा आफ्नै परिवेश मन परेको कुरा कवितामा व्यक्त छ । |

| | | |
|---|---|---|
| १२. | त्यो वीर बालक जस्तै | यस कवितामा पञ्चायती शासन व्यवस्थाका विरुद्ध बोल्ने विद्यार्थीलाई हत्या गरिएको प्रसङ्ग उल्लेख छ । फासिष्ट पञ्चेहरूका विरुद्धमा आफ्नो आवाज बुलन्द गरेको निहुँमा हत्या गरिएको बालक विद्यार्थी भोका, नाङ्गा र समग्र गरिबहरूको साथी भएको कुरा उल्लेख छ । पञ्चायती व्यवस्थाका विरुद्ध र जनमुक्तिका निम्ति लड्न आह्वान् गरिएको छ । |
| १३. | भारतलाई चुनौती | प्रस्तुत कवितामा भारतले नेपाललाई लगाएको आर्थिक नाकाबन्दीको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । भारत स्वतन्त्रताका निम्ति नेपालीहरूले पनि ज्यान गुमाएको र श्रीलङ्कासम्म पुगी नेपालीले भारतका पक्षमा लडाइँ गरेको तर अहिले नेपाललाई भारतले अतिआवश्यकीय वस्तुहरूमा नाकाबन्दी गरेकामा आक्रोश व्यक्त गरिएको छ । |
| १४. | पराले छाप्रो | यस कवितामा कथित शासकहरूद्वारा जग्गाजमिन विहीन गरिबहरूले खोलाको बगरमा बसाएको सुकुम्वासीबस्तीमा गरेको आगजनी, थिचोमिचो र दुर्व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । विश्वमा धेरै मान्छेहरू छाप्राकै बासिन्दा भएकाले गरिबको शासन स्थापित गर्न अर्को अक्टोवर क्रान्तिको आह्वान गर्दै अन्यायका विरुद्धमा लड्न नवयौवनहरूलाई लालउषा भएर उठ्न आग्रह गरिएको छ । |
| १५. | म | यस कवितामा कविले 'म' पात्रका रूपमा आफूलाई उभ्याएर आफू वर्षा, लालसूर्य, ज्वालामुखी, दधिचीको हड्डी भएको दाबी गरेका छन् । कविले आफू अन्नवाली बढाउने वर्षा र सामन्तविरुद्ध लड्ने धारिलो तरवारका रूपमा रहेको कुरा कवितामार्फत् व्यक्त गरेका छन् । यसरी कविले अन्याय र शोषणका विरुद्धमा लड्ने यौटा योद्धाका रूपमा |

| | | |
|---|---|---|
| | | आफूलाई परिचित गराउने खोजेका छन् । |
| १६. | भूसको आगो | प्रस्तुत कवितामा आफ्ना घाम, जून जस्ता चारजना केटाकेटी प्रकृतिमा रमाएको तथा बाबुले भने कर्तव्य निर्वाह गर्नको साटो मदिरापान गरी आएको उल्लेख छ । आफ्ना बच्चाहरूलाई भोका नाङ्गाको पक्षमा लाग्न प्रेरित गरिएको छ । उखु काटेर रस नघट्ने, दबाएर मन्छेको इच्छा नदबिने, फूल झरे पनि बास्ने नझर्ने, ज्वाला निभेपनि भूसको आगो ननिभ्ने दृष्टान्त दिँदै क्रान्ति कहिल्यै नकोरिने प्रति इङ्गित गरिएको छ । |
| १७. | उन्मुक्त नेपाल | यस कवितामा अनेकौं जालझेल, षड्यन्त्र र दुःख कष्ट खेपेर पनि पुर्खाले आर्जेको मुलुक नेपाल उन्मुक्त रहेको कुरा कविले बताएका छन् । यो मुलुकलाई उन्मुक्त बनाउन थुप्रै वीरवीरङ्गनाहरूको बैंसालु शवलाई यस धर्तिमा रोपिएको र तिनैका रक्तले नेपाल धरती रङ्गिएको तथ्य कवितामा उद्घाटित छ । यसरी हजारौँ  सपुतहरूको बलिदानीबाट निर्मित नेपाल कसैको अधीनमा नरही उन्मुक्त रहेको कविको ठहर छ । |
| १८. | एक भई उठ | यस कवितामा देशलाई बलिदान दिने सहिदहरूको सपना साकार पार्न साथै शोषकले शोषितमाथि गरको दमनको विरुद्ध शिक्षक, विद्यार्थी, श्रमिक, कृषक, भरिया, डकर्मी आदि सम्पूर्ण जनतालाई एक भएर उठ्न आग्रह गरिएको छ । सहिदहरूको सपना हामीले साकार पार्न सक्नुपर्दछ र देशमा शान्ति ल्याउन सक्नुपर्छ भन्दै सम्पूर्ण देशवाशीमा एकताको चाहना व्यक्त गरिएको छ । |
| १९. | जेलबाट पठाइएको | प्रस्तुत कवितामा सामन्तका विरुद्ध लड्दा जेल परेका युवाहरूले पञ्चायती शासन विरुद्ध लड्नु पर्ने नत्र अनेक |

| | | |
|---|---|---|
| | सन्देश | वाहनामा मण्डलेहरू उठ्न सक्ने कुरालाई चिठी मार्फत् व्यक्त गरेका छन् । निरङ्कुश शासनका विरुद्ध लडेका सहिदहरूप्रति जनवादीय अभिवादन प्रकट गरिएको छ । |
| २०. | पुनः लड्नु पर्छ | यस कतितामा शोषकहरू अनेक वाहनामा षड्यन्त्र बुनिरहेको र अधिकार मागेर नपाइने भएकाले लड्न पर्ने तथ्यको उद्घाटन गरिएको छ । प्रजातन्त्रको प्राप्ति पश्चात् देशमा परिवर्तनको अपेक्षा गरिए तापनि सामन्तीहरूको राज अझै चलिरहेको तथा छोरीचेलीहरू वेश्यालयमा पुगिरहेको यथार्थ वर्णन गर्दै यी सबैका विरुद्ध लड्न आग्रह गरिएको छ । |
| २१. | रगतको सन्देश शहीदलाई | प्रस्तुत कवितामा कविले सोझानिमुखा जनताका मुक्तिका निम्ति आफ्ना प्राणोत्सर्ग गरेको तर सहिदको सपनाअनुरूप काम नभएको कुरा व्यक्त गरेका छन् । जुन दिन जनताले मुक्तिको सास फेर्नेछन् । उक्त दिन कविले रगतले विजय सन्देश लेखी सहिदलाई पठाउने प्रण गरेका छन् । |
| २२. | शहीदलाई श्रद्धाञ्जली अर्पण | यस कवितामा कविले देश र जनताका निम्ति प्राणाहुति गर्ने सहिदहरू प्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । सहिदले देखाएको बोटोमा युवाहरू हिँड्ने र नौलानौला सिर्जनाहरू गरी धरती सुन्दर बनाउने इच्छा भएकाले सहिदलाई कुनै चिन्ता नलिन कविको आग्रह छ । |
| २३. | विदेशबाट | यस कवितामा आर्थिक अवस्थाबाट पिरोलिएर साथै साहुको ऋण चुक्ता गर्न नसक्दा छट्पटिएको युवक आफ्नो घर परिवार साथै प्यारो देश नेपाल छाडी विदेसिन बाध्य भएको प्रसङ्ग देखाइएको छ । अर्काको नोकर बनेर दिनरात आँसू बगाउँदै गर्नुपर्ने कामभन्दा त बरु आफ्नै देशमा बसेर गुन्द्रुक र भुटेका मकै खाएर बस्न जाति भन्दै कविले |

| | | |
|---|---|---|
| | | बिदेसीको दुःखलाई आफ्नो दुःख सम्भदै कसैले पनि विदेसिनु नपरोस् भन्ने विचार व्यक्त गरेका छन् । |
| २४. | भुटानी जनता प्रति | भूटानी जनता प्रति कवितामा आफ्नो देशबाट खेदिएर शरणार्थी जीवन बिताउन बाध्य जनताहरूलाई क्रान्तिबाट पछि नहट्न आग्रह गरिएको छ । निरङ्कुश शासनको अवश्य पनि अन्त्य हुने र विजय भन्डा भुटानी जनताले फहराउने कुरामा आफू विश्वस्त रहेको कविको आग्रह छ । |
| २५. | सपनाकी सुन्दरीसँग | यस कवितामा नेपालमा प्रजातन्त्रप्राप्ति पश्चात् नौलो बिहानी आएको उल्लेख गरिएको छ । पञ्चायती शासन व्यवस्थामा जनताका न्यूनतम् अधिकारहरू खोसिएको तर प्रजातन्त्र आएपछि ती पुनः प्राप्ति भएको कुरा उल्लेख गरिएको छ । |
| २६. | अँध्यारो सूर्य | अँध्यारो सूर्य कवितामा सामन्तहरूले मात्र यो पृथ्वी भोग गर्ने तथा सोझा जनता तिनका कठपुतली बन्नु पर्ने वाध्यताप्रति कविको पुराना अस्तित्वको अन्त्य गरी विद्रोहको बीजारोपण गर्न आग्रह छ । |
| २७. | खाडीको युद्ध टुङ्ग्याऊ | प्रस्तुत कवितामा खाडी मुलुकहरूलाई युद्ध नगर्न आग्रह गरिएको छ । खाडीको युद्धले तेस्रो विश्वयुद्ध जन्माउने र मान्छेको मानवता हराउने भएकाले युद्ध नगरी विश्ववन्धुत्व र भाइचाराको सम्बन्ध कायम गर्न आग्रह गरिएको छ । |
| २८. | इच्छा | प्रस्तुत कवितामा शैतानहरूले सोझा जनताहरूलाई शोषण गरिरहेका छन् । यस शोषणको अन्त्येष्टि नगरुन्जेल देशमा शान्ति नआउने र सर्वसाधारणले सन्तोषको सास फेर्न नपाउने भएकाले रक्तरञ्जित हँसिया हतौडा अङ्कित भन्डामुनि गोलबद्ध भई मुक्तिका निम्ति ज्वालामुखी भएर पड्कने इच्छा व्यक्त गरिएको छ । |

| | | |
|---|---|---|
| २९. | जीवनै गर्छु अर्पण | यस कवितामा दुष्टहरूको सामना गर्न सहिद बन्न पनि पछि नहट्न भनिएको छ । साथै कवितामा देशप्रेमका भावनाहरू व्यक्त गर्दै यदि देश मुक्तिका निम्ति आफ्नो रगतको खाँचो परेमा पनि बलिदानी दिने विचार अभिव्यक्त गरिएको छ । देशलाई सङ्कटबाट जोगाउन शत्रुका टाउकाको माला लगाउन  पनि तयार हुनुपर्ने कविताको आशय छ । |

### ४.२.३ विषयवस्तुका आधारमा जन-चेतनाका फिलुंगाहरू कवितासङ्ग्रहका कविताहरूको वर्गीकरण

**जन-चेतनाका फिलुंगाहरू**मा सामाजिक यथार्थ, सहिदसँग सम्बन्धित, प्रगतिवादी चिन्तन, प्रेमपरक विषयवस्तु, प्रकृति चित्रण, राष्ट्रप्रेम आदि जस्ता विषयवस्तुलाई लिएर लेखिएका कविताहरू छन् । उनका कविताहरूमा सामन्तले गरिब जनताप्रति गरेको शोषण, शासक र शोषितबीचको वर्गसङ्घर्षजस्ता विषय र प्रसङ्गहरू आएका छन् । सहिद र तिनका परिवारको गुनासो, सहिदले देखाएको बाटोमा लाग्न युवावर्गलाई अनुरोध, साम्यवादी चिन्तन सङ्ग्रौलाका कवितामा पाइने मूल वैशिष्ट्य हो । **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहका कविताहरूको विषयवस्तुका आधारमा निम्नअनुसार वर्गीकरण गरिएको छ :

#### ४.२.३.१ सहिदसँग सम्बन्धित कविताहरू

प्रस्तुत सङ्ग्रहमा सहिदसँग सम्बन्धित विषय भएका कविताहरूको बाहुल्य रहेको देखिन्छ । सहिदसँग असम्बन्धित कविताहरूमा पनि कुनै न कुनै प्रसङ्गमा सहिदको बारेमा उल्लेख भेटिन्छ । यस सङ्ग्रहमा रहेका सहिद सम्बद्ध कविताहरू **शहीदको शव, शहीदकी श्रीमती, केवल स्मृति शहीदलाई, त्यो वीर वालक जस्तै, रगतको सन्देश शहीदलाई, शहिदलाई श्रद्धाञ्जली अपर्ण** हुन् । निरङ्कुश तानाशाहका विरुद्धमा लागेकाले सहिदलाई फाँसी दिइएको यथार्थ चित्रण गरिएको छ । सहिदलाई भोका नाङ्गा गरिबहरूको साथीका रूपमा **शहीदको शव** शीर्षकको कवितामा व्यक्त गरिएको छ । क्रान्तिको बिउ रोप्ने तथा

सामन्तका विरुद्धमा राँको बालेर लाग्ने सहिदको सम्मानमा कवितामा आफ्नो ज्यान सहिदकै मार्गदर्शनमा समर्पण गर्ने विचार व्यक्त गरिएको छ । सहिदको वर्णनका क्रममा कवितामा व्यक्त एक पद्यांश :

*जसले रोप्यो मल जल गर्‍यो क्रान्तिको सौम्य बीऊ*

*बन्दुकैको विकट मुखमा नित्य राखेर जीऊ*

*बाँझो जोती समथर गरी घाँस बुटा उखेली*

*संकष्टैमा किरण मनका वेदनामा संगाली ।*

(केवल स्मृति शहीदलाई, पृ. ८)

सङ्ग्रौलाले फासिष्ट पञ्चहरूको विरुद्धमा बोल्दा हत्या गरिएको विद्यार्थीका विषयलाई लिएर लेखिएको कवितामा भोका र नाङ्गाको मुक्तिका निम्ति, स्वतन्त्र राष्ट्रका निम्ति र जनमुक्तिका निम्ति लड्न आग्रह गरिएको छ । असहायको सहारा र राष्ट्रको मुक्तिदाता सहिदले देखाएको बाटोमा आजका मान्छेहरू नहिँडेकोमा सहिदको मन खिन्न रहेको छ । निमुखा वर्गको सपना अवश्य साकार हुने अपेक्षा गर्दै कवितामा सहिदलाई रगतको विजय सन्देश पठाइने कुराको उल्लेख गरिएको छ । सिन्दूरका ठाउँमा रगतले सिउँदो पोतेर सहिदको बलिदानीमा साथ दिने सहिदकी श्रीमतीप्रति पनि कवितामा श्रद्धा प्रकट गरिएको छ । **जन-चेतनाका फिलुंगाहरू**का कवितामा सहिदको प्रसङ्ग यथेष्ट पाइन्छ । क्रान्तिधर्मी राष्ट्रप्रेम अभिव्यक्त कविताहरूमा सहिदले विशेष स्थान पाएको छ । सहिदको मार्गदर्शनलाई पछ्याएर तमाम गरिबको मुक्ति गर्न सफल भएमा सहिदलाई शान्ति मिल्ने विचार व्यक्त गरिएको छ ।

### ४.२.३.२ क्रान्तिसँग सम्बद्ध विषय भएका कविताहरू

गोपालप्रसाद सङ्ग्रौलाका कवितामा क्रान्तिधर्मी चेत पाइन्छ । उनका कवितासङ्ग्रहमा क्रान्तिसँग सम्बद्ध कविताहरू **महिलामुक्ति, भारतलाई चुनौती, खाडीको युद्ध टुङ्ग्याऊ** आदि रहेका छन् । सङ्ग्रौलाका कवितामा देश र जनताका मुक्तिका निम्ति क्रान्ति गर्न आग्रह गरिएको छ । पञ्चायती शासन व्यवस्थामा मान्छेका न्यूनतम मूल्य र अधिकारहरू खोसिएको थियो । गुमेको मानवीय स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष गर्न

आग्रह गरिएको छ । सृष्टिदेखि सम्पूर्ण व्यवहारहरू महिलाले नै गर्नुपर्ने तर अधिकार भने पुरुषवादी समाजले नदिएका प्रति कवितामा यसरी आक्रोश व्यक्त गरिएको छ :

*पसिना-रगत बगाई लड्यौ त्यो जनयुद्धमा*

*हत्या र दमन यातना सह्यौ जनताको निम्तिमा*

*च्यातेर कालो संविधान नौलो लेखायौँ हामीले*

*अन्याय कस्तो धनको हक नपाउनु तिमीले ।*

(महिला मुक्ति, पृ.११)

प्रजातन्त्र प्राप्तिपूर्व नेपाली जनताले अनेक कष्ट खेपेका छन् । नौलो बिहानीको परिकल्पना गर्दै नेपाली जनताले २०३६, २०४६ सालमा आन्दोलन गरे तापनि प्रजातन्त्र हुँदै खाने वर्गका लागि नआएको प्रति पनि कवितामा आक्रोश व्यक्त गरिएको छ । नेपाली समाजमा सामन्तहरूको बिगबिगी रहेकाले अझै पनि सन्तोषको सास फेर्न नसकिरहेका नेपाली जनतालाई गाउँगाउँबाट सङ्गठित भएर उठ्न र क्रान्ति गर्न आग्रह गरिएको छ । नेपालीहरूले विभिन्न सम्झौताका नाममा सीमासम्बन्धी घातक निर्णयमा समेत हस्ताक्षर गरेकाले त्यसका विरुद्धमा सम्पूर्ण सचेत वर्गलाई क्रान्ति गर्न आग्रह गरिएको छ । मुख्यगरी सामन्तहरूले गरिब जनतामाथि बढाउँदै आएको दबदबा र महिलामाथि हुने असमान व्यवहारको विरुद्धमा सङ्गठित भई लड्नका निम्ति आह्वान गरिएको छ ।

### ४.२.३.३ प्रेमपरक विषयका किताबहरू

गोपालप्रसाद सङ्ग्रौलाका कविताहरूमा प्रेमपरक विषयलाई पनि उठाइएको छ । मुख्यगरी देशप्रेमपरक प्रकृतिप्रेम र भावनात्मक प्रेमलाई कवितामा व्यक्त गरिएको छ । सङ्ग्रौलाका यस सङ्ग्रहमा रहेका प्रेमपरक विषयका कविताहरूमा **मेरो देश, पोखरी, प्रीतिको गीत, त्यो गाउँ** आदि पर्दछन् । सहिदलाई मुख्य विषय बनाइएका सबै कविताहरूमा राष्ट्रप्रेमको भाव झल्किएको छ । **जन-चेतनाका फिलुंगाहरू**का प्रायः सबै कविताहरूमा राष्ट्रप्रेमको भाव झल्किएको छ । वीर योद्धाहरूको अथक प्रयास र बलिदानीबाट नेपालको निर्माण भएकाले राष्ट्रमाथि आउने सबै खाले सङ्कटका निम्ति हामी तयार हुनुपर्ने भाव व्यक्त गरिएको छ । **पोखरी, मेरो देश** आदिजस्ता कवितामा आफ्नो जन्मभूमिप्रति अगाध आस्था देखाइएको आफू जन्मेको परिवेश र प्रकृतिको वर्णन गर्दै **पोखरी** कविता लेखिएको

छ । कुनै पनि वैरीको उपनिवेश स्वीकार्य नहुने भाव **मेरो देश** कवितामा अभिव्यक्त छ । यसप्रकारको भाव अभिव्यक्त भएको एक पद्यांशलाई उदाहरणका रूपमा तल दिइएको छ :

*अरनिको माथ उचाल्छ मेरो*
*जान्छ सातो उपनिवेशवादको*
*पढ्दा खेरि पूर्वको वीर गाथा*
*अकाशिन्छ मनको सगरमाथा*

(मेरो देश, पृ. १७)

यसैगरी सङ्ग्रौलाका कविताहरूमा युवायुवतीबीच हुने मायाप्रेमका विषयलाई पनि अघि सारेका छन् । उमेर पुगेको युवायुवतीलाई प्रीति साट्ने समय आयसकेकोले पछि नपर्न आग्रह गरिएको छ । प्रकृतिको शान्त आश्रयमा बसेर नवयौवनाहरूलाई प्रीति साट्नका निम्ति अनुरोध गरिएको छ; जस्तै –

*कोदाली र हँसियाहरू ली नित्य खेपेर मेरो*
*चौतारीको वर मुनी बसी गाइद्यौ एक सेलो*
*तन्नेरीमा नव वैशको चेतना आज भर्दै ।*
*रातो तातो रगत मुटुको भित्र संचार गर्दै ।*

(प्रीतिको गीत, पृ. ४)

यसरी गोपालप्रसाद सङ्ग्रौलाको प्रस्तुत कवितासङ्ग्रहमा राष्ट्रप्रेम, प्रकृतिप्रेम र भावनात्मक प्रेमसम्बन्धका कविताहरू उपस्थापित भएका छन् ।

#### ४.२.३.४ प्रगतिवादी चिन्तन भएका कविताहरू

गोपालप्रसाद सङ्ग्रौलाको प्रस्तुत कविता कृतिमा प्रगतिवादी चिन्तनको व्याप्ति पाइन्छ । सङ्ग्रौला मूलतः प्रगतिवादी कवि हुन् । उनका **एक भई उठ, पुनः लड्नुपर्छ, पराले छाप्रो** आदि जस्ता कविताहरूमा प्रगतिवादी चिन्तन रहेको पाइन्छ । सोझा सीधा गरिबजनाताहरूमाथि परेको अन्याय र विपत्तिको पक्षमा वकालत गर्दै उनका कविताहरूमा वर्गसङ्घर्षका निम्ति आह्वान गरिएको छ । आफ्नो राष्ट्र र राष्ट्रियताको शिर उँचो राख्न

कविले सम्पूर्ण कृषक, विद्यार्थी, मजदुर आदि सबैलाई एकजुट भएर लाग्न आग्रह गरिएको छ । विश्वमा मानवीय मूल्यको अपहरण भइरहेको सन्दर्भमा विश्वबन्धुत्व र भाइचाराको सम्बन्ध स्थापित गर्न आग्रह गरिएको छ । दैनिक गुजाराका निम्ति यथोचित पारिश्रमिक नपाएका श्रमिकहरूलाई आन्दोलित हुन आग्रह गरिएको छ । शोषक वर्गले शोषित वर्गमाथि गरेको थिचोमिचो, अन्याय अत्याचारका विरुद्ध लड्न आग्रह गरिएको छ; जस्तै –:

*मैले बुझिसकेँ मासु मान्छेको मान्छे खान्छ रे !*

*मान्छेको ताँतीमा मान्छे नराख्ने मान्छे नै छ रे !*

*जोताउने हलो, भारी बोकाउने लिदीहरू*

*खान सम्म नदिएर भोकै काम गराउने ।*

(एक भई उठ, पृ.३५)

विश्वका बहुसङ्ख्यक मान्छेहरू गरिबीको रेखामुनि रहेको तर शासन भने धनी वर्गकाहरूले गरिरहेकाले गरिबका पक्षमा सत्ता ल्याउनका निम्ति लड्नुपर्ने कुरा व्यक्त गरिएको छ । सामन्तहरूले आफ्नो अधीनमा धेरै जग्गाजमिन राखेका तर सोझा जनताहरू खान नपाएर भोकभोकै बस्नु परेको सन्दर्भमा यस्तो उद्गार छ :

*जस्ले झाडी आवाद गर्छ उसकै माटो हुनुपर्दछ ।*

*हड्पेका जिमिदारले धरणीका हिस्सा लिनु पर्दछ*

*साझा हुनु पृथ्वी मिलेर सबले भोगी लिनु पर्दछ*

*सो निम्ति कृषक मज्दूरहरूले आगो हुनु पर्दछ ।*

(पुनः लड्नु पर्छ, पृ. ३९)

यसरी विश्वमा गरिबहरूलाई, शोषितहरूलाई एकजुट हुन आग्रह गरिएको छ । त्यस्तै आफ्नो अधिकार प्राप्तिका निम्ति लड्न महिलालाई आह्वान समेत गरिएको छ ।

### ४.२.३.५ सामाजिक यथार्थमा आधारित कविताहरू

**जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहका कविताहरूमा सामाजिक विषय र प्रसङ्गलाई उठाइएको छ । समाजमा घटित विविध खाले कुसंस्कार, कुरीति आदिलाई

सङ्ग्रौलाले आफ्नो कविताको विषय बनाएका छन् । पञ्चायती शासनकालमा जनतालाई शासकहरूले दिएको दुःखको यथार्थ प्रस्तुति, राष्ट्रका निम्ति मरिमेट्ने सहिदको सपनाको चित्रण तथा दैवीप्रकोपबाट आहत भएकाहरूको यथार्थ अङ्कन सङ्ग्रौलाका **राहत कार्य, विदेशबाट, भूटानी जनता प्रति** आदि कविताहरूमा गरिएको छ । आफ्नो देश छोडेर विदेशमा शरण लिन पुगेका आम भुटानी जनताको यथार्थको चित्रण पनि उनका कवितामा पाइन्छ । नारीले भोग्नु परेको पीडा र विश्वमा फैलँदै गएको हत्याहिंसाको यथार्थ प्रस्तुति पनि उनका कविताहरूमा पाइन्छ । २०४५ सालमा भूकम्प जाँदा हजारौँ मान्छेहरू घरबार बिहीन भए । यसको जीवन्त प्रस्तुति गर्दै शोषक पञ्चहरूले उद्धार सामग्री वितरणको सट्टामा दिइएको सास्तीको चित्रण छ; जस्तै –

*म सुनिरहेथैँ बाजा रेडियो जो खुला थियो*

*"उद्धार राहत कार्य युद्ध स्तरमा पुरा भयो"*

*ढाँटिरहेका ती पञ्च राल काडी रहेथे हे !*

*पीडितका नाममा राहत आफैँ डकार्दथे अरे ।*

(राहत कार्य, पृ.५)

गोपालप्रसाद सङ्ग्रौलाका कविताहरूमा दिनदिनै हुँदै गइरहेको सीमा अतिक्रमण, बढ्दो सामन्ती प्रवृत्ति आदिजस्ता विषयहरूलाई पनि समावेश गरेको देखिन्छ । आफ्नो देशमा जीवन धान्न नसकेर विदेसिएका युवाहरले पाएको दुःखको यथार्थ प्रस्तुति कवितामा व्यक्त गरिएको देखिन्छ । विदेशबाट आफ्नो घरपरिवार, समाज आदिलाई सम्झदै बस्ने गरेका युवाहरूको बेदनालाई कविले यसरी कवितामार्फत् व्यक्त गरेका छन् :

*अर्काको छोरो संगिनी मेरी रोएर बस्तिहुन्*

*जवानी फाली तकिया भिजाई आँसुले जिउदिहुन्*

*विचरीलाई छोडेर आए विवश भएर*

*दिनहरू बित्छन् बेचेर श्रम रात काट्छु रोएर ।*

(विदेशबाट, पृ. ४६)

यसरी सङ्ग्रौलाका कवितामा समाजमा हुने गरेका घटनाहरूको यथार्थ प्रस्तुतिलाई व्यक्त गरिएको छ ।

समग्रमा गोपालप्रसाद सङ्ग्रौलाका कवितामा सामाजिक यथार्थको चित्रण, सहिदहरूको बलिदानी, निरङ्कुश पञ्चायती शासनमा अपहरित मानवीय मूल्यको खोज, विश्वबन्धुत्व र भाइचाराको सम्बन्ध स्थापनामा जोड, सीमा अतिक्रमण आदि विषय र प्रवृत्तिहरू पाइन्छन् । खासगरी सहिदसँग सम्बन्धित विषयहरूले उनका कवितामा प्राथमिकता पाएका छन् । सहिदले देखाएको बाटोमा आजका मान्छेहरू नहिँडेको प्रति कविको गुनासो छ । नेताहरूले विभिन्न सन्धिका नाममा गरेको हस्ताक्षरले राष्ट्रको सीमा खुम्चदै गएको प्रति कविको आपत्ति छ । जनता र राष्ट्रको मुक्तिका खातिर प्राणोत्सर्ग गर्न पछि हट्न नहुने तथा विश्वका बहुसङ्ख्यक मान्छेहरू गरिब भएकाले तिनको हातमा शासनसत्ता पुऱ्याउनका लागि सर्वहाराकरण र साम्यवादी राज्यको परिकल्पना सङ्ग्रौलाका कवितामा गरिएको छ ।

### ४.२.४ सहभागी

गोपालप्रसाद सङ्ग्रौलाको **जन-चेतनाका फिलुंगाहरू** (२०४८) मा सङ्गृहीत कविताहरू कुनै पात्रयुक्त त कुनै पात्रबिहीन छन् । धेरैजसो कविताहरूमा सहिद र सहिदसँग सम्बद्ध पात्रहरू उपस्थित भएका छन् । कुनै कवितामा एकल पात्र र कुनैमा बहुलपात्रको प्रयोग गरिएको छ । **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहमा प्रयुक्त पात्रहरूको विवरण यसप्रकार दिइएको छ :

| क.सं. | शीर्षक | सहभागी | |
|---|---|---|---|
| | | प्रमुख | गौण |
| १. | शहीदको शव | सहिद | बगरेहरू |
| २. | प्रीतिको गीत | प्रेमी, प्रेमिका, म | - |
| ३. | राहत कार्य | म, गाउँलेहरू पञ्चहरू | मदर टेरेसा |

| | | | |
|---|---|---|---|
| ४. | शहीदकी श्रीमती | सहिदकी श्रीमती | - |
| ५. | केवल स्मृति शहीदलाई | सहिद | म |
| ६. | महिला मुक्ति | महिला | - |
| ७. | त्यो गाउँ | गाउँलेहरू, म | शोषक |
| ८. | झुल्क्यो रक्तिम सूर्य | - | - |
| ९. | मेरो देश | म | - |
| १०. | देश खाइते भो ! | म | - |
| ११. | पोखरी | म | - |
| १२. | त्यो वीर बालक जस्तै | बाबु, छोरा | मलामी, बालक |
| १३. | भारतलाई चुनौती | भारत र नेपाल | - |
| १४. | पराले छाप्रो | गोरे घर्ती | - |
| १५. | म | म | - |
| १६. | भूसको आगो | म | छोराछोरी |
| १७. | उन्मुक्त नेपाल | - | - |
| १८. | एक भई उठ | - | शिक्षक, विद्यार्थी, दाइ, भाइ, सिकर्मी आदि । |
| १९. | जेलबाट पठाइएको सन्देश | - | हामी, तानाशाह |
| २०. | पुनः लड्नु पर्छ | - | - |

| | | | |
|---|---|---|---|
| २१. | रगतको सन्देश शहीदलाई | सहिद | - |
| २२. | शहीदलाई श्रद्धाञ्जली अर्पण | सहिद | - |
| २३. | विदेशबाट | म | आमा, श्रीमती |
| २४. | भूटानी जनताप्रति | भुटानी जनताहरू | - |
| २५. | सपनाकी सुन्दरीसँग | म | तिमी |
| २६. | अँध्यारो सूर्य | हामी | - |
| २७. | खाडीको युद्ध टुङ्ग्याउ | - | - |
| २८. | इच्छा | म | शैतान |
| २९. | जीवनै गर्छु अर्पण | म | - |

विषयवस्तुको प्रस्तुतिका आधारमा **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहका धेरै कविताहरूमा 'म' पात्रको उपस्थिति देखिन्छ । कतिपय कवितामा पात्रहरू आफैँ बोलिरहेका छन् भने कतै कतै कविले वर्णन गरेका छन् । उनका धेरै कविताहरूलाई शोषक, शासक, पञ्चहरू जस्ता खल चरित्रको स्वभाविक चित्रण गरिएको छ । उनका कविताहरूमा मानवीय पात्रहरूकै प्रयोग गरेको देखिन्छ ।

## ४.२.५ परिवेश

कृतिमा उपस्थित स्थान, समय र वातावरण नै परिवेश हो । गोपालप्रसाद सङ्ग्रौलाका कवितामा मुख्यगरी नेपालका विभिन्न भू-भागहरू स्थानिक परिवेश र पञ्चायती शासनव्यवस्था कालिक परिवेशका रूपमा आएको छ । आन्दोलनको समयको चित्रण कवितामा छ । सहिदसँग सम्बद्ध उनका कविताहरूमा सहिदलाई दिइएको यातनामय परिवेशको चित्रण छ । प्रकृति र मायाप्रेमसँग सम्बद्ध कविताहरूमा कविको जन्मस्थल र त्यस वरिपरिका चौतारो, पोखरी, खोलानाला, हिमाल परिवेशका रूपमा आएको छ ।

सामाजिक विषयमा लेखिएका कविताहरूमा नेपाली समाज, संस्कृति र राज्यव्यवस्था परिवेशका रूपमा उपस्थित छ । **राहतकार्य** शीर्षकको कवितामा वि.सं. २०४५ साल भदौ पाँचमा गएको भूकम्प र त्यसबाट आहात जनस्थितिको चित्रण छ । यसमा पूर्वी नेपाललाई स्थानिक परिवेशका रूपमा चित्रण गरिएको छ ; जस्तै :

*मानिसहरूका लाश छोपिदैंछन् धमाधम*

*ठूलो प्रकृतिको मार पऱ्यो पूर्वी नेपालमा*

*छोरा-छोरी कतै छैनन् अनि आमा बुबा कुनै*

*महा भुकम्पको धब्बा पऱ्यो भाद्रका पाँचमा*

(राहत कार्य, पृ. ५)

**त्यो गाउँ** शीर्षकको कवितामा नेपालको कुनै अमूक गाउँको स्थानिक परिवशेलाई उभ्याइएको छ । भुल्क्यो रक्तिम सूर्यमा निष्कलङ्क नववर्षको आगमनको अपेक्षा गरिएको छ । मेरो देशमा समग्र नेपाललाई परिवेशका रूपमा उभ्याई, तराई, पहाड, हिमालको वर्णन छ; जस्तै –

*नेपाल यो सुन्दर देश मेरो*

*मधेश हिमाल अतीव राम्रो*

*पुर्खाहरूले अति कष्ट साथ*

*रचेको यो देश पहाड फाँट ।*

(मेरो देश, पृ. १७)

जन्मस्थलको स्मरण गरी लेखिएको **पोखरी** कवितामा तमोर नदी, कुम्भकर्ण हिमाल, छातेढुङ्गा, खेत आदि स्थानिक परिवेशका रूपमा आएका छन् भने बैशाख, पुष आदि कालिक परिवेशका रूपमा आएका छन् ।

**त्यो वीर वालक जस्तै** कवितामा मशानघाट मुख्य स्थानिक परिवेशका रूपमा देखिएको छ भने पञ्चायती शासन व्यवस्था कालिक परिवेशका रूपमा आएको छ । **भारतलाई चुनौती**मा गण्डकी, कोसी, पहाड, दार्जिलिङ, श्रीलङ्काजस्ता ठाउँहरू स्थानिक परिवेशका रूपमा आएका छन् । **जेलबाट पठाइएको सन्देश**मा जेल मुख्य परिवेशका रूपमा

आएको छ । **विदेशबाट** कवितामा मरुभूमि, नेपाल, रात्माटे, डाँडा आदि स्थानिक परिवेशका रूपमा आएका छन् ।

समग्रमा हेर्दा **जन-चेतनाका फिलुंगाहरू** भित्रका कवितामा नेपाली समाज, संस्कृति, स्थान, प्रकृति र पञ्चायती व्यवस्था तथा प्रजातन्त्र प्राप्ति पछिको केही वर्षका समयहरूमा भएको आन्दोलन, जनताले भोग्नु परेको पीडा आदिको वर्णनबाट मुख्य रूपमा पञ्चायती शासन व्यवस्था कालिक परिवेशका रूपमा आएको देखिन्छ ।

### ४.२.६ उद्देश्य

नेपाली समाज र नेपाली राज्य व्यवस्थामा देखिएको विसङ्गति, सहिदको सपनामाथिको कुठाराघात, प्रकृति चित्रण, मानवतावादी स्वरको प्रकटीकरण **जन-चेतनाका फिलुंगाहरू**को उद्देश्य हो । **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहमा पञ्चायती शासनका नेपाली जनताले भोग्नु परेका पीडाहरूलाई व्यक्त गरिएको छ । निरङ्कुश शासकका विरोधमा आवाज उठाए बापत हत्या गरिएको यथार्थको चित्रण छ । यसभित्रका कविताहरूमा मायाप्रेमसँग क्रान्तिलाई जोडेर प्रस्तुत गरिएको छ । भूकम्प पीडितहरूको निम्ति उठेको सहयोग कथित ठूलाठालु भनौदा पञ्चेहरूले नै उपभोग गरेको यथार्थ पनि कविताको विषय बनेको छ । रातो सिन्दूरका ठाउँमा लोग्नेको रातो रगत पोत्न विवश सहिदका श्रीमतीहरूको यथार्थ प्रस्तुति गरिएको छ । सहिदले देखाएको बाटोमा हिँड्नुपर्ने तथा विश्वका धेरै मान्छेहरू गरिब भएको तर शासन भने धनीहरूले गरेकाले गरिबको शासनको निम्ति सर्वहाराकरण र साम्यवादी राष्ट्रको परिकल्पना गरिएको छ । आधा आकाश ढाकेका महिलाहरूमाथि पुरुषवादी समाजले गरेको असमानताका विरुद्ध क्रान्तिको आह्वान गरिएको छ । नेपाल भरिका गाउँमा सामन्तहरूले दुःख दिने प्रवृत्ति यथावतै रहेकाले त्यस विरुद्धमा लडन आग्रह गरिएको छ । नेपालको कुनै एउटा गाउँ मात्र होइन सत्ता शक्तिको उन्माद चढेका साशकहरूले गरिब जनताहरूमाथि शोषण गरिरहेकाले त्यस विरुद्धमा आवाज बुलन्द गर्दै उठ्न आग्रह गरिएको छ । आफ्नो जन्मभूमि र रीष्ट्रियताको स्मरण गर्दै प्राकृतिक सुन्दरताको वर्णन गरिएको छ । अन्यायका विरोधमा बोल्ने विद्यार्थीको हत्या फासिष्टहरूले गरेका छन् । यसका विरुद्धमा तमाम युवा विद्यार्थी, मजदुर, किसान आदि सबैलाई जुट्न आह्वान गरिएको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भए पनि समाजमा हुने गरेका शोषण, अन्याय जस्ता कुराहरू यथावतै रहेकाले अझै पनि जनताका निम्ति प्रजातन्त्र

नआएको ठहर गरी लड्नका निम्ति आह्वान छ । आफ्नो राष्ट्र र राष्ट्रियताको रक्षार्थ ज्वालामुखी भएर पड्कन अनुरोध गरिएको छ । आफ्नो प्यारो जन्मभूमि छोडेर बिदेसिन विवश भएका युवाहरूले विदेशमा भोग्नुपरेको पीडाको यथार्थ प्रस्तुति छ । विद्यमान युगीन यथार्थ र परिस्थितिको चित्रण गर्नु यस कवितासङ्ग्रहको उद्देश्य रहेको देखिन्छ ।

### ४.२.७ दृष्टिबिन्दु

**जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **प्रीतिको गीत, राहत कार्य, त्यो गाउँ, देश घाइते भो, जेलबाट पठाइएको सन्देश, मेरो देश, विदेशबाट सपनाकी सुन्दरीसँग, अँध्यारो सूर्य, इच्छा, जीवनै गर्छु अर्पण** जस्ता कविताहरूमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत उपर्युल्लिखित शीर्षक भिन्न कविताहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ । प्रथम पुरुष दृष्टिबिन्दु भएका कवितामा कवि 'म' पात्रका रूपमा उपस्थित भएका छन् । धेरैजसो कविताका समाख्याता 'म' पात्र नै रहेको छ । प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग भएका कवितामा 'म' का दृष्टिबाट हेरिएको छ र 'म' कै माध्यमबाट कविले भन्न खोजेका कुराहरू व्यक्त गरिएको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको एक पद्यांशलाई उदाहरणका रूपमा तल दिइएको छ :

*पञ्चकन्या समिपैका नयाँ नगर बन्दछ*

*मीठो त्यो सल्लाको हावा मेरो यो मार्ग छेक्दछ*

*म चाहन्न कुनै स्वर्ग, चाहन्न अप्सराहरू*

*आमाले भुटेका मकै गुन्द्रुक रोज्दछु बरु ।*

(पोखरी, पृ. २२)

**जन-चेतनाका फिलुंगाहरू**मा सङ्गृहीत बहुसङ्ख्यक कविताहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको कवितामा कविले पात्रहरूको उपस्थिति गराएर भावनाको अभिव्यक्ति गराएका छन् । सहिद, महिला, सहिदकी श्रीमती, गोरे घर्ती, युवक, गाउँलेहरू आदि पात्रहरूको प्रयोग कवितामा गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको एक उदाहरण तल दिइन्छ :

*यो गोरे घर्ती क्या राम्रो घर निर्माण गर्दछ*

*कति छ यसको जाँगर तीर्सना झन् कति कति*

*खवर्दार ! नभत्काऊ यसको घर राक्षस !*

*तिम्रै दुष्ट्याइँले गर्दा बनेत दुःखिको गृह*

(पराले छाप्रो, पृ. २७)

कविले नामधारी पात्र र सम्बोधन गरेर कतिपय कवितामा आफ्नो भनाइ व्यक्त गरेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत सम्बोधनात्मक कविताहरूमा पनि तृतीय पुरुष दृष्टिबिन्दुको नै प्रयोग पाइन्छ । यसरी यस सङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग भएको भेटिन्छ ।

### ४.२.८ भाषाशैलीय विन्यास

**जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहको भाषाशैली सरल र प्राञ्जल देखिन्छ । भाषिक वर्ण योजनाका तहमा अन्त्यानुप्रासजस्ता शब्दालङ्कारले सौन्दर्य उत्पन्न गराएका छन् । प्रस्तुत सङ्ग्रहमा विभिन्न स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । उक्त सङ्ग्रहमा मूलतः तत्सम स्रोतका शब्दहरूको प्रयोग बढी मात्रामा भेटिन्छ; जस्तै– नव्य, रक्त, मांस, परमाणु, हृदय, प्रीति, शव, मृदुल, पञ्च, अमर, रम्य, समर, नवीन, सूर्यास्त, पवित्र, लताकुञ्ज आदि । यसैगरी तद्भव, आगन्तुक स्रोतका शब्दहरू पनि प्रस्तुत कृतिमा यथेष्ट पाइन्छन्; जस्तै – शहीद, पसिना, जोश, जतन, रिस, रगत आदि । निपात, अनुकरणात्मक शब्द तथा झर्रा नेपाली स्रोतका शब्दहरूको प्रयोगले प्रस्तुत सङ्ग्रहलाई जीवन्त बनाएको छ ।

प्रस्तुत सङ्ग्रहका कतिपय पद्यहरूमा छन्द मिलाउनकै लागि ह्रस्वदीर्घ जस्ता नियमहरूलाई मिचिएको छ । कविले छन्दलाई होइन छन्दले कविलाई बाँधेको छ । विवेच्य सङ्ग्रहमा सम्बोधनात्मक शैलीको प्रयोग भएको छ । यस सङ्ग्रहमा मूलतः अनुष्टुप छन्दको प्रयोग गरिएको छ । शार्दूलविक्रीडित, उपजाति र झ्याउरे यसमा प्रयुक्त अन्य छन्दहरू हुन् । छन्द प्रयोगमा कविमा स्वतस्फूर्तता देखिँदैन । यस सङ्ग्रहका **शहीदको शव, राहत कार्य, शहीदकबि श्रीमती, त्यो गाउँ, देश घाइते भो, त्यो वीर बालक जस्तै, म, भूसको**

**आगो, उन्मुक्त नेपाल, एकभइ उठ, जेलबाट पठाइएको सन्देश, शहीदलाई श्रद्धाञ्जली अर्पण** जस्ता शीर्षकका कवितामा अनुष्टुप छन्दको प्रयोग गरिएको छ; जस्तै –

*मैले बुझिसकेँ मासु मान्छेको मान्छे खान्छ रे !*

*मान्छेको ताँतीमा मान्छे नराख्ने मान्छे नै छ रे !*

*जोताउने हलो, भारी बोकाउने लिदीहरू*

*खानसम्म नदिएर भोकै काम गराउने*

(एक भई उठ, पृ ३५)

**जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहमा सङ्गृहीत **झुल्क्यो रक्तिम सूर्य, पुनः लड्नुपर्छ** जस्ता कविताहरूमा शार्दूलविक्रीडित छन्दको प्रयोग पाइन्छ; जस्तै –

*भोका पेट हुने खुराक नहुने असंख्य मानिस उठे*

*बञ्चरा, हँसिया, खुडा र खुकुरी तर्वार भिर्ने जुटे*

*बम्बैमा लगी बेचिने युवतीका दाजु र बाबु उठे*

*यो नौलो जनक्रान्ति गर्न जनता ज्वालामुखि झैं फुटे ।*

(पुनः लड्नु पर्छ, पृ ३९)

यस कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा उपजाति छन्दको पनि प्रयोग गरिएको छ; जस्तै –

*नेपाल यो सुन्दर देश मेरो*
*मधेश हिमाल अतिव राम्रो*
*पुर्खाहरूले अति कष्ट साथ*
*रचेको यो देश पहाड फाँट*

(मेरो देश, पृ . १७)

झ्याउरे छन्दको प्रयोग पनि यस कवितासङ्ग्रहमा बढी मात्रामा पाइन्छ; जस्तै –

*भोकको जाँतोमा कोही पिसिइन्छ सधैँ भरी*
*कोही डकार्दै पल्टन्छ यज्ञको ब्रह्मणै सरी*

*हामी छौँ कलिला बच्चा उम्रेनन् काइँयाहरू*
*माघको ठण्डी रौँ जेठको गर्मी सहनु पर्दछ*

(पराले छाप्रो, पृ. २७)

सरल र सरस भाषाशैलीको प्रयोग भएको **जनचेतनाका फिलुंगाहरू** कवितासङ्ग्रह लय तथा छन्दका हिसाबले पनि सबल नै देखापर्दछ । वर्णहरूको पुनरावृत्ति र अनुप्रासको योजनाले कवितालाई लयात्मक बनाएको छ । शास्त्रीय वार्णिक छन्द र लोक झ्याउरे छन्दको समुचित प्रयोग सङ्ग्रौलाका कवितामा भएकै छ । उनका कवितामा संस्कृत निष्ठ शब्दहरूको यथेष्ठ प्रयोग पाइन्छ । उनले 'म' पात्रका रूपमा उपस्थित भएर वर्णन गर्ने, पात्रलाई उपस्थापित गराएर वर्णन गर्ने र सम्बोधनात्मक शैलीलाई पनि कवितामा प्रयोग गरेका छन् ।

सङ्ग्रौला मूलतः अलङ्कारवादी कवि होइनन् तापनि उनका प्रस्तुत कृतिमा अलङ्कारहरूले प्रशस्त स्थान जमाएको देखिन्छ । उनको **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहमा शब्दालङ्कार, अर्थालङ्कार दुबैको उपस्थिति देख्न पाइन्छ । शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रासको संयोजन सहज ढङ्गले गरिएको छ । यसैगरी बिम्ब प्रतीकको प्रयोग उनका कवितामा प्रशस्त मात्रामा पाइन्छ । प्रस्तुत कृतिमा ऐतिहासिक, सामाजिक, प्राकृतिक स्रोतका बिम्बहरू भेटिन्छन् । यस कृतिमा प्रयुक्त केही बिम्ब प्रतीकहरू :

खोला, नदी, पहाड, बगरे, ज्वालामुखी, अग्नि, शिखा, हिमाल, रजहाँस, मदर टेरेसा, भुकम्प, सिन्दूर, रगत, बन्दुक, चाँदी, वसन्त, भीसमेन थापा, बलभद्र कुँवर, दधिची, रातो सूर्य, अँध्यारो सूर्य, भूसको आगो आदि ।

प्रस्तुत कवितासङ्ग्रहमा मूलतः साधर्म्यमूलक अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । यसमा पनि उपमा र रूपक अलङ्कारको प्रयोग ज्यादा मात्रामा भएको भेटिन्छ । यस सङ्ग्रहमा प्रयोग भएका केही अलङ्कार र तिनका उदाहरणहरू यसप्रकार रहेका छन्; जस्तै –

**उपमा अलङ्कार**

*बाँचिरहन्छ त्यो मृत्यु अटल भई हिमाल झैँ*
*फुलिरहन्छ त्यो मृत्यु पहाडका गुराँस झैँ*

*चम्किरहन्छ त्यो मृत्यु नभएका सूर्य चन्द्र झैँ*
*सम्मानित हुन्छ त्यो मृत्यु पियारो जनमुक्ति झैँ*

(शहिदलाई श्रद्धाञ्जली अर्पण, पृ. ४३) ।

प्रस्तुत पद्यमा मृत्युलाई पहाडका गुराँससँग, हिमालसँग चन्द्रसूर्यसँग रजनमुक्तिसँग तुलना गरिएकाले यहाँ उपमा अलङ्कार देखिन्छ । प्रस्तुत पद्यमा **झैँ** वाचक शब्दका रूपमा आएको छ ।

**दृष्टान्त अलङ्कार**

*सपना विपना तिम्रो बटुली एक ठाउँमा*
*राखेर तौलँदा जस्तै तराजु तल झर्दछ*
*जस्ले स्वदेशमा रोप्यो पोटिलो क्रान्तिको वियाँ*
*बाँझो जोती सफा पाऱ्यो झार पात सवै झिकी*

(शहीदको शव, पृ. १)

प्रस्तुत पद्यमा सहिदको सपना विपनाको मूल्यलाई तौलिँदा झरेको तराजुको उदाहरण दिइएकाले दृष्टान्त अलङ्कार आएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

*रगत शहीदको परी लाल भो की ?*
*सूर्याग्नीको प्रखर ज्योति हो की ?*

(मेरो देश, पृ. १८)

माथिको पद्यमा हो की भन्ने आभास झल्किएकाले उत्प्रेक्षा अलङ्कारको उपस्थिति देखिन्छ ।

**रूपक अलङ्कार :**

*म हुँ श्रावणको वर्षा अन्नवाली बढाउने*
*म हुँ तर्वारको धार सामन्ती शैल काट्ने*
*म यौटा सूर्य हुँ लाल नौला फल फलाउने*

*म हुँ तराईंको धान जतनाहरू पालने ।*

(म, पृ. ३०)

प्रस्तुत पद्यमा कविले 'म' पात्रलाई श्रावणको वर्षा, तरवारको धार, लाल सूर्य, तराईको धानसँग अभेद आरोप गरेकाले रूपक अलङ्कार आएको देखिन्छ ।

समष्टिमा गोपालप्रसाद सङ्ग्रौलाका कविताहरूमा बिम्ब, प्रतीक र अलङ्कार योजना सहज रूपमा भएको भेटिन्छ । ऐतिहासिक, सामाजिक, प्राकृतिक स्रोतका बिम्बहरू तथा शब्द र अर्थालङ्कारको प्रयोगले कवितालाई जीवन्त र आलङ्कारिक बनाएको पाइन्छ ।

### ४.२.९ निष्कर्ष

गोपालप्रसाद सङ्ग्रौला प्रगतिवादी कवि हुन् । उनका कवितामा सामाजिक यथार्थको चित्रण, राष्ट्रप्रेम, विश्वबन्धुत्वको भावना, प्रकृतिको चित्रण, मानवतावाद क्रान्तिधर्मी चेतना आदि जस्ता विशेषता पाइन्छ । उनका कवितामा निरङ्कुश तानाशाहका विरुद्धमा लागेका सहिदलाई फाँसी दिइएको यथार्थको चित्रण छ । क्रान्तिको बिउ रोप्ने तथा सामन्तका विरुद्धमा राँको बालेर लाग्ने सहिदको सम्मानमा सङ्ग्रौलाका कवितामा आफ्नो ज्यान सहिदकै मार्गदर्शनमा समर्पण गर्ने विचार व्यक्त गरिएको छ । उनका कवितामा भोका र नाङ्गाको मुक्तिका निम्ति र जनमुक्तिका निम्ति लड्न आग्रह गरिएको छ । सिन्दूरका ठाउँमा रगतले सिउँदो पोतेर सहिदको बलिदानीमा साथ दिने सहिदकी श्रीमतीप्रति कवितामा श्रद्धा प्रकट गरिएको छ । यस कवितासङ्ग्रहका कविताहरूमा आधा आकास ढाकेका महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिका निम्ति सङ्घर्ष गर्न आह्वान गरिएको छ । सामन्तहरूले गरिब जनतामाथि बढाउँदै आएको दबदबा र महिलामाथि हुने असमान व्यवहारको विरुद्धमा एकजुट भई लड्नका निम्ति कवितामा आह्वान गरिएको छ ।

वीर योद्धाहरूको अथक प्रयास र बलिदानीबाट नेपालको निर्माण भएकाले राष्ट्रमाथि आउने सबैखाले सङ्कटका निम्ति हामी सम्पूर्ण जनता तयारी हुनुपर्ने भाव व्यक्त गरिएको छ । प्रकृतिको शान्त स्थलमा बसेर उमेर पुगेका युवायुवतीलाई प्रीति साट्ने समय आइसकेकाले पछि नपर्न आग्रह गरिएको छ । आफ्नो राष्ट्र र राष्ट्रियताको शिर उँचो राख्न कविले सम्पूर्ण कृषक, विद्यार्थी, शिक्षक, मजदुर आदि सबैलाई एकजुट भएर लाग्न आग्रह

गरिएको छ । विश्वका बहुसङ्ख्यक मान्छेहरू गरिबीको रेखामुनि रहेको तर शासन भने धनी वर्गकाहरूले गरिरहेकाले गरिबका पक्षमा सत्ता ल्याउनका निम्ति लड्नुपर्ने कुरा व्यक्त गरिएको छ । पञ्चायती शासनकालमा जनतालाई शासकहरूले दिएको दुःखको यथार्थ प्रस्तुति, राष्ट्रका निम्ति मरिमेट्ने सहिदको सपनाको चित्रण तथा दैवी प्रकोपबाट आहत भएकाहरूको यथार्थ अङ्कन प्रस्तुत गरिएको छ । आफ्नो देशमा जीवन धान्न नसकेर विदेसिएका युवाहरूले पाएको दुःखको यथार्थ प्रस्तुति कवितामा व्यक्त गरिएको छ ।

यस कवितासङ्ग्रहका कविताहरूमा सहिद, म, हामी, भुटानी जनताहरू, प्रेमी, प्रेमिका, गोरे घर्ती, सहिदकी श्रीमती आदि जस्ता पात्रहरू कतिपय कवितामा प्रमुख रूपमा रहेका छन् भने मलामी, मदर टेरेसा, शोषक, शैतान आदि पात्रहरूलाई गौण पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

यस सङ्ग्रहभित्रका कविताहरूको परिवेशलाई हेर्दा पञ्चायती शासन व्यवस्था साथै वैशाख, पुष आदि कालिक परिवेशका रूपमा आएको छ भने स्थानिक परिवेशका रूपमा नेपालका विभिन्न भु-भागहरू चौतारो, पोखरी, खोलानाला, तराई, पहाड दार्जिलिङ, श्रीलङ्का, जेल, रात्माटे, डाँडा आदि रहेका छन् ।

नेपाली समाज र नेपाली राज्य व्यवस्थामा देखिएको विसङ्गति, सहिदको सपनामाथिको कुठाराघात, प्रकृति चित्रण, मानवतावादी स्वरको प्रकटीकरण **जन-चेतनाका फिलुंगाहरू** कवितासङ्ग्रहको उद्देश्य हो । विद्यमान युगीन यथार्थ र परिस्थितिको चित्रण गर्नु यस कवितासङ्ग्रहको उद्देश्य रहेको छ । यस कवितासङ्ग्रहमा पञ्चायती शासनकालमा नेपाली जनताले भोग्नुपरेका पीडाहरूलाई व्यक्त गरिएको छ । यस भित्रका कविताहरूमा मायाप्रेमसँग क्रान्तिलाई जोडेर प्रस्तुत गरिएको छ । अन्यायका विरुद्धमा बोल्ने विद्यार्थीको हत्या फाँसिष्टहरूले गरेको र यसका विरोधमा तमाम युवा विद्यार्थी, मजदुर आदि सबैलाई जुट्न आह्वान गरिएको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भए पनि समाजमा हुने गरेका शोषण, अन्याय, अत्याचारजस्ता कुराहरू यथावतै रहेकाले अझै पनि जनताका निम्ति प्रजातन्त्र नआएको ठहर गरी लड्नका निम्ति आह्वान गरिएको छ । आफ्नो राष्ट्र र राष्ट्रियताको रक्षार्थ ज्वालामुखी भएर पड्कन आग्रह गरिएको छ ।

प्रथम र तृतीय दुबै दृष्टिबिन्दुको प्रयोग भएको यस कवितासङ्ग्रहको भाषाशैली सरल र प्राञ्जल रहेको छ । यस कवितासङ्ग्रहमा तत्सम, तद्भव, आगन्तुक स्रोतका

शब्दहरू प्रशस्त मात्रामा प्रयोग गरिएको छ । यस कवितासङ्ग्रहमा अनुष्टुप, शार्दूलविक्रीडित, उपजाति, झ्याउरे आदि छन्दहरूको प्रयोग गरिएको छ । छन्द मिलाउनका लागि कतिपय ठाउँमा कविले ह्रस्वदीर्घ जस्ता नियमलाई मिचेको पाइन्छ । वर्णहरूको पुनरावृत्ति र अनुप्रासको योजनाले कविता लयात्मक बनेको छ ।

सङ्ग्रौलाका कवितामा शब्दालङ्कार, अर्थालङ्कार दुबैको उपस्थिति देखिन्छ । शब्दालङ्कार अन्तर्गत अन्त्यानुप्रासको संयोजन सहज ढङ्गले गरिएको छ । खोला, पहाड, ज्वालामुखी, अग्नि, हिमाल, चाँदी, सिन्दूर, रगत, भूसको आगोजस्ता बिम्बहरूको प्रयोगले कवितालाई सुन्दर बनाएको पाइन्छ । अर्थालङ्कारअन्तर्गत उपमा, दृष्टान्त, उत्प्रेक्षा, रूपकजस्ता अलङ्कारको प्रयोगले कवितालाई आलङ्कारिक बनाएको छ ।

## ४.३ हरिमाया शोककाव्यको विश्लेषण

प्रगतिवादी धारमा रहेर लेखनकार्य अगाडि बढाउने गोपालप्रसाद सङ्ग्रौलाको **हरिमाया** शोककाव्य दोस्रो प्रकाशित कृति हो । सङ्ग्रौलाले प्रस्तुत **हरिमाया** शोककाव्य वि.सं. २०५२ साल जेठभन्दा पछाडि लेखन आरम्भ गरेको पाइन्छ । यो शोककाव्य आफ्नो बाल सखाकी धर्मपत्नी हरिमायाको निधनका सम्बन्धमा लेखिएको र निज हरिमायाको निधन वि.सं. २०५२ बैशाख २६ गते भएकाले यसको लेखन संवत् २०५२ पश्चात्को समय देखिन्छ । यो कृतिको प्रकाशन भने वि.सं. २०५४ जेठ २६ गतेका दिन भएको हो । विभिन्न कोणबाट यसशोककाव्यको विश्लेषण तल गरिन्छ :

### ४.३.१ परिचय

गोपालप्रसाद सङ्ग्रौलाद्वारा लिखित **हरिमाया** शोककाव्य (२०५४) मझौला आकारको प्रस्तुत कृतिको कृतिगत पूर्ण आयाम ६६ पृष्ठको रहेको छ भने यसको कथावस्तु चाहिँ ४९ पृष्ठमा संरचित छ । यसको मुख आवरणमा **हरिमाया** शोककाव्य लेखिएको छ र त्यसैको पृष्ठभूमिमा हिमालको चित्र साथै कविको नाम उल्लेख गरिएको छ । दोस्रो आवरण पृष्ठमा लेखकले आफ्नी हजुरआमाका नाममा यो कृति समर्पण गरेका छन् । यो शोककाव्यको प्रकाशक हिमादेवी पौड्याल रहेकी छन् । मित्रपीडाले जन्माएको काव्य शीर्षकको मन्तव्य मोदनाथ प्रश्रितले यस शोककाव्यमा लेखेका छन् । यस भूमिकामा गोपालप्रसाद सङ्ग्रौलाले मानवीय संवेदनाको व्यापक क्षेत्र अँगालेर एकातिर आफ्ना मित्रको पीडालाई गहन रूपले

अनुभूत गर्नुभएको छ भने अर्कातिर मीठो लयबद्ध सिर्जना गरी समाजलाई पनि एउटा राम्रो कोसेली दिनुभएको छ भनी प्रश्रितले टिप्पणी गरेका छन् । **हरिमाया** शोककाव्य पढ्दा शीर्षकमा घटराज भट्टराईले यस शोककाव्यको मन्तव्य लेखेका छन् । यस भूमिकामा घटराज भट्टराईले सङ्ग्रौला अरूको पीडा र वेदना बुझेर वार्णिक छन्दमा कविता लेख्ने कवि हुन् भनी चिनाएका छन् । त्यसपछिको पृष्ठमा प्रकाशकीय शीर्षकमा हिमादेवी पौड्यालले स्व.हरिमाया ओली आफ्नी सहोदर माइली दिदी भएको कुरा व्यक्त गरेकी छन् । यो मृत्युजन्य शोकबाट पीडित भएका भिनाजुको व्यक्तिगत शोकलाई आफैँमा आत्मसात गरेर सङ्ग्रौलालाई यो काव्य रचना गरी प्रकाश गरिदिने सुअवसर दिनु भएकोमा सन्तोष व्यक्त गर्दै सङ्ग्रौलालाई हार्दिक धन्यवाद दिएकी छन् । त्यसैगरी 'एक श्लोक सयश्लोक बन्छ' शीर्षकको भूमिका माधव घिमिरेले लेखेका छन् । यस भूमिकामा घिमिरेले सहानुभूतिलाई स्वानुभूति बनाइ  लेखिएको हरिमाया शोककाव्य करुणरससिक्त भएको कुरा उल्लेख गरेका छन् । सङ्ग्रौलाले आमुख शीर्षकमा आफूलाई परेका व्यक्तिगत शोकलाई आफैँमा आत्मसात गरेर शोककाव्य लेखेको कुरा व्यक्त गरेका छन् । चोर, डाका र हत्याराका मृत्युमा कसैले पनि शोककाव्य लेख्दैन तर एउटा सच्चा व्यक्तिको मात्र शोककाव्य लेखिन्छ त्यही क्रममा कविले पनि यो शोककाव्य लेखेको कुरा व्यक्त गरेका छन् । त्यसको पछिल्लो पृष्ठमा हरिमाया ओलीको प्रस्टसँग नदेखिने किसिमको फोटो समावेश गरिएको छ । अर्को पृष्ठमा हरिमाया आफ्ना श्रीमान्को साथमा रहेको फोटो समावेश गरिएको छ यो पनि खासै बुझिने खालको देखिदैन । यस शोककाव्यको पछिल्लो आवरण पृष्ठमा सङ्ग्रौलाको नबुझिने फोटो साथै उनको वैयक्तिक विवरण प्रस्तुत गरिएको छ ।

यस शोककाव्यमा एक उपक्रम र एक समापनसहित १० सुस्केराहरू रहेका छन् । प्रत्येक चार पाउको एक श्लोकसङ्ख्या हुने यस शोककाव्यमा जम्मा पाउसङ्ख्या १०२८ रहेको छ भने श्लोकसङ्ख्याहरू जम्मा २५७ रहेका छन् । यस शोककाव्यको प्रत्येक सुस्केरोका सुरुमा एकएक वाक्यमा सम्पूर्ण कथावस्तु प्रस्तुत गरिएको छ ।

### ४.३.२ वस्तु

#### ४.३.२.१ कथासार

**हरिमाया**  शोककाव्यको कथालाई बुँदागत रूपमा यसप्रकार देखाउन सकिन्छ :

१. कविले आफ्ना बालसखा देवीप्रसाद ओलीकी धर्मपत्नीको निधनमा उनको दिलको व्यथा र विरह आफ्नै जस्तो सम्झेर प्रस्तुत गर्नु ।

२. गौँथलीको जोडीझैँ मिलेर देवीप्रसाद ओली र हरिमाया आफ्नो जीवनको अनन्त सपनालाई साकार पारेको स्मरण गर्नु ।

३. ओलीले आफ्नी श्रीमतीलाई राम्री भएकाले उनी लाख वर्षसम्म जिउन सकून् भन्ने सम्झनु साथै वर-वधु दुवै मिली आफ्ना बच्चालाई चारो खुवाएको सम्झनु ।

४. एकदिन अचानक हरिमाया विरामी हुनु र गाउँमा अनेक धामी-झाँक्री गर्दा निको नभएपछि ओली श्रीमती लिएर झापातिर लाग्नु ।

५. ओलीको दुःखलाई आफ्नै दुःख सम्झदै यो शोककाव्य छोडौँ कि लेखौँ जस्तो लागेको कुरा उल्लेख गर्नु ।

६. आफ्नी धर्मपत्नीको वियोगमा ओली शोक संतप्तावस्थामा पूर्व कथा सम्झनु ।

७. आफ्नी हँसमुखी श्रीमती यस संसारमा अब कहिल्यै पनि आउँदिनन् नि भन्दै ओलीले आफू एक्लो भएको महशुस गर्नु ।

८. श्रीमतीको सिरको सिन्दूरले नेपाल बिर्साएको र कालो रङ्गको केशले मेघ सम्झाएको कल्पना गर्नु ।

९. श्रीमती रहुञ्जेलसम्म आफू धनी भएको तर उनको निधनपछि फेरी आफू गरिबै रहेको महशुस गर्नु ।

१०. पृथ्वी, अकाश, सूर्य, तारा, हिमाल, तमोर नदी आदि सबैलाई ओलीले श्रीमतीको निधनमा रोएको देख्नु ।

११. श्रीमतीलाई स्वप्नमा भए पनि आफूलाई भेट्न आग्रह गर्नु ।

१२. तिमीहरूकी चेली अब कहिल्यै पनि फर्केर आउँदिनन् भन्दै चेलीलाई तीज तिहार जस्ता चाडमा नसम्झनु माइतीलाई आग्रह गर्नु ।

१३. ओलीले आफ्नी प्राणेश्वरी हरिमायाको निधनमा भावभ्रमित भएर श्रद्धाञ्जली अर्पण गर्नु ।

१४. यात्री, बटुवा आदिलाई हरिमाया केकसरी बसेकी थिइन्, के गर्दै थिइन् तिमीहरूले देख्यौ कि भनेर श्रीमतीका बारेमा सोध्नु ।

१५. कागलाई हरिमाया भेटी आएमा रामले जस्तो क्रूर व्यवहार नदेखाई फलफूल खान दिने कुरा व्यक्त गर्नु ।

१६. पत्नीलाई समाचार पठाउन आग्रह गर्दै केकस्तो ठाउँमा बसेकी छयौ भनी सोध्नु ।

१७. आफूले खर्च पठाउन नपाएको तथा यहीको जस्तो महङ्गी पो छ कि त्यहाँ पनि भनेर सोध्नु ।

१८. छोराछोरी दुबैलाई समान अंश दिने र समान व्यवहार गर्ने गरेको छ कि छैन भनेर श्रीमतीलाई सोध्नु ।

१९. आफ्नी अप्सरातुल्य उज्याली श्रीमती छाडेर गए तापनि अरू थुप्रै वस्तु भएकोमा केही हदसम्म चित्त बुझाउन कोशिश गर्नु र पौराणिक उदाहरण दिएर आँसुको तर्पण दिनु र देश सेवा गर्ने प्रतिज्ञा गर्नु ।

२० . आफ्नी प्राण प्यारी हरिमायासँग काठमाडौं घुम्न नपाएकोमा पछुताउनु र हरिमायाको अन्तिम अवस्थामा इच्छाएको फल 'स्याउ' दिन नपाएकोमा अब उप्रान्त त्यो फल आफू नखाने बरु रोगी र गरिबलाई खुवाउने आशय प्रकट गर्नु ।

२१. हरिमायाकी छोरी हिमादेवी आमाका निधनमा भावविभोर भएर भक्कानिदै दाजु नरेन्द्र र द्रोणका मुखमा हेर्नु ।

२२. काललाई असल लागेर लाग्यो कि आफैंलाई जान रहर भएर गयौ आमा भन्दै छोरी भक्कानिँदै रुनु ।

२३. सपनीमा भए पनि बुबा, छोराछोरी र आफन्तलाई भेटेर जाऊ भन्दै आमालाई घरमा आउन आग्रह गर्नु ।

२४. आमा तिम्रो अमृत सरी पोषिलो दूधको धारा प्यूँदै हामी हुर्किएका छौं अब तिम्रो भार हामीले के गरी तिर्नु बरु श्रद्धाको यो अञ्जुली दृगको आँशुको धार लेऊ अर्पी दिन्छौं तब त अञ्जुली थप्प थापेर पेउ भन्दै छोरीले आमालाई आफ्नो मनको कुरा व्यक्त गर्नु ।

२५. आफ्नी जन्मदाता हरिमायाको हृदय विदारक वियोगमा श्मशान घाटमा जेठा छोरा नरेन्द्रप्रसादले भाइ र बैनीका उदासीन अनुहारमा हेरेर दुःख व्यक्त गर्नु ।

२६. हिजोसम्म त तिमी थियौ तर आजदेखि हामीलाई टुहुरो पारी चटक्क छाडेर गयौ, हामीले तिमीलाई कति दुःख कष्ट दियौँ होला भन्दै गुनासो व्यक्त गर्नु ।

२७. भाइबैनी सम्पूर्णको म ख्याल गर्नेछु, बुबालाई जुनिभर कहिल्यै पनि आँसु झार्न दिन्न भन्दै आमाप्रति जेठो छोराले प्रतिज्ञा गर्नु ।

२८. काखको कान्छो छोरो भानुभक्त ओली काठमाडौँबाट मसानघाटमा पुग्दा आफ्नी आमाको पार्थिव शरीरलाई देख्नु साथै त्यस्तो वियोगजन्य परिवेशलाई चिर्दै प्रलाप गर्नु ।

२९. विधा आर्जनका निम्ति घर छोडेर टाढा गएको छोरो कहिले आउला भन्दा घरमा बस्ने गरेकी आमाको यस्तो स्थिति देखेर छोरो भक्कानिँनु ।

३०. तिम्रो सुन लगाउने इच्छा थियो त्यो पनि पूरा गर्न सकिएन तीबाहेक तिम्रा अनेक इच्छाहरू हामीले पूरा गर्नु थियो तर त्यो तिम्रो चाहना हामीले पूरा गर्न नपाएको अब हामी यो संसारमा तिमी बिना कसरी बस्नु भन्दै आमालाई समाउँदै कान्छो छोरो मुर्छा पर्न खोज्नु ।

३१. माहिलो छोरो द्रोणचारले तीन वर्ष अगाडिदेखि आफ्नी आमाको दर्शन गर्न नपाउनु ।

३२. काठमाडौँमा फिदिमबाट आमाको अस्वस्थताको खबर पाएपछि वायु वेगले हेटौँडामा पुगेर फोन उठाउँदा उनका मुखबाट शब्द निस्कन नसक्नु ।

३३. पाँचथर फिदिम मुन्तिर तमोर नदीमा आमाको पार्थिव शरीरमा दृष्टि पुऱ्याउँदा उनको शरीरलाई शोकाग्निले जलाउनु ।

३४. छोरो द्रोणचारले आफू अनेक घरायसी कारण वा परिस्थितिले गर्दा राजधानीमा बस्न बाध्य भएको तर घरमा आउन नपाई नै आमाको निधन भएकोमा दुःखेसो व्यक्त गर्नु ।

३५. आफ्नी आमाको सपनालाई साकार पार्न शहर पसेको थिए आखिर त्यो सबै सपना चकनाचूर भयो भन्दै मुर्छा पर्न खोज्नु ।

३६. बाबुआमा दुबैलाई वायु विमानमा राखी देश विदेश घुमाउने मन थियो तर पापी कालले आफ्नी आमालाई टपक्क टिपेर लगेछ भन्दै मुर्छित हुनु ।

३७. कविले अन्त्यमा यस्तो विरहको समयमा हरिमायाका श्रीमान् छोराछोरीको मुख हेरी आफ्नी लक्ष्मी समानकी जननीलाई पोथीलाई स्यालले टिपेर लगेजत्तिकै भयो भन्दै कवितामा आफ्नो भाव व्यक्त गर्नु ।

समग्रमा यस शोककाव्यको विषयवस्तुलाई हेर्दा कवि गोपालप्रसाद सङ्ग्रौला कोमल हृदयका प्रतिभाशाली कवि हुनुको परिणाम आफ्नी बालसखाकी धर्मपत्नीको निधनमा **हरिमाया** शोककाव्य निर्माण गर्न सफल भएको कुरा उल्लेख गरिएको छ । दाम्पत्य जीवनमा भएका सुखदु:खको चित्रण, छोराछोरीमा आमाको निधनबाट परेको प्रभाव, पत्नीका पूरा गर्न नसकेका इच्छाहरू तथा नारीका विभिन्न रूपको चित्रण हरिमाया शोककाव्यमा उल्लेख गरेको पाइन्छ ।

### ४.३.३.२ कथानकको विकास र व्यवस्थापन

यस कृतिको कथानकको विकास र त्यसको व्यवस्थापनलाई निम्नअनुसार देखाइएको छ :

| | |
|---|---|
| १. आदि भाग | |
| (क) चिनारी (आरम्भ) | हरिमाया ओलीका असामयिक निधनमा उनका शोकाग्निलाई आत्मसात गरेर कविले दु:खेसो प्रकट गर्नु । |
| (ख) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था) | आफ्नी धर्म पत्नीको वियोगमा देवीप्रसाद शोकसंतप्तावस्थामा पूर्व कथा सम्झँदै भक्कानिनु । |
| २. मध्ये | |
| (ग) दोस्रो सङ्कटावस्था | देवीप्रसादले हरिमायाको निधनमा भाव-भ्रमित भएर श्रद्धाञ्जली अर्पण गर्दै बटुवा र कागसँग सहयोगको अपेक्षा गर्नु । |

| | |
|---|---|
| (घ) तेस्रो सङ्कटावस्था | आफ्नी श्रीमतीलाई यहाँको समाचार बताउँदै भावविभोर भएर स्वर्गमा चिठी पठाउन आग्रह गर्नु । |
| (ङ) चौँथो सङ्कटावस्था | आफ्नी अप्सरातुल्य उज्याली श्रीमती छोडेर गए तापनि अन्य थुप्रै राम्रा वस्तु भएकोमा चित्त बुझाउनु साथै पौराणिक उदाहरण दिएर आँशुको तर्पण दिँदै देश सेवा गर्ने प्रतिज्ञा गर्नु । |
| (च) पाँचौँ सङ्कटावस्था | हरिमायासँग काठमाडौँ घुम्न नपाएकोमा देवीप्रसाद पछुताउनु र उनले अन्तिम अवस्थामा इच्छाएको फल दिन नपाएकोमा दुःखित हुनु । |
| (छ) छैठौँ सङ्कटावस्था | छोरी हिमादेवी आमाको निधनमा भावविभोर भएर भक्कानिदै दाजु-भाइको अनुहारमा हेर्दै दुःख व्यक्त गर्नु । |
| (ज) सातौँ सङ्कटावस्था | आफ्नी आमाको हृदय विदारक वियोगमा श्मशान घाटमा जेठा छोरा भाइबैनीका अनुहारमा हेर्दै दुःख व्यक्त गर्नु । |
| (झ) आठौँ सङ्कटावस्था | काखको कान्छो छोरा काठमाडौँबाट मसानघाटमा पुग्दा आमाको पार्थिव शरीर देखेर भक्कानिनु । |
| ३. अन्त्य | |
| (ञ) सङ्घर्षह्रास | माहिलो छोराले तीन वर्ष पहिलादेखि आमाको मुख देख्न नपाउनु साथै आमाको मृत्युको खबर सुनेपछि मुखबाट शब्द निस्कन नसक्नु । |
| (ट) उपसंहार | छोराछोरीका माझ हरिमायालाई कालले टपक्क टिपेर लग्नु साथै छोराछोरी खिन्न मनले आमाको शवलाई हेरिरहेको कुरा कविमार्फत् व्यक्त गरिनु । |

१. आदि

(क) **चिनारी** (आरम्भ)

यस शोककाव्यमा कविद्वारा आफ्ना बालसखाकी श्रीमती हरिमायाको असामयिक निधनमा उनका शोकाग्निलाई आत्मसात गरेर आफ्नो दुःखेसो व्यक्त गरिएको छ । कविले गौँथलीको जोडीझैँ मिलेर दुई श्रीमान् श्रीमती आफ्नो जीवनको अनन्त सपनालाई साकार पार्ने कुराको स्मरण गरेका छन् । आफ्ना बच्चालाई परेवाको जोडीझैँ बर-बधु दुवै मिली चारो खुवाएको विगतका क्षणहरूको स्मरण कविले गरेका छन् । एकदिन हरिमाया अचानक बिरामी भएको साथै गाउँमा अनेक धामी झाँकी, औषधि उपचार आदि केही गर्दा पनि नलागेपछि हरिमायालाई लिएर श्रीमान् झापातिर लागेको कुरा व्यक्त गरिएको छ । आफ्नी श्रीमतीको बारेमा ओलीले गुनासो व्यक्त गर्न थालेपछि कविले भाव विह्वल भएर शोककाव्य लेखेको कुरा व्यक्त गरिएको छ । ओलीको दुःखलाई आफ्नै दुःख सम्झने कविले लेख्दालेख्दै लेख्नै नसकेर लेखौँ कि छौडौँ जस्तो हुँदै शोककाव्य लेखेको कुरा आरम्भ भागमा कविद्वारा व्यक्त गरिएको छ ।

(ख) **सङ्घर्षविकास** (**पहिलो सङ्कटावस्था**)

आफ्नी धर्मपत्नीको वियोगमा ओली शोकसंतप्तावस्थामा पूर्व कथा सम्झन थालेका छन् । आफ्नी श्रीमती अतिनै सुन्दर र रमाइली भएकाले आफूलाई चटक्क छोडेर यस संसारबाट विदा भयौ नि भन्दै ओलीले गुनासो व्यक्त गरेका छन् । श्रीमतीको सिरको सिन्दूरले नेपाल बिर्साएको त्यस्तै कालो रङ्गको केशले मेघ सम्झाएको साथै आफ्नी श्रीमती रहुन्जेल आफू धनी भएको तर श्रीमतीको निधनपछि आफू एक्लो रहेको कुरा ओलीले प्रस्तुत गरेका छन् । आफ्नी श्रीमतीलाई अब माइती, घरपरिवार, छिमेकी, आफन्त, गाइवस्तु, खेतवारी कसैलाई पनि नसम्झन साथै उनी यस संसारमा कहिल्यै पनि फर्केर नआउने दुःखेसो व्यक्त गर्दछन् ।

२. मध्य

**(ग) दोस्रो सङ्कटावस्था**

ओलीले आफ्नी स्व. श्रीमतीप्रति श्रद्धाञ्जली अर्पण गर्दै श्रीमतीलाई कहाँ, कसरी, कस्तो ठाउँमा बसेकी छ्यौ भन्दै प्रश्न सोधेको कुरालाई यस सङ्कटावस्थामा प्रस्तुत गरिएको छ । आफ्नी श्रीमतीलाई कुनै यात्री, बटुवा आदिले भेटेकी भन्दै उनीहरूलाई खबर सोधेको प्रसङ्गको उल्लेख छ । त्यस्तै कागलाई श्रीमतीलाई भेटेर आउन पनि आग्रह गरिएको छ ।

**(घ) तेस्रो सङ्कटावस्था**

ओलीले हरिमायालाई आफू बसेको ठाउँको समाचार पठाउँदै आफूलाई चिठी पठाउन आग्रह  गरेको पाइन्छ । केकस्तो ठाउँमा बसेकी छ्यौ, त्यहाँ सुखी दुःखी, बालक वृद्ध आदिमा भेदभाव गरिन्छ कि गरिँदैन भनेर प्रश्न सोधेको र चिठीमार्फत् जवाफ पठाउन आग्रह गरेका छन् । आफूले खर्च पठाउन नपाएको तथा यहीँको जस्तो महङ्गी छ कि भनेर शङ्का गर्दै प्रश्न सोधेको प्रसङ्गको उल्लेख छ । त्यस्तै छोराछोरी दुबैलाई समान  अंश दिने र समान व्यवहार गर्ने गरेको छ कि छैन भनी सो बारेमा पनि ओलीले जानकारी लिन खोजेको पाइन्छ ।

**(ङ) चौथो सङ्कटावस्था**

आफ्नी अप्सातुल्य श्रीमतीले आफूलाई छोडेर गए तापनि अरू थुप्रै राम्रा वस्तु भएकोमा केही मात्रामा चित्त बुझाउने कोशिश ओलीले यस सङ्कटावस्थामा गरेको पाइन्छ । अब देश सेवा गर्ने प्रतिज्ञा गर्दै ओलीले श्रीमतीलाई आँशुको तर्पण दिएको कुरा यहाँ व्यक्त गरिएको छ । श्रीमतीले छोडेर गए तापनि आफ्ना आमा, छोराछोरी, घर गाईवस्तु, इष्टभित्र, दाजुदिदी आदि सम्पूर्ण बाँकी छन् तिनैलाई हेरेर भए पनि अब चित्त बुझाएर बस्नु पर्ने कुरा प्रस्तुत शोकाकाव्यमा ओलीले व्यक्त गरेको पाइन्छ ।

**(च) पाँचौं सङ्कटावस्था**

प्यारी श्रीमतीसँग काठमाडौं घुम्न जाने इच्छा थियो सो इच्छा पूरा नहुँदै श्रीमतीको निधन भएकोमा ओलीले यस सङ्कटावस्थामा दुःखेसो व्यक्त गरेका छन् । त्यस्तै श्रीमतीले आफ्नो जीवनको अन्तिम अवस्थामा ‘स्याउ’ खान्छु भन्दा पनि सो इच्छा पूरा गर्न नसकेको भन्दै अबदेखि आफू पनि कहिल्यै स्याउ नखाने बरु गरिब, रोगी आदिलाई दिने बाचा

गर्दछन् । अबदेखि घरको, छोराछोरीको, वस्तुभाउ आदिको हेरचाह कसले गर्ने हो भन्ने कुरामा पनि ओली चिन्तित देखिन्छन् ।

**(छ) छैठौँ सङ्कटावस्था**

यस सङ्कटावस्थामा आफ्नी आमाको मृत्युपश्चात् छोराछोरीहरू मसानघाटमा गएर मुर्छा पर्न लागेको कुरा प्रस्तुत गरिएको छ । छोरी हिमादेवी दाजुभाइको अनुहार हेर्दै आफ्नी आमा सामु गएर अनेक विलाप गर्दै चिच्याइरहेको अवस्था प्रस्तुत गरिएको छ । तिमी किन यति छिटै हामीलाई चटक्क छोडेर गयौ के तिमी रहरले नै गएकी हो कि कालले तिमीलाई टपक्क टिपेर लगेको हो भन्दै आमालाई प्रश्न सोध्दै छोरी भक्कानिएको प्रसङ्गको उल्लेख छ । तिम्रो दसधारा दूध खुवाएर हामीलाई हुर्कायौ बढायौ तर हामीले यो दूधको भार पनि तिर्न नपाई नै छोडेर गयौ नि भन्दै छोरी रोइरहेको प्रसङ्गको उल्लेख यहाँ गरिएको छ ।

**(ज) सातौँ सङ्कटावस्था**

आफ्नी जन्मदाताको हृदय विदारक वियोगमा श्मशान घाटमा जेठा छोरा नरेन्द्रप्रसाद ओलीले भाइ र बैनीका उदासीन अनुहारमा हेरेर दुःख व्यक्त गरेको प्रसङ्ग उल्लेख गरिएको छ । हामीलाई रेखदेख गर्ने हिजोसम्म त तिमी थियौ तर आजदेखि छैनौ, तिमीलाई हामीले कति दुःख दियौँ होला तर आज हामीले तिम्रा लागि केही गर्न सकेनौँ भनी छोरामार्फत् गुनासो व्यक्त गरिएको छ । आफू जेठो छोरो भएकाले नरेन्द्रले घरको सम्पूर्ण व्यवहार र परिवारलाई जिम्मा लिने प्रतिज्ञा गरेको कुरा यसमा उल्लेख गरिएको छ ।

**(झ) आठौँ सङ्कटावस्था**

काखको कान्छो छोरो भानुभक्त काठमाडौँबाट मसानघाटमा पुग्दा आफ्नी आमाको पार्थिव शरीरलाई देखेर विलाप गरेको प्रसङ्ग यहाँ उल्लेख छ । तिम्रो छोराछोरीले प्रगति गरको हेर्न चाहने इच्छा साथै सुन लगाउने इच्छा रहेको तर हामीले पूरा गर्न नपाई नै तिमी गयौ नि भन्दै भक्कानिएको कुरा उल्लेख गरिएको छ ।

**३. अन्त्य**

**(ञ) सङ्घर्षह्रास**

माहिलो छोरा द्रोणचार तीन वर्षदेखि घरमा नबसेको साथै आमाको अनुहारसमेत हेर्न नपाई नै ज्यान गुमेको र छोरो बिरामी आमासँग फोनमा बोल्न पनि नसकेको कुरा व्यक्त गरिएको छ । पाचथर फिदिम मुन्तिर तमोर नदीमा आमाको पार्थिव शरीरमा दृष्टि पुऱ्याउँदा मुर्छित हुन खोजेको प्रसङ्ग उल्लेख गरिएको छ । आफ्ना बाबुआमाको इच्छा पूरा गर्न साथै घरको अनेक बाध्यता परिस्थितिले घर छाडेर जानु परेको कुरा यहाँ प्रस्तुत गरिएको छ । बाबुआमा दुवैलाई वायुमानमा राखी देश विदेश घुमाउने मन थियो तर निष्ठुरी कालले आफ्नी आमालाई टप्प टिपेर लगेछ भन्दै मुर्छा पर्न खोजेको कुरा कवितामा व्यक्त छ ।

**(ट) उपसंहार**

यस शोककाव्यमा हरिमायाका परिवारलाई हेरेर कवि आफू चिन्तित हुदै दुःखेसो व्यक्त गरेको कुरालाई यहाँ उपसंहारका रूपमा लिइएको छ । यस खण्डमा जसरी पोथी कुखुरालाई स्यालले टप्प टिपेर लान्छ उसैगरी हरिमायालाई पनि आफ्नो घर परिवारबाट वञ्चित गराउँदै कालले टप्प टिपेर लानु साथै छोराछोरीहरू आमाको शवलाई खिन्न मनले हेरिरहेको प्रसङ्गको उल्लेख गरिएको छ । जस्तोसुकै राम्रो व्यक्ति भए पनि कालले नछोड्ने रहेछ भन्ने कुरा निष्कर्ष निकाल्दै कविले यस शोककाव्यको अन्त्य गरेको पुष्टि हुन्छ ।

समग्र पक्षलाई हेर्दा यस शोककाव्यमा कविले देवीप्रसाद र हरिमायाबीचको प्रसङ्गको पूर्व स्मरण गरेको पाइन्छ । त्यस्तै देवीप्रसाद र उनका छोराछोरीले पनि आफ्नी आमा तथा श्रीमतीको निधन हुनुभन्दा पहिलेको स्मरण साथै मृत्यु पश्चातको दुःखेसो व्यक्त गरेको पाइन्छ । यस शोककाव्यलाई हेर्दा यसको कथानक हरिमायाको पूर्व स्मरणदेखि लिएर मृत्यु पर्यन्तसम्मको रहेको पाइन्छ । यसको कथानक आदि, मध्य र अन्त्य क्रमिक रूपले अगाडि बढेको पाइन्छ ।

### ४.३.३ सहभागी र सहभागिता

शोककाव्य प्रायः गरेर प्रियजन वा आफन्तको निधनमा लेखिन्छ । हरिमाया पनि यस्तै काव्य हो । यस शोककाव्यमा हरिमायासँग सम्बन्धित संसमरणात्मक घटनाहरू भएकाले उनैलाई प्रमुख चरित्र मान्नु पर्ने हुन्छ । यस शोककाव्यमा हरिमायाबाहेक अन्य धेरै पात्रहरूको सहभागी रहेको पाइन्छ । हरिमाया यस शोककाव्यकी प्रमुख पात्र हुन् भने

देवीप्रसाद छोराहरू नरेन्द्र, द्रोणचार, भानुभक्त साथै छोरी हिमादेवी यस काव्यका सहायक पात्रका रूपमा रहेका छन् । कवि, बटुवा, मलामी, आदि गौण पात्रका रूपमा देखापर्दछन् ।

यस कृतिमा प्रस्तुत गरिएका सम्पूर्ण सहभागीहरूको प्रकार र सहभागितालाई तलको तालिकामा यसरी देखाइन्छ :

| आधार | पात्र / प्रकार | हरिमाया | देवीप्रसाद | द्रोणचार | भानुभक्त | हिमादेवी | कवि | बटुवा | मलामीहरू |
|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | स्त्री | + | - | - | - | + | - | - | - |
| | पुरुष | - | + | + | + | - | + | + | - |
| कार्य | प्रमुख | + | - | - | - | - | - | - | - |
| | सहायक | - | + | + | + | + | - | - | - |
| | गौण | - | - | - | - | - | + | + | + |
| प्रवृत्ति | अनुकूल | + | + | + | + | + | + | + | + |
| | प्रतिकूल | - | - | - | - | - | - | - | - |
| स्वभाव | गतिशील | - | - | - | - | - | - | - | - |
| | स्थिर | + | + | + | + | + | + | + | + |
| जीवन चेतना | वर्गीय | - | - | - | - | - | - | - | - |
| | व्यक्तिगत | + | + | + | + | + | + | + | + |
| आसन्नता | मञ्चीय | + | + | + | + | + | + | + | + |
| | नेपथ्य | - | - | - | - | - | - | - | - |
| आबद्धता | बद्ध | + | + | + | + | + | + | + | + |
| | मुक्त | - | - | - | - | - | - | - | - |

प्रस्तुत पात्रविधानसम्बन्धी तालिकाअनुसार **हरिमाया** शोककाव्यका प्रमुख, सहायक र गौण पात्रहरूको चारित्रिक अभिलक्षणलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.३.३.१ हरिमायाको चारित्रिक अभिलक्षण

**हरिमाया** शोककाव्यकी हरिमाया प्रमुख स्त्री पात्र हो । उनलाई देवीप्रसादकी श्रीमती, कुलबधू, ममतामयी आमा तथा असहायकी सहायकका रूपमा चित्रण गरिएको छ । पशु चौपायाहरूकी पनि प्रिय उनी इष्टमित्रहरूकी पनि प्रिय थिइन् । हरिमायालाई काव्यमा अन्धाअपाङ्गहरूको लौरोका रूपमा पनि देखाइएको छ । हरिमायाले आफ्ना इष्टमित्र, नरनाताहरू समक्ष पनि उत्तिकै समान व्यवहार गर्ने गरेको पाइन्छ । भनी नबिभ्काउने, सरल स्वभाव भएकी पात्रका रूपमा हरिमायालाई प्रस्तुत गरिएको छ । लाऊँलाऊँ खाऊँखाऊँ भन्ने उमेरमा नै आफ्नो ज्यान गुमाउनु परेकी हरिमायालाई एक कुशल गृहिणीका रूपमा शोककाव्यमा प्रस्तुत गरिएको छ । आफ्ना परिवार र समाजको सधैं उन्नति, प्रगति देख्न चाहने हरिमायाले अचानक बिरामी भएर अकालमै ज्यान गुमाउनु परेको कुरा यस शोककाव्यमा व्यक्त गरिएको छ । स्थिर स्वभाव, अनुकूल प्रवृत्ति भएकी हरिमाया बद्ध पात्रका रूपमा प्रस्तुत भएकी छन् ।

### ४.३.३.२ देवीप्रसादको चारित्रिक अभिलक्षण

हरिमायाका श्रीमान् देवीप्रसाद यस शोककाव्यमा सहायक पुरुष पात्रका रूपमा रहेका छन् । यस शोककाव्यको समाख्याताका रूपमा देवीप्रसाद देखिन्छन् । उनी आफ्नी पत्नीसँगको सान्निध्यमा बितेका दिनहरू स्मरण गर्दछन् । पत्नीलाई इच्छित फल खुवाउन र कान्तिपुर घुमाउन नपाएकोमा देवीप्रसाद चिन्तित छन् । आफ्नी प्राणप्यारी श्रीमती गुमाउनु परेकोमा देवप्रसाद आफू एक्लिएको महसुस गर्दै गुनासो व्यक्त गर्दछन् । प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवनचेतनाका आधारमा व्यक्तिगत रहेका देवीप्रसाद आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्रका रूपमा प्रस्तुत भएका छन् ।

### ४.३.३.३ नरेन्द्रको चारित्रिक अभिलक्षण

नरेन्द्र हरिमायाको जेठो छोराको रूपमा प्रस्तुत भएका छन् । उनी सहायक पुरुष पात्रका रूपमा प्रस्तुत छन् । आफ्नी आमाको निधनमा दुःखेसो व्यक्त गर्दै अबको सम्पूर्ण

जिम्मा आफैँ लिने प्रतिज्ञा गर्दछन् । आफू जेठो छोरो भएकाले बाबु, भाइबैनी, घरव्यवहार आदि सम्पूर्ण कुराको जिम्मा लिएका नरेन्द्र एक सत् पात्रका रूपमा उपस्थित छन् । अनुकूल प्रवृत्ति भएका साथै स्थिर स्वभावका नरेन्द्र मञ्चीय र बद्ध पात्रका रूपमा प्रस्तुत भएका छन् ।

### ४.३.३.४ द्रोणचारको चारित्रिक अभिलक्षण

हरिमायाका माहिला छोराका रूपमा प्रस्तुत भएका द्रोणचार सहायक पुरुष पात्र हुन् । उनी जीविकोपार्जनका लागि राजधानीमा बस्ने गरेका साथै तीन वर्षसम्म घर नगई आमाको मुखसम्म पनि हेर्न नपाई आमा गुमाएका दुःखित पात्र हुन् । आफ्ना आमाबुबाका इच्छालाई पूरा गर्न राजधानीमा बसोबास गर्ने द्रोणचार अनुकूल, स्थिर, मञ्चीय साथै बद्ध पात्रका रूपमा उपस्थित भएका छन् ।

### ४.३.३.५ भानुभक्तको चारित्रिक अभिलक्षण

देवीप्रसाद र हरिमायाका कान्छा छोराका रूपमा रहेका भानुभक्त सहायक पुरुष पात्र हुन् । उनी विद्या आर्जनका लागि काठमाडौँमा बसोबास गर्न थालेका पात्रका रूपमा प्रस्तुत छन् । आफ्नी आमाको निधनपश्चात् आमालाई मसानघाटमा देख्दा वेदनाले छट्पटिएका भानुभक्त अनेकौँ विलाप गर्दै आफूलाई टुहुरो पारेर गयौ नि भन्दै चिच्याउँछन् । अनेक चाहना बोकेकी आफ्नी आमाले गहना लगाउने इच्छा गरेकी तर त्यो इच्छासम्म पनि आफूले पूरा गर्न नपाएकोमा गुनासो व्यक्त गर्ने पात्रका रूपमा उपस्थित छन् । अनुकूल प्रवृत्ति साथै स्थिर स्वभाव भएका भानुभक्त मञ्चीय र बद्ध पात्रका रूपमा प्रस्तुत छन् ।

### ४.३.३.६ हिमादेवीको चारित्रिक अभिलक्षण

हरिमायाकी छोरी हिमादेवी एक सहायक र स्त्री पात्रका रूपमा रहेकी छन् । आफ्नी आमाको निधनपश्चात् श्मशान घाटमा भक्कानिदै आमालाई व्युँझाउन खोज्ने नारी पात्रका रूपमा हिमादेवी रहेकी छिन् । ज्यादै पापी अधम शठको जालमा जेलिएकी छ्यौ, तोरी जस्तै अतिशयकडा कोलमा पेलिएकी छ्यौ भन्दै आमाप्रति श्रद्धाभाव व्यक्त गर्ने पात्रका रूपमा रहेकी छन् । अनुकूल प्रवृत्ति, स्थिर स्वभाव, व्यक्तिगत जीवन चेतना भएकी हिमादेवी यस शोककाव्यमा मञ्चीय बद्ध पात्रका रूपमा प्रस्तुत भएकी छन् ।

### ४.३.३.७ अन्य गौण पात्रहरू

**हरिमाया** शोककाव्यमा प्रमुख र सहायक बाहेक कवि, बटुवा, मलामी आदि गौण पात्रहरू पनि देखापरेका छन् । यस शोककाव्यमा कवि आफू पनि भाव विह्वल भएको कुरा व्यक्त गर्दछन् । आफ्नी बालसखाकी पत्नीको निधनमा कवि आफ्नै पत्नीको निधन भएजत्तिकै गरेर सहस्र आँसुका धारा बहाउँदै शोककाव्यलाई अगाडि बढाउन सक्षम छन् । त्यस्तै गरेर बटुवालाई पनि हरिमायाका बारेमा केही जानकारी पायौ कि भनी कविले सम्बोधन गरेका छन् । कविले यस काव्यमा मानवेत्तर प्राणी कागलाई पनि दूतका रूपमा पठाउन खोजेका छन् साथै हरिमायाको निधनपश्चात् गएका मलामीहरूलाई पनि यस शोककाव्यमा गौण पात्रका रूपमा लिइएको छ ।

## ४.३.४ परिवेश

प्रस्तुत शोककाव्यमा पूर्वी नेपालको पहाडी जिल्ला तेरथुम, पाँचथर झापा आदि स्थानिक परिवेशका रूपमा आएका छन् । शोककाव्यमा वर्णित धेरै भू-भागहरू तेरथुम आसपासका छन् । शोककाव्यमा झापाका एकदुई ठाउँको पनि स्थानिक परिवेशका रूपमा चित्रण छ । यस शोककाव्यको कालिक परिवेश भने वि.सं. २०५२ तिरको थाहा हुन आउँछ । **हरिमाया** शोककाव्यमा ब्राह्मण परिवारिक पृष्ठभूमि तथा जेठ महिनाको चित्रण छ । हरिमायाको निधनका सम्बन्धमा कविको यो उद्गार छ – *वैशाख मास थियो विहान नभमा बादल जमेको थियो* (हरिमाया, उपक्रम, पृ. १) बाट हरिमायाको निधन वैशाखमा भएको प्रस्ट हुन्छ । यसैगरी विवाह गरेको सुहागरात आदि जस्ता घटनाहरूको वर्णनका क्रममा तीसँग सम्बद्ध भएर आएका स्थलहरू पनि यस काव्यको स्थानिक परिवेश हुन् । हरिमायाका दाहसंस्कारका समयमा आएको तेरथुम, छातेढुङ्गा-८ मा पर्ने तमोर नदीको एक प्रसिद्ध श्मशान घाटलाई पनि स्थानिक परिवेशका रूपमा नै लिन सकिन्छ । महङ्गीले आकाश छोएको र छोराछोरीमा अंशसम्बन्धी विवाद रहेको समयको चर्चा कविले यस शोककाव्यमा गरेका छन् ।

## ४.३.५ उद्देश्य

**हरिमाया** शोककाव्यको मुख्य उद्देश्य आत्मजनको मृत्युको पीडाले छट्पटाएका शोक विह्वल परिवारको मर्मलाई भावात्मक रूपमा प्रस्तुत गर्नु हो । पतिपत्नीबीचको आत्मिक

प्रेम, आमाबाबु र छोराछोरीबीचको प्रेम, सद्भाव र मायाममताको महत्त्व तथा श्रीमतीको मृत्यु भएपछि पीडा र छटपटीमा जल्दै जीवन काट्नु पर्ने श्रीमान्को बाध्यतालाई प्रस्तुत गर्नु यस काव्यको उद्देश्य रहेको छ । भौतिक शरीर दीर्घकालीन हुँदैन आत्मिक प्रेम दीर्घकालका लागि हुन्छ; अतः भौतिकताभन्दा आत्मिक प्रेममा विश्वास गर्नुपर्छ भन्ने कथ्य यस शोककाव्यको रहेको छ । पतिपत्नीबीचको प्रणयको व्याख्या, जोडी छुटेर गएपछि एकल जीवन बिताउँदाआउने स्मरण यस काव्यको मूल कथ्य हो । स्वच्छन्दतावादी आत्मवादी प्रणयको प्रयोग गरी कविले संसारको रीतिथितिका बारेमा प्रस्ट्याएका छन् । यसमा वर्तमान परिस्थितिको यथार्थ पक्ष उपस्थित गराइएको छ । डेरा बस्नुपर्ने बाध्यता, महङ्गीले आकास छोएको प्रसङ्ग तथा छोराछोरीमा भेदभाव नगरी समान अवसर दिनुपर्छ भन्ने तथ्यको वर्णन काव्यमा छ । क्रूर नियतिको बज्रपात जोसुकै माथि पर्न सक्छ,, कालले भर्भराउँदो, बैँसालु, असल-खराब केही नछुट्याई लैजान्छ । यस्तो परिस्थितिमा जतिसुकै प्रेम, स्नेह भए पनि सँगै जान नसकी वर्तमान यथार्थमा रमाएर जीवन काट्नुपर्ने तथ्यको उद्घाटन यस काव्यमा गरिएको छ ।

### ४.३.६ दृष्टिबिन्दु

**हरिमाया** शोककाव्यमा एक उपक्रम, आठसुस्केरा तथा एक समापन सुस्केराहरू रहेका छन् । यहाँ कविले आफै 'म' पात्र भएर कतिपय ठाउँमा शोकानुभूति व्यक्त गरेका छन् भने कतिपयमा देवीप्रसाद र छोराछोरीलाई समाख्याता बनाई 'म' का रूपमा उभ्याएर कथावस्तु अगाडि बढाएको पाइन्छ । त्यसैले यहाँ कतै कवि आफैँ समाख्याता भएकाले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने कतै देवीप्रसाद र छोराछोरीलाई समाख्याता बनाइएकाले तृतीय पुरुष, दृष्टिबिन्दुको प्रयोग भएको छ । उपक्रममा कवि आफैँ 'म' पात्रका समाख्याताका रूपमा रहेको देखिन्छ । त्यस्तै प्रथम सुस्केराको अन्तिममा पनि कवि 'म' पात्रका समाख्याता नै रहेको पाइन्छ । छैठौँ सुस्केराको अन्त्यमा र सातौँ सुस्केरामा पनि कवि नै 'म' पात्रका रूपमा उपस्थित भएको पाइन्छ । समापन सुस्केराको अन्त्य भागको १ श्लोकमा पनि कवि नै समाख्याता रहेका छन् । त्यसैले कवि आफैँ 'म' का रूपमा समाख्याता रहेका श्लोकमा भने प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । यी माथिका बाहेक अन्य सम्पूर्ण सुस्केराहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ  किनकि

यहाँ कविले देवीप्रसाद र छोराछोरीलाई 'म' पात्रका रूपमा समाख्याता बनाएर कथावस्तु अगाडि बढाएका छन्; जस्तै –

*यौटा सत्यकथा बुनेर क्रमशः यो काव्य सिर्जन्छु म*
*यौटा फूल टिपेर मित्रहरूमा सद्भाव अर्पन्छु म*
*प्रेमीका दिलको व्यथा विरहको शोकाग्नि सम्झन्छु म*
*ज्वाला त्यो मनको निभाइ यसले त्यो दुःख बिर्सन्छु म*

(हरिमाया, उपक्रम, १ पृ.१)

देवीप्रसाद समाख्याता रहेको तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको पद्यांशलाई उदाहरणका रूपमा तल दिइएको छ; जस्तै –

*मीठो छैन मलाई खीर पनि लौ मीठो हुने गै गयौ*
*मीठो मान्दिन बाल बोली शिशुको मान्ने तिमी नै थियौ*
*मीठो छैन मलाई ओठ् युवतीको चुम्बन् हराई गयौ*
*मीठो छैन मलाई गीत् नयनकी मीठी तिमी नै थियौ*

(हरिमाया, २/२९, पृ.९)

यसरी हरिमाया शोककाव्यमा प्रथम पुरुष र तृतीय पुरुष दुबै दृष्टिबिन्दुको प्रयोग भेटिन्छ ।

यस शोककाव्यको मुख्य विचार  स्वच्छन्दतावादी प्रणयवादी चिन्तनको अभिव्यक्ति हो । एउटा ग्रामीण परिवेशको सामान्य परिवारमा परेको दैवी बज्रपातको घटनालाई मुख्य आधार बनाई भौतिक शरीर क्षणिक छ, यसलाई सदैव अजर, अमर राख्न सकिन्न । तसर्थ आत्मिक प्रेम गर्नुपर्छ जुन अमर हुन्छ भन्ने विचार व्यक्त गरिएको छ । यसमा वेदनाबोध, मृत्युबोध र तिनले जन्माएका कारुण्यसमेतका अभिव्यक्तमा स्वच्छन्दतावादी पीडा चैतन्य प्रकटित देखिन्छ ।

### ४.३.७ भाषाशैलीय विन्यास

**हरिमाया** शोककाव्यको भाषाशैली सरल र प्राञ्जल देखिन्छ । भाषिक वर्णयोजनाका तहमा अन्त्यानुप्रास जस्ता शब्दालङ्कारले सौन्दर्य उत्पन्न गराएको छ । प्रस्तुत शोककाव्यमा तत्सम, तद्भव, आगन्तुक स्रोतका शब्दहरूको प्रयोग यथेस्ट पाइन्छ ।

प्रस्तुत शोककाव्यमा विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग पाइन्छ । शास्त्रीय छन्दअन्तर्गत वर्णमात्रिक भेदका शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप, इन्दिरा र वंशस्थ छन्दको उपयोग गरी यो शोककाव्य रचिएको छ । प्रस्तुत शोककाव्यका श्लोकहरू वर्णमात्रिक छन्दानुशासन बमोजिम नै रहेको पाइन्छ तर कतैकतै छन्द मिलाउनका लागि ह्रस्वदीर्घजस्ता नियमहरूलाई मिचिएको छ । यस शोककाव्यमा प्रयोग भएका छन्दलाई हेर्दा कविले छन्दलाई होइन छन्दले कविलाई बाँधेको हो कि भन्ने भान हुन्छ । यस काव्यमा उपक्रम खण्डको पन्ध्रौ श्लोकको चौथो पाउ भने कवितामा नभएर शार्दूलविक्रीडित छन्दको 'म स ज स त त गु' का गणसूत्र "SSS, IIS, ISI, IIS, SSI, SSS, S" मात्र उल्लेख छ । यस काव्यमा प्रयुक्त छन्द, श्लोक र पङ्क्तिसङ्ख्याको विवरण यस प्रकार रहेको छ :

| छन्द | श्लोकसङ्ख्या | पाउसङ्ख्या |
|---|---|---|
| १. शार्दूलविक्रीडित | २१४ | ८५६ |
| २. मन्दाक्रान्ता | ३२ | १२८ |
| ३. अनुष्टुप | ७ | २८ |
| ४. इन्दिरा | २ | २८ |
| ५. वंशस्थ | २ | ८ |
| जम्मा | २५७ | १०२८ |

यस काव्यमा छन्द मिलाउनका लागि कविले नेपाली लेख्य वर्ण विन्यासको बेवास्ता गरेका छन् । मोदनाथ प्रश्रितले **हरिमाया** शोककाव्यको भूमिकामा 'आफन्तको मुत्युले भग्न

मनस्थितिको कारणले हो कि छन्दलाई भने वहाँले बीचबीचमा भग्न स्थितिमै छोडिदिनुभएको छ' भनेबाट पनि छन्दको सफल प्रयोग नभएको पुष्टि हुन्छ –

*तिम्रो अन्तिम कालमा शाशिमुखी ! साथै बसेकी थिएँ*

(हरिमाया, १/४४, पृ.१२)

प्रस्तुत पाउमा छन्द मिलाउनका लागि शशिलाई शाशि बनाइएको छ । एक पाउमै चारभन्दा बढि लेख्य वर्णविन्यासको गल्ति भएका श्लोकहरू यथेष्ट छन्; जस्तै –

*मेरो के भुल भो र प्यारि ! बिचमा सन्धी बिगारी दियौ ।*

(हरिमाया, २/२९, पृ.२१)

यसैगरी काव्यमा प्रत्येक छन्दका प्रायः दुई/दुई हरफमा अन्त्यानुप्रास पनि मिलाएको छ र यस काव्यमा प्रत्येक छन्दका गणसूत्रहरू सबल रुपले आएका छन् ।

सङ्ग्रौला अलङ्कारवादी कवि होइनन् तापनि उनको प्रस्तुत कृतिमा अलङ्कारले प्रशस्त स्थान पाएको छ । उनको  यस शोककाव्यमा शब्दालङ्कारअन्तर्गत अन्त्यानुप्रासको संयोजन सहज ढङ्गले गरिएको छ । यसैगरी काव्यमा मसान, राम आदिजस्ता बिम्बको उपस्थापन गराइएको छ । यस शोककाव्यमा प्रयुक्त मुख्य अर्थालङ्कारहरूको उदाहरण निम्नलिखित रुपमा दिइन्छ –

**उपमा**

*त्यै घर आज मसान झैँ हुन गयो थामौँ कसरी मन ?*

(हरिमाया, १/१५, पृ. ८)

यहाँ घरलाई मसानघाटसँग तुलना गरेकाले उपमा अलङ्कार पाउन सकिन्छ ।

**उत्प्रेक्षा**

*रोयो उच्च हिमाल अश्रु सरिता आश्चर्य ! : वर्षाउदै !!*
*तिम्रै शोक विझेर हो कि किन हो रोइन तमोरै पनि*

(हरिमाया, १/२० पृ.८)

प्रस्तुत श्लोकमा तमोर नदी सुसाएको आवाजलाई पनि काव्य नायिकाको शोकले रोएको हो कि भन्ने आभास कविलाई भएकाले उत्प्रेक्षा अलङ्कार छ ।

**रूपक**

*तिम्रो अन्तिम कालमा शाशिमुखी साथै बसेको थिएँ*

(हरिमाया, १/४४, पृ.१२)

यहाँ आफ्नी पत्नीको मुख चन्द्रमासँग अभेद आरोप गरेकाले रूपक अलङ्कार छ ।

**स्मरण**

*मेरा जीवनकी अनन्त पथकी साथी बनेकी थियौ*
*रम्भा, उवर्सी अप्सरा सरि तिमी राम्री बनेकी थियौ*
*'सारा जीवन साथ दिन्छु म' भनी बाचा गरेकी थियौ*
*मेरो के भूल भो र प्यारी ! बिचमा सन्धी बिगारी दियौ*

(हरिमाया, २/२९, पृ. २१)

प्रस्तुत श्लोकमा हरिमायाका पतिले आफ्नी पत्नीसँगको अतीतको प्रसङ्ग सम्झेकाले गर्दा यहाँ स्मरण अलङ्कार रहेको छ ।

यसैगरी यस शोककाव्यमा अतिशयोक्ति, अपह्नुति, रूपकतिशयोक्ति, दृष्टान्त, स्वभावोक्ति आदि अलङ्कार पाउन सकिन्छ । जस्तै : दृष्टान्त (५/११), रूपकातिशयोक्ति (५/१०), विरोधाभास (५/११), अपह्नुति (१/३०) आदि ।

यस शोककाव्यमा अभिव्यक्त विविध मनोभावहरूको निर्क्यौल गर्दा यस शोककाव्यमा करुण रस भाव नै अङ्गी रूपमा अभिव्यक्त हुन आएको देखिन्छ । यो शोककाव्य आफन्तको मृत्यु पीडामा लेखिएको कारण यसको अङ्गीरस करुण भएको हो । यसका साथै यसमा विप्रलम्भ शृङ्गार वात्सल्य प्रेम रस पनि पाइन्छ । यस काव्यकी नायिका हरिमायाको निधनमा पनि तथा परिवारहरू शोकाकूल छन् । तिनै परिवारको हरिमायाप्रतिको स्मरणमा लेखिएको यो काव्यमा शोक स्थायी भाव हुने करुण रसको व्याप्ति पाइन्छ । देवीप्रसाद ओलीले पत्नी र आफूबीचको प्रणयप्रसङ्ग स्मरण गरेकाले विप्रलम्भ शृङ्गार छ ।

समग्रमा हरिमाया शोककाव्यलाई हेर्दा यसमा सरल र सरस भाषाशैलीको प्रयोग पाइन्छ । लय तथा छन्दका हिसाबले पनि कविता सबल नै देखिन्छ । वर्णहरूको पुनरावृत्ति र अनुप्रासको योजनाले कवितालाई लयात्मक बनाएको छ । शास्त्रीय वर्णमात्रिक छन्दहरूको प्रयोग भएको यो काव्यमा बिम्ब, प्रतीक र अलङ्कार योजना सहज रूपमा भएको भेटिन्छ ।

ऐतिहासिक, सामाजिक, प्राकृतिक स्रोतका बिम्बहरू तथा शब्द र अर्थालङ्कारको प्रयोगले शोककाव्यलाई जीवन्त र आलङ्कारिक बनाएको छ ।

### ४.३.८ निष्कर्ष

बाल्यकालका सहृदयी मित्रकी श्रीमतीको बैंसमै निधन भएपछि मित्र पीडामा समवेदना प्रकट गर्दै प्रस्तुत शोककाव्य गोपालप्रसाद सङ्ग्रौलाले लेखेका हुन् । यस शोककाव्यको विषयवस्तु आफन्तजनको मृत्युमा उत्पन्न भावहरू हुन् । दाम्पत्य जीवनमा भएका सुखदुःखको चित्रण, श्रीमतीको मृत्युपश्चात् एक्लै छट्पटिएर बस्नुपर्ने वाध्यता, छोराछोरीमा आमाको निधनबाट परेको प्रभाव, पत्नीका पूरा गर्न नसकेका इच्छाहरू, छोराछोरीले आमाको रहर पूरा गर्न नसकेको स्थिति तथा नारीका विभिन्न रूपको चित्रण यस शोककाव्यमा प्रस्तुत गरिएको छ ।

काव्यमा हरिमायाका पति देवीप्रसाद पत्नीको निधनले शोकाकूल देखिन्छन् । उनी आफ्नी पत्नी आदर्श, कुलीन भएको कुरा स्मरण गर्छन् । भावविह्वल पति पत्नीमा श्रद्धाञ्जली व्यक्त गर्दै बटुवा र पंक्षी कागसँग समेत सहयोगको अपेक्षा गर्छन् । कुनै बटुवालाई देख्दा पनि पत्नीको समाचारका बारेमा सोध्छन् । आफ्नी पत्नीको शारीरिक सुन्दरता, लवाइ खवाइको स्मरण गर्छन् र कागलाई हरिमाया भेटी आएमा रामले जस्तो क्रूर व्यवहार नदेखाई फलफूल खान दिने कुरा व्यक्त गर्छन् । विवेच्य काव्यमा पति ओली आफ्नो समाचार असल भएको र पत्नीलाई पनि समाचार पठाउन आग्रह गर्दै केकस्तो ठाउँमा बसेकी छ्यौ भनी सोध्छन् । आफूले खर्च पठाउन नपाएको तथा यहीँको जस्तो महङ्गी पो छ कि भनेर शङ्का गर्छन् । छोराछोरी दुबैलाई समान अंश दिने सन्दर्भको उल्लेख पनि गरेका छन् । श्रीमतीलाई काठमाडौं घुमाउन नपाएको तथा इच्छाएको फल ‘स्याउ’ खान दिन नपाएकोमा ओली चिन्तित छन् । छोराछोरीले समेत आफ्नी आमाको शवलाई हेरी अनेक विलौना गरेको प्रसङ्ग शोककाव्यमा देखाइएको छ ।

यस काव्यमा हरिमाया मुख्यपात्र, देवीप्रसाद, छोराछोरी सहायक र कवि, बटुवा, मलामी आदि गौण पात्रका रूपमा रहेका छन् । यस काव्यको कालिक परिवेश वि.सं. २०५२ तिरको रहेको छ भने स्थानिक परिवेश भने तेरथुम, पाँचथर र तिनीहरूको आसपासका क्षेत्र जस्तै – मसानघाट, तमोर नदी आदि रहेका छन् ।

प्रस्तुत काव्यमा आत्मजनको मृत्युको पीडाले छट्पटाएका शोकविह्वल परिवारको भावनात्मक प्रस्तुति छ । भौतिक शरीर दीर्घकालीन हुँदैन आत्मिक प्रेम दीर्घकालका लागि हुन्छ अतः भौतिकताभन्दा आत्मिक प्रेममा विश्वास गर्नुपर्छ भन्ने कथ्य यस काव्यको रहेको छ । पतिपत्नीबीचको प्रणयको व्याख्या, जोडी छुटेर गएपछि एकल जीवन बिताउँदा आउने स्मरण यस काव्यको मूल कथ्य हो । डेरा बस्नुपर्ने बाध्यता, महङ्गीले आकास छोएको प्रसङ्ग तथा छोराछोरीमा भेदभाव नगरी समान अवसर दिनुपर्छ भन्ने तथ्यको वर्णन काव्यमा छ । क्रूर नियतिको बज्रपात जोसुकैमाथि पनि पर्नसक्छ, कालले भर्भराउँदो, बैंसालु, असल खराब केही नछुटाइ लैजान्छ । यस्तो परिस्थितिमा जतिसुकै प्रेम, स्नेह भए पनि सँगै जान नसकी वर्तमान यथार्थमा रमाएर जीवन काट्नुपर्ने तथ्यको उद्घाटन यस काव्यमा गरिएको छ ।

यस शोककाव्यको मुख्य विचार स्वच्छदतावादी प्रणयवादी चिन्तनको अभिव्यक्ति हो । एउटा ग्रामीण परिवेशको सामान्य परिवारमा परेको दैवी बज्रपातको घटनालाई मुख्य आधार बनाई भौतिक शरीर क्षणिक छ, यसलाई सदैव अजर, अमर राख्न सकिन्न तसर्थ आत्मिक प्रेम गर्नुपर्छ जुन अजर अमर हुन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

यस शोककाव्यमा कतै कवि आफैं 'म' पात्रका रूपमा रहेर कथावस्तुलाई अगाडि बढाएका छन् भने कतै कविले देवीप्रसाद र छोराछोरीलाई समाख्याता बनाई 'म' पात्रका रूपमा काव्यमा प्रस्तुत गरेका छन् । त्यसैले यस काव्यमा प्रथम र तृतीय दुवै मिश्रित दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

यस काव्यमा विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग गरिएको छ । शास्त्रीय छन्दअन्तर्गत वार्णिक भेदका शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप, इन्दिरा र वंशस्थ छन्दको प्रयोग गरिएको छ । छन्द मिलाउनका लागि कविले नेपाली लेख्य वर्णविन्यासको वेवास्ता गरेको पाइन्छ । कुनै ठाउँमा एक पाउमै चारभन्दा बढी लेख्य वर्णविन्यास गल्ति भएका श्लोकहरू यथेष्ट पाइन्छन् ।

हरिमाया शोककाव्यमा शब्दालङ्कार/अर्थालङ्कार दुबैको उपस्थिति पाइन्छ । शब्दाल्कारअन्तर्गत अन्त्यानुप्रासको संयोजन सहज ढङ्गले गरिएको पाइन्छ । मसान, राम आदि जस्ता बिम्बको प्रयोग पनि काव्यमा पाइन्छ । अर्थालङ्कारअन्तर्गत उपमा, उत्प्रेक्षा,

रूपक, स्मरण, दृष्टान्त, विरोधाभास आदि अलङ्कारको प्रयोग काव्यमा प्रशस्त मात्रामा पाइन्छ ।

यो काव्य आफन्तको मृत्युपीडामा लेखिएका कारण यसमा शोक स्थायी भाव हुने करुण रस अङ्गी रसका रूपमा आएको छ । लयात्मक साथै श्रुतिमधुर यसकाव्यको भाषाशैली सरल र प्राञ्जल रहेको छ । यस काव्यको लमाइगत आयाम स्वभाविक भए पनि गहिराइगत आयाम भने मध्यम रहेको पाइन्छ । यो काव्य दुःखान्त बन्न पुगेकाले कारुणिक रहेको छ ।

## ४.४ विद्रोहको बाासुरी खण्डकाव्यको विश्लेषण

### ४.४.१ परिचय

गोपालप्रसाद सङ्ग्रौलाको तेस्रो प्रकाशित प्रस्तुत **विद्रोहको बाँसुरी** कृति खण्डकाव्यगत आयामका दृष्टिले पुष्ट देखिन्छ । यो खण्डकाव्य आवरणसमेत जम्मा ९२ पृष्ठमा संरचित छ । यस काव्यको मूल पाठले लिएको पृष्ठांश भने ६५ रहेको छ । यो खण्डकाव्य २०५१/२०५२ तिरै लेखेको भए पनि प्रकाशनको अवसर भने २०६४ मा मात्र प्राप्त गर्‍यो । प्रस्तुत कृतिको आवरणमा उपेन्द्र “पागल” द्वारा निर्मित कलालाई प्रस्तुत गर्दै आवरण पृष्ठमा कृतिको नाम र लेखकको नाम प्रस्तुत गरिएको छ । पछाडिको आवरण पृष्ठमा भने कविको व्यक्तिगत विवरण प्रस्तुत गरिएको छ । यस पुस्तकको प्रकाशकमा श्रीमती शारदा सङ्ग्रौलाको नामोल्लेख छ । यो कृति लेखकले आफ्नी स्वर्गीय आमा लीलादेवी सङ्ग्रौलामा समर्पण गरेका छन् । यस काव्यको भूमिका चारजना व्यक्तिवाट लेखिएको छ । ‘विद्रोहको बाँसुरी काव्यको पाण्डुलिपि नियाल्दा’ शीर्षकको भूमिकामा हरिनारायण भट्टराईले सङ्ग्रौलालाई प्रगतिवादी काव्यकार भएको ठहर गरेका छन् । भूमिकाकै क्रममा ‘कवि गोपाल सङ्ग्रौलाको विद्रोहको बाँसुरी एक अवलोकन’ शीर्षकमा अनिरुद्र तिमसिनाले विवेच्य काव्यको चिनारी दिँदै सङ्ग्रौलाले समकालीन जीवनवोधलाई अन्तर्वस्तु बनाएर परम्परागत छन्दात्मक लयविधानमै स्वरसन्धान गरेका छन् र बाह्याभ्यान्तर सौन्दर्यशिल्पका बीच सामञ्जस्य कायम गर्न खोजेका छन् भनिएको छ । परमधामवासी प्रेमदास उप्रेतीले शार्दूलविक्रीडित छन्दका पाँच श्लोकमा कवि सङ्ग्रौलालाई शुभकामना व्यक्त गरिएको छ । **विद्रोहको बाँसुरी**का पात्रहरू र रसाभिव्यक्ति शीर्षकको

समालोचकीय भूमिकामा उपेन्द्र पागलले सङ्ग्रौला सामाजिक नवसंस्कारको बीजारोपण गरी प्रगतिवादी मानवतावादी वैचारिकतालाई महत्त्व दिने कवि हुन् भन्ने विचार अभिव्यक्त गरिएको छ । काव्यकारको उपोद्‌गारमा भने सङ्ग्रौला भूमिका लेखक सहयोगी तथा काव्यप्रकाशनार्थ सहयोग गर्नु हुने व्यक्तित्वप्रति कृतज्ञता प्रकट गरेका छन् ।

यीबाहेक काव्यले जम्मा ६५ पृष्ठको आयाम लिएको छ । एकदेखि आठ नामधारी सुस्केराहरूमा समापन सुस्केरोसमेत जोड्दा यो काव्यले नौ सुस्केराको लमाइ लिएको देखिन आँउछ । नौ सुस्केरामा विविध छन्दहरूका चारसय पैंतीस (४३५) श्लोकहरू रहेको प्रस्तुत काव्यमा समान श्लोक वितरण भने देखिँदैन । तेस्रो सुस्केरामा १३८ श्लोकहरू रहेका छन् जुन प्रस्तुत काव्य सबैभन्दा लामो सुस्केरा हो भने सबैभन्दा छोटो समापन सुस्केरोमा एघार (११) श्लोकहरू रहेका छन् । यसरी प्रस्तुत काव्य एक सबल खण्डकाव्यका रूपमा संरचित भएको छ ।

## ४.४.२ वस्तु

### ४.४.२.१ कथासार

प्रस्तुत **विद्रोहको बाँसुरी** खण्डकाव्यको कथालाई बुँदागत रूपमा यसप्रकार देखाउन सकिन्छ –

१. काव्यको आरम्भमा मान्छेले मान्छेप्रति मान्छेको जस्तो व्यवहार नगरेकोमा चिन्ता व्यक्त गर्नु ।

२. नेत्रलाई मालिकद्वारा देशद्रोहीको आरोपमा घरबाट निकालिदिनु ।

३. नेत्र जुरुक्क उठेर कम्मरमा खुकुरी भिरी गृहत्याग गर्नु ।

४. गरिब किसानले परिश्रमपूर्वक अन्न उब्जाए पनि धनीकै भण्डार भरिने र गरिबले बोलेको कसैले नसुन्नेकोमा चिन्ता व्यक्त गर्दै पानीमात्र खाएर नेत्रले पेट भर्नु ।

५. देशद्रोहीको आरोप लागेपछि घर छोडेर हिँड्न तयार हुनु तर आमाको मायाले छट्पटिनु ।

६. देशलाई विभिन्न कुतत्त्वहरूले आक्रमण गरी क्षतविक्षत बनाएकोमा एक भई मातृभूमिको रक्षा गर्न आह्वान गर्दै नेत्रद्वारा आफ्नो गृहत्याग गर्नु ।

७. नेत्रलाई हेर्दै नेत्रकी आमाले आफूले भोगेका पीडाहरूको वर्णन गर्नु र शत्रुका सामु कहिल्यै नझुक्न नेत्रलाई उपदेश गर्नु ।

८. नेत्रकी आमा आफू सहिदकी पत्नी र वीर सपुतकी आमा भएकोमा आत्मगौरव गर्नु ।

९. मान्छेका रगतमा होली खेल्नपल्केका शासकहरूले उद्योगधन्दा, विद्यालय आदि खोल्नुको साटो झ्यालखाना खोलेकोमा नेत्रकी आमाद्वारा आक्रोश व्यक्त गर्नु ।

१०. घर छोडेर हिँडेपछि नेत्र प्रकृतिले भरिपूर्ण कुनै अमूक गाउँमा पुग्नु र त्यहाँको रमणीय वातावरणमा भुलिनु ।

११. त्यस गाउँमा मेनका नामकी दमिनी जातकी केटीलाई नेत्रद्वारा मन पराइनु र मेनका सामु प्रेम र विवाह प्रस्ताव राख्नु ।

१२. मेनकाले प्रेमप्रस्ताव उपयुक्त भए पनि आफू दमिनी भएकीले विहे हुन नसक्ने कुरा नेत्रलाई बताउनु ।

१३. नेत्रले समाजविकासको वृतान्त सुनाउनु र जातीय वर्गीकरण केवल कामका आधारमा गरिएकाले संसारमा नारी र पुरुषमात्र गरी दुई जात भएको ठहर गर्नु ।

१४. अन्त्यमा, मेनका र नेत्रबीच धुमधामसँग वैदिक विधिअनुरूप विवाह सम्पन्न हुनु ।

१५. नेत्रकी आमाले जहानबच्चा पाल्नकानिम्ति साहुसँग धान किनेर चिउरा बनाई आठराईमा बेचेको स्मरण गर्नु ।

१६. एक दिन प्रहरीहरू नेत्रको घरमा आई आमासँग नेत्रको बारेमा सोधपुछ गर्नु ।

१७. प्रहरीद्वारा नेत्रकी आमाको निर्मम ढङ्गले हत्या गर्नु ।

१८. आमाको मृत्युबारे नेत्रले जानकारी पाउनु र आमाको स्मरण गर्दै रुनु ।

१९. कविद्वारा नेपालको भौगोलिक, प्राकृतिक र राजनैतिक सौन्दर्य तथा सीमाबारे वस्तुपरक व्याख्या गर्नु ।

२०. सामन्तविरुद्ध लडाइँ गर्न समूहको खोजीमा तल्लीन नेत्रको विद्यार्थी सङ्गठनहरूसँग साक्षात्कार हुनु र सबै मिलेर विषवृक्ष ढाल्ने प्रतिज्ञा गर्नु ।

२१.नेत्रकी श्रीमती मेनकाद्वारा फूलसरीको जिन्दगी क्रान्तिमा नहोम्न र ऐस आरामसँग जिन्दगी बिताउन आग्रह गर्नु ।

२२.आन्दोलनको विपक्षमा नबोल्न मेनकालाई नेत्रले आग्रह गर्नु ।

२३.नेत्रद्वारा दमित नारीहरूको वर्णन गर्दै साथदिन नारीहरूलाई आग्रह तथा नारीस्वतन्त्रताका निम्ति लड्न आग्रह गर्नु ।

२४.झापातिर झरेर दुःखजेलो गरी जीवन बिताउने मेनकाको आग्रहलाई अस्वीकार गर्दै आन्दोलनका निम्ति नेत्रद्वारा पुनः गृहपरित्याग गर्नु ।

२५.समाजका निम्ति दिलोज्यान दिन तत्पर नेत्र गाउँतिर गएर आन्दोलनबारे गोठालाहरूसँग छलफल गर्नु ।

२६.गोठालाहरूसँगको छलफलपश्चात् आन्दोलन तीव्र पार्नु र आन्दोलनको नेतृत्व नेत्र स्वयंले गर्नु ।

२७.सहयात्री बद्री सामन्तको लोभमा फँसी नेत्रलाई गिरफ्तार गर्न सहयोग गर्नु ।

२८.बद्री र प्रहरीप्रति घृणा गर्दै कायरहरूलाई खिया परेको बन्दुक नदेखाउन नेत्रले चेतावनी दिनु ।

२९.प्रहरीद्वारा नेत्रको हत्या गरिनु ।

३०.एक्कासी नेत्रको मृत्युको खबरले मेनका अलापविलाप गरी रुनु ।

३१.नेत्रप्रति मेनकाले श्रद्धाञ्जली व्यक्त गर्दै सहिदले देखाएको बाटोमा लाग्ने प्रण गर्नु र आन्दोलन सफल हुनु ।

### ४.४.२.२ कथानकको विकास र व्यवस्थापन

प्रस्तुत **विद्रोहको बाँसुरी** खण्डकाव्यको कथानकको विकास र त्यसको व्यवस्थापनलाई यसप्रकार देखाइएको छ :

| | |
|---|---|
| १. आदि | |
| क) चिनारी | नेत्रलाई मालिकले देशद्रोहीको आरोप लगाएर घरबाट निकालिदिनु । |
| ख) सङ्घर्षविकास | सामन्तविरुद्ध लड्ने प्रतिज्ञाका साथ नेत्र घरबाट कम्मरमा खुकुरी भिरी गृहकार्य गर्नु । |

| | |
|---|---|
| २.मध्य | |
| ग) दोस्रो सङ्कटावस्था | नेत्रकी आमाले शोषक र सामन्तका विरुद्ध लड्न नेत्रलाई अभिप्रेरित गर्नु । |
| घ) तेस्रो सङ्कटावस्था | नेत्र घुम्दै जाँदा अमुक गाउँमा पुग्नु । |
| ङ)चौथो सङ्कटावस्था | उक्त गाउँमा मेनका नामकी सुन्दरीयुवतीसँग नेत्रको भेट हुनु । |
| च) पाँचौं सङ्कटावस्था | नेत्रको समाजविकासको वृत्तान्त सुनाउनु । |
| छ) छैठौं सङ्कटावस्था | मेनका र नेत्रबीच वैदिक विधिअनुरूप विवाह हुनु । |
| ज) सातौं सङ्कटावस्था | नेत्रद्वारा आमाको हत्या भएको समाचार प्राप्त गर्नु । |
| झ) आठौं सङ्कटावस्था | सामन्तविरुद्ध लड्न असङ्गठित र बेसहारा भइरहेको नेत्रले विद्यार्थी सङ्गठनहरू फेला पार्नु । |
| ञ) नवौं सङ्कटावस्था | क्रान्तिमा नहोमिन मेनकाद्वारा नेत्रलाई आग्रह गर्नु । |
| ट) दसौं सङ्कटावस्था | नेत्र गाउँतिर गएर गोठालाहरूसँग आन्दोलनबारे सरसल्लाह गर्नु । |
| ३. अन्त्य | |
| ठ) सङ्घर्षह्रास | बद्रीको सहायताले प्रहरीद्वारा नेत्रको गिरफ्तारी गर्नु । |
| ड) उपसंहार | नेत्रको निर्ममतापूर्वक हत्या गरिनु र आन्दोलन सफल बन्नु । |

**१. आदि**

**क) चिनारी (आरम्भ)**

'**विद्रोहको बाँसुरी** आख्यानात्मक खण्डकाव्य कृति हो । यस काव्यको प्रारम्भ कविले प्रगतिवादी चिन्तनको व्याख्याबाट गरेका छन् । यस काव्यमा काव्यनायक नेत्र कुनै एउटा मालिकको घरमा नोकरका रूपमा बसेको हुन्छ । प्रगतिवादी सोच, चिन्तन र व्यवहार भएको नेत्रको आनीबानी मालिकलाई मन नपरेपछि देशद्रोहीको आरोप लगाएर घरबाट निकालिदिन्छ । बिलखबन्दमा परेको नेत्र मालिकको घर छोडेर आएपछि धनी र गरिबका बीच देखिएको खाडल पुर्ने निश्चयका साथ अगाडि बढेको छ ।

यस खण्डकाव्यको आरम्भ भागमा काव्यको नायक, काव्यमा उपस्थित मुख्य समस्या र परिवेशको चिनारी दिइएको छ । देशद्रोहीको आरोप लागेको नेत्रले साहुको घर छोड्नु र परिवर्तनका निम्ति क्रान्ति गर्ने सोच बनाउनु अनिवार्य हो भन्ने देखाउन खोजिएको छ ।

**ख) सङ्घर्षविकास (पहिलो सङ्कटावस्था)**

आफू भोकभोकै बसेर किसानले अन्न उब्जाउने गरेको तर कहिल्यै पेट भर्न नपाएको दुःखेसो गर्दै गरिबले बोलेको पनि कसैले नसुनेकोमा नेत्र आक्रोस प्रकट गर्दछ । देशद्रोहीको आरोप लागेपछि कम्मरमा खुकुरी भिरी औँसीको कालो रात चिर्ने प्रण गर्दै नेत्र अगाडि बढ्छ । बाटामा अनेक हण्डर र ठक्करहरू खाएको नेत्र माघको जाडो र जेठको घामबाट बिचलित भएको देखिँदैन । यता घर धान्ने समस्या र उता राष्ट्रमुक्तिका निम्ति समर्पित हुने मनका बीचमा द्वन्द्व चलेको देखिन्छ । आफ्ना बाबु र भिनाजुले समेत आन्दोलनमा ज्यान गुमाएको नेत्र स्मरण गर्नपुग्छ । अन्त्यमा सबै वर्ग समुदायलाई एकत्रित गरी आन्दोलन गर्ने निर्णयका साथ नेत्र बाटो लाग्छ ।

यसरी नेत्रले साहुको घर छोडेर हिँड्नु यस काव्यको प्रथम सङ्कटावस्था हो । आन्दोलन गरेर आमजनतालाई मुक्ति दिलाउनै पर्ने बाध्यता यस सङ्कटावस्थाको प्रमुख कारण हो र यहीँबाट सङ्घर्षविकासको स्थिति आउछ ।

**२. मध्य**

**ग) दोस्रो सङ्कटावस्था**

नेत्रले जनता र राष्ट्रका निम्ति लड्ने निधो गरिसकेपछि नेत्रकी आमा नेत्रलाई झन् आन्दोलन गर्न अभिप्रेरित गर्दै आफूलाई पनि सहिदकी पत्नी भएकीमा गर्व गर्न पुग्छिन् । कुनै पनि शर्त र लोभमा सामन्तहरूसँग सम्झौता नगर्न भन्दै नेत्रकी आमा सरकारले शिक्षा र रोजगारका निम्ति शिक्षालय उद्योगधन्दा खोल्नुका साटो झ्यालखाना खोलेको र बन्दुक किनेकोमा आक्रोश प्रकट गर्दछिन् । देशको सम्पूर्ण ढुकुटी मोजमस्तीमा नै सामन्तहरूले सिध्याइसकेकाले त्यसप्रति सम्पूर्ण सचेत हुनुपर्ने नेत्रकी आमाले औँल्याएकी छन् । यस्तै शासकहरूको बल सैनिकमा अडिएको र सैनिक मेनका कागजी बाघ भएकाले मृत्युसँग नडराई छोरालाई लड्न नेत्रकी आमा प्रेरित गर्दछिन् ।

यस खण्डमा कविले नेत्रकी आमालाई आदर्श आमा र आदर्श पत्नीका रूपमा उभ्याएर आम जनताका मुक्तिका निम्ति लड्न र राज्यको ढुकुटी उडाउने फटाहाका विरुद्ध लाग्न आग्रह गरेका छन् ।

**घ) तेस्रो सङ्कटावस्था**

काव्यनायक नेत्र घर छोडेर हिँडेपछि प्रकृतिले भरिपूर्ण ठाउँमा पुग्छ । नेत्र घना जङ्गलमा पुग्छ जहाँ फूलहरू ढकमक्क फुलेका, लहराहरू निर्धक्क रूखमा बेरिएर फैलिएका छन् । वन्यजन्तु र पंक्षीहरू नेत्रको आगमनमा कुनै पनि प्रकारको हिंसाभाव नपाएपछि फुरुङ्ग भएर रमाइरहेका छन् । यसरी प्रकृतिको आस्वादन गर्दै र मनमा क्रान्तिको भावना बोकेर हिँडेको नेत्र कुनै अमूक गाउँमा पुग्दछ । त्यो गाउँका हरेक घरहरू सौम्य र हरेक मान्छेहरू सुन्दर देखिन्थे ।

प्रस्तुत काव्यमा वर्णित प्रकृतिले भरिपूर्ण गाउँ र त्यस गाउँमा नेत्रको आगमनले काव्यको कथानकमा नयाँ मोड आएको छ ।

**ङ) चौँथो सङ्कटावस्था**

नेत्रले त्यस अमूक गाउँमा भर्खरै गोबरले लिपेको घर देख्छ । त्यस घरमा एउटी यौवनालाई समेत देखेपछि नेत्रको युवामन भित्रैदेखि सल्बलाएर आउँछ । उक्त केटीप्रति नेत्र सारै नै लोभिन पुग्छ । मेनका नामकी उक्त केटी पनि नेत्रप्रति आकर्षित हुन पुग्छे । दुवैका दिलमा कुतकुती लागे पनि मुख फुटाउन भने सक्दैनन् । कविले यहाँ शृङ्गार रसलाई परिपाक अवस्था पुऱ्याउने काम गरेका छन् । अन्तिममा मनमा कुरा राख्न नसकी नेत्रले नवयौवनालाई 'मिठी मधु-प्याला' भनेर सम्बोधन गर्दै नाम र काम सोध्दछ । यस्तै आफूले मन पराइसकेकाले उनलाई पनि हृदयको ढोका खोल्न नेत्र आग्रह गर्दछ । संवादात्मक शैलीमा अघि बढेको यस भागमा नायकनायिकाबीच संवाद भेटिन्छ । मेनकाले आफ्नो परिचय दिँदै नेत्रको परिचय माग्दछिन् । मेनकाले आफू दमिनी भएको र बाबुको पेसा सूचीकार रहेको भन्दै क्षेत्री नेत्र र दमिनी मेनकाबीचको मिलन असम्भव हुने खुलासा गर्छिन् । यता प्रगतिवादी विचारले ओतप्रोत नेत्र भने जात भन्ने कुरा केही होइन मन मिल्यो भने सबै हल हुन्छ भन्दै मानवतावादी विचार प्रकट गर्दछ ।

यस खण्डमा नायकनायिकाबीच भेट गराई तिनको परिचय र तिनमा उत्पन्न प्रेमभावको वर्णन गरिएको छ । यस्तै नायिका दमिनी भए पनि नेत्र स्वीकार्न तत्पर रहेको घटनाको वर्णन गरी काव्यलाई अगाडि बढाइएको छ ।

**च) पाँचौँ सङ्कटावस्था**

मेनकाले आफू दमिनी भएकोले नेत्रसँग बिहे गर्न अस्वीकार गरेपछि नेत्रले मेनकालाई समाजविकाससम्बन्धी वृत्तान्त सुनाउछ । पहिले मान्छे जङ्गलमा बस्ने, पशुपंक्षीको आहार गर्ने, भूमिमा कसैको स्वामित्व नरहने र मातृसत्तात्मक प्रथा रहेको कुरा नेत्रले मेनकालाई बताउँछ । त्यतिबेला मालिक नोकर, राजा-प्रजा आदि नभएर सबै समान भएको तथा विवाह पनि समूहमा हुने कुरा बताउँदै पछि नारीहरूलाई दबाउन थालेको कुरा नेत्रले बताउँछ । मान्छे क्रमशः स्वार्थी बन्दै जाने क्रममा पशुहरूमाथि शासन गर्छ र दास - मालिक प्रथाको प्रारम्भ हुँदै जान्छ । यसपछि मान्छेलाई कजाउन उसको कामका आधारमा जातको वर्गीकरण गरिएको उल्लेख गर्दै नेत्र केवल मान्छेको दुई जात मात्र हुने कुरामा जोड दिन्छ । अन्ततः मेनका पनि नेत्रको कुरामा सहमति जनाउँछे र बिहे गर्ने टुङ्गोमा पुग्छे ।

यसरी समाजविकासको इतिहास बताएर नेत्रले जातभातसम्बन्धी व्यवस्था केवल सामन्तहरूले गरिबलाई शोषण गर्ने उपाय मात्र भएको उल्लेख गरेपछि मेनका विवाहका निम्ति तयार हुन्छे । यसरी यस काव्यको कथानकमा नयाँ मोड सिर्जना भएको छ ।

**छ) छैटौँ सङ्कटावस्था**

नेत्र र मेनकाबीच धुमधामसँग वैदिक विधिअनुरूप विवाह गर्ने टुङ्गो लाग्छ । यसका निम्ति सबै घरद्वार, आँगन रङ्गाई तोरण टाँगेर साजसज्जा गरिन्छ । नेत्र र मेनकाको बिहेमा सिङ्गो गाउँ खुसी भएको, बेहुलीलाई सङ्गिनीहरूले शृङ्गारपेटार गरेको आदि घटनाहरूको वर्णन गर्दै मेनकाको शारीरिक सुन्दरताको वर्णन गरिएको छ । यता बेहुला पक्षबाट जन्ती लिएर गएपछि मेनकाले स्वयंवर गरेको, कृष्ण मिश्रले मन्त्रोच्चारण गरेको घटनालाई वर्णन गर्दै नवदुलही देख्दा नेत्रकी आमामा आएको खुसीको वर्णन गरिएको छ । अन्त्यमा नवदुलही मेनकाको गृहप्रवेशसँगै यस सङ्कटावस्थाको समापन भएको छ ।

**ज) सातौँ सङ्कटावस्था**

नेत्रकी आमा करिब असी वर्ष पुगेकी वृद्धा छन् । घरमा बुहारी भित्र्याएपछि नेत्र फेरि जनताका मुक्तिका निम्ति गएको हुन्छ । नेत्रकी आमा सक्रान्तिबजार गएर चिउराका व्यापार गरी जीविकोपार्जन गरिरहेकी हुन्छिन् । एकदिन सक्रान्तिबजारबाट प्रहरीको जत्था आएर नेत्रको बारेमा आमासँग सोधपुछ गर्दछ । भुसतिघ्रे प्रहरीहरू आमासँग सोधपुछ गर्दागर्दै एक्कासी हात हाल्न पुग्छ; आमालाई दुर्वचनले सम्बोधन गर्छन् र छोरो देखाउन धम्की दिन्छन् । आमाले रिसको झोकमा सामन्तका मतियार कथित इन्स्पेक्टर पूर्णेलाई खुर्पाले हान्न पुग्छिन् । आँगनमा रगत आहाल भएपछि पूर्णेको निर्देशनमा प्रहरीले आमाको गोली हानी हत्या गर्दछन् । भूमिगत अवस्थामा नै आमाको मृत्युको खवर पाएपछि नेत्र भावविह्वल हुनपुग्दछ । आमाले आफूलाई अनेक दुःखकष्ट गरेर हुर्काएको स्मरण गर्दछ र सत्ताका दलालप्रति नेत्र मुर्मुरिन पुग्दछ । आमाको निधन भएपछि आफ्नो संसार अँध्यारो भएको सहारा गुमेको, इन्द्रिय टुटेको आदिजस्ता कुराहरू गर्दै अलापविलाप गर्दछ । यहाँ कविले नेत्रको आमाको स्मरणमा शोककाव्यकै ढप दिएर काव्यसिर्जना गरेका छन् । आमालाई फेरि बगैचाहरूमा फूल भएर आउन आग्रह गरिएको छ ।

यसरी सामन्तका मतियारहरूद्वारा वीरङ्गना नेत्रकी आमाको हत्याको प्रसङ्गलाई मार्मिक प्रस्तुत गरिएको छ । यस्तै आमाको स्मरणमा नेत्रमार्फत् कविले शोककाव्यको रचनासमेत गर्ने प्रयास गरेका छन् ।

**झ) आठौं सङ्कटावस्था**

नेपालको भौगोलिक सुन्दरता र राजनैतिक सीमानाको चिनारी दिइनु, नेत्रको घुमन्ते जीवन सक्रान्ति बजारमा पुग्नुजस्ता घटनाहरूको वर्णन यस खण्डमा गरिएको छ । आन्दोलन त गर्ने तर असङ्गठित भएर भन्दा सङ्गठित भएर गर्नु उपयुक्त हुने ठहर गर्दै नेत्र सङ्गठनको तर्खरमा रहन्छ । यसै क्रममा नेत्रको विभिन्न विद्यार्थी सङ्गठनहरू तथा स्ववियुसँग भेट हुन्छ र संयुक्त रूपमा आन्दोलन गर्ने तयारी गर्छन् । यता नेत्रलाई समाजका हरेक पक्षका मान्छेलाई आन्दोलनमा प्रेरित गर्ने जिम्मा दिइन्छ । सोही मुताबिक नेत्रले सामन्ती मण्डलेहरूका विरुद्ध लड्न विद्यार्थी, किसान, कर्मचारी, वकिल र व्यापारीहरूको सहभागिता जुटाई आफू नेतृत्व गर्दछ । यहाँ सामन्तले राज्यको ढुकुटी सकेको, विदेशी शक्तिहरूले चलखेल गरेको जस्ता विषय र प्रसङ्गलाई उल्लेख गर्दै प्रगतिवादी सोच र चिन्तन प्रस्तुत गरिएको छ ।

### ञ) नवौँ सङ्कटावस्था

यौवनले भरिपूर्ण मेनका रासलीला र जीवनलाई सुख भोगमा बिताउने विचार उमार्छिन् । मेनकाले आफ्ना लोग्ने नेत्रलाई आन्दोलन गरेर जीवन खेर नफाल्न अनुरोध गर्दै झापातिर झरेर सुखमय जीवन बिताउने विचार प्रकट गर्दछिन । 'सामन्तविरुद्ध नेत्रले लड्न खोज्नु भनेको पहराविरुद्ध कुहिनो जस्तै हो' भन्दै मेनका नेत्रलाई नलड्न आग्रह गर्दछिन् । पत्नीको यस्तो विचार सुनेर नेत्र आन्दोलन विरोधी कुरा नगर्न भन्दछ । नारीका विविध रूपको विभिन्न ढङ्गले वर्णन गरे तापनि नेत्र भने वनसिंहनीको उपमा दिँदै पौराणिक कालीन दुर्गारूपको वर्णन गर्दछ । यसरी नारी महानताको चर्चा गर्दै नारीलाई आन्दोलनबाट विमुख नहुन आग्रह गर्दछ । संसारमा समाजलाई सुख दिने मान्छे कम भएको र समाजको सुखका निम्ति मर्नु उत्तम भएकाले आन्दोलनबाट विचलित नहुने प्रतिज्ञा नेत्र प्रकट गर्दछ ।

यसरी यस खण्डमा मेनका र नेत्रका माध्यबाट द्वन्द्वको सिर्जना गरी प्रगतिवादी सोच र जनताका मुक्तिका निम्ति सङ्घर्ष गर्नुपर्ने तथ्यलाई अगाडि सारिएको छ ।

### ट) दसौँ सङकटावस्था

आन्दोलनलाई जसरी भए पनि टुङ्गोमा पुऱ्याउने प्रण गरेर नेत्र गाउँलेलाई सङ्गठित गरी आन्दोलित हुन प्रेरित गर्न र गाँउलेहरूसँग छलफल गर्न ग्रामीण भेकतर्फ लाग्दछ । गाउँमा गोठाला, कृषक आदि सबै वर्गसँग सरसल्लाह गरी नेत्र आन्दोलन गर्नैपर्ने निष्कर्षमा पुग्दछ र आन्दोलनको नेतृत्व समेत आफैँले गर्दछ । नेत्रले कृषकहरूलाई उत्पादन, भूमिवितरण आदिजस्ता विषयमा विशेष ध्यान दिएर बहस गराउँछ । यहाँ नेत्रको मुखबाट क्रान्तिकारी विचारको वकालत गराइएको छ ।

### ३. अन्त्य

### ठ) सङ्घर्षह्रास

आन्दोलन दिनरात चर्किँदै गइरहेको थियो । सामन्तहरूले घुँडो टेक्ने निश्चित भइसकेको थियो । यही क्रममा नेत्रसँगै आन्दोलन गर्ने बद्री नामधारी एकजना व्यक्तिलाई प्रहरीले पक्रेर थानामा लैजान्छ । थानामा अनेक प्रलोभन देखाएपछि बद्रीको मन धनमा लोभिन्छ र देश तथा जनताका निम्ति घातक निर्णय गर्दछ । धेरै खोजीको सूचीमा परेको आन्दोलनको नाइके नेत्रको गोप्य वासस्थानका बारेमा बद्रीले जानकारी दिन्छ । पहिले निकै

क्रान्तिकारी भाषण गर्ने बद्रीले यस्तो काम गर्ला भन्ने कसैले सोचेका थिएनन् । बद्रीले इन्स्पेक्टरलाई साथै लिएर आउँछ र नेत्रको बासस्थान देखाइदिन्छ । बद्रीको यो व्यवहारबाट आक्रोशित नेत्रले बद्रीको मुखमा थुकिदिन्छ र गोलीले विचारको अन्त्य नहुने भावना प्रकट गर्दछ ।

यहाँ काव्यनायक नेत्रको अन्त्य हुनै लागेकाले अब यस काव्यको कथानक पनि एकदमै अन्तिम अवस्थामा पुगेको छ ।

**ड) उपसंहार (फलप्राप्ति)**

प्रहरीले नेत्रको गोप्यवासस्थान पत्ता लगाएपछि प्रहरीको हाकिमको निर्देशनमा नेत्रलाई निर्वस्त्र पारिन्छ र बाँधेर झाडीमा घुमाइन्छ । उसको शरीर थिलथिलो भएर रक्ताम्य हुनपुग्दछ । यस्तो अवस्थामा समेत नेत्र बन्दुकले कसैको विचार मार्न नसक्ने अभिव्यक्ति प्रकट गर्दछ र ढिलो नगरी आफ्नो हत्या गर्न भन्दछ । अन्त्यमा प्रहरीद्वारा नेत्रको निर्मम तरिकाले हत्या गरिन्छ । यता मेनकाले नेत्रको मृत्युबारे सुन्छे । केहीबेरमै आँखाबाट आँसुका बलिन्द्र धाराहरू झर्न थाल्छन् । मेनकालाई यो धरती अन्धकार भएझैं लाग्यो । *किन कोही महलमा र कोही बगरमा बस्छन्, कसैका कुकुर खीर खान्छन् र कोही मान्छे भात खान नपाएर मर्छन् ?* भन्दै यसका विरुद्धमा लाग्ने प्रण मेनका गर्दछे । समग्र सहिद र आफ्नो लोग्नेले देखाएको बाटोमा लागेर देश र जनताका निम्ति लड्न जागरुक भएकी मेनका आन्दोलनमा होमिन्छे । अन्ततः निरङ्कुश पाषाणहृदयी शासकहरू जनताका सामु घुँडा टेक्छन् र आन्दोलनले सफलता प्राप्त गर्दछ ।

क्रान्तिकारी चेत भएको नेत्रलाई साहुले देशद्रोहीको आरोप लगाएर घरबाट निकालिदिएपछि देश र जनताका पक्षमा लड्ने प्रण गर्दै गृहत्याग गरेको नेत्रको मेनकासँगको प्रेम र विवाह, आन्दोलनमा सहभागिता र मृत्युवरण गरेको घटना यस काव्यको मूल कथ्य हो ।

समग्र दृष्टिकोणबाट हेर्दा प्रस्तुत काव्यको कथानक स्पष्ट र क्रमिक रहेको छ । यस काव्यको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अनुस्यूत भएको छ । कतिपय ठाउँमा आएका वैचारिक श्लोकहरूले यस काव्यलाई अघि बढाउन आंशिक रूपमा सहयोग गरेको छ ।

### ४.४.३ सहभागी र सहभागिता

**विद्रोहको बाँसुरी** खण्डकाव्य अल्पसङ्ख्यक पात्रहरूको प्रयोग भएको आख्यानात्मक कृति हो । यसमा नेत्र, आमा, मेनका, पूर्णे, बद्री, कृष्ण मिश्र, प्रहरीहरू, जन्ती आदि सहभागीहरूको सहभागिता रहेको छ । यी सबै पात्रको भूमिका प्रस्तुत कृतिमा समान छैन । यस खण्डकाव्यको प्रमुख पुरुष पात्र नेत्र हो भने प्रमुख नारी पात्र मेनका हो । यीबाहेक अन्य सहभागीको भूमिका सामान्य रहेको छ ।

प्रस्तुत खण्डकाव्यमा प्रयोग गरिएका सम्पूर्ण सहभागीहरूको प्रकार र सहभागितालाई निम्नअनुसार तालिकामा आबद्ध गरी देखाइएको छ :

**सहभागीहरूको प्रकार र सहभागिता**

| आधार | पात्र / प्रकार | नेत्र | मेनका | आमा | बद्री | पूर्ण |
|---|---|---|---|---|---|---|
| लिङ्ग | पुरुष | + | - | - | + | + |
| | महिला | - | + | + | - | - |
| कार्य | प्रमुख | + | + | - | - | - |
| | सहायक | - | - | + | + | + |
| | गौण | - | - | - | - | - |
| प्रवृत्ति | अनुकूल | + | + | + | - | - |
| | प्रतिकूल | - | - | - | + | + |
| स्वभाव | स्थिर | + | - | + | - | + |
| | गतिशील | - | + | - | + | - |
| जीवनचेतना | वर्गीय | + | + | + | + | + |
| | व्यक्तिगत | - | - | - | - | - |
| आसन्नता | मञ्चीय | + | + | + | + | + |
| | नेपथ्य | - | - | - | - | - |
| आवद्धता | बद्ध | + | + | + | + | + |
| | मुक्त | - | - | - | - | - |

सहभागीहरूका चारित्रिक विभेदक अभिलक्षणलाई निम्नानुसार तालिकामा आबद्ध गरी देखाइएको छ :

| पात्र / अभिलक्षण | नेत्र | मेनका | आमा | बद्री | पूर्ण | कृष्ण मिश्र | प्रहरीहरू |
|---|---|---|---|---|---|---|---|
| १. वृद्ध | - | - | + | - | - | + | - |
| २. युवा | + | + | - | + | + | - | + |
| ३. सत् | + | + | + | - | - | + | + |
| ४. प्रमुख | + | + | - | - | - | - | - |
| ५. सहायक | - | - | + | + | + | + | + |
| ६. आदर्शवादी | - | + | + | - | - | - | - |
| ७. स्वार्थी | - | - | - | + | + | - | + |
| ८. प्रकृतिप्रेमी | + | + | - | - | - | - | - |
| ९. अभौतिकवादी | + | + | - | - | - | - | - |
| १०. प्रगतिशील | + | + | + | - | - | - | - |
| ११. क्रान्तिकारी | + | + | + | - | - | - | - |
| १२. राष्ट्रवादी | + | - | + | - | - | - | - |
| १३. मानवतावादी | + | + | + | - | - | - | - |
| १४. सुन्दर | + | + | - | - | - | - | - |
| १५. भावुक | + | + | + | - | - | - | - |
| १६. पतिव्रता | - | - | - | - | - | - | - |
| १७. स्थिर | + | - | + | - | - | - | - |
| १८. यथार्थवादी | + | - | + | - | + | - | - |

उपर्युक्त तालिकालाई आधार मानी **विद्रोहको बाँसुरी** खण्डकाव्यमा प्रयुक्त सहभागीहरूको चारित्रिक अभिलक्षणलाई यहाँ देखाइन्छ । यहाँ प्रस्तुत खण्डकाव्यमा उल्लेख भूमिका निर्वाह गर्ने पात्रको अभिलक्षणलाई मात्र प्रस्तुत गरिएको छ –

### ४.४.३.१ नेत्रको चारित्रिक अभिलक्षण

**विद्रोहको बाँसुरी** खण्डकाव्यको प्रमुख पुरुष पात्र नेत्र हो । यस काव्यमा नेत्रलाई सत्, प्रकृतिप्रेमी प्रगतिशील, क्रान्तिकारी, अभौतिकवादी, राष्ट्रवादी, भावुक, स्थिर अभिलक्षण भएको पात्रका रूपमा उभ्याइएको छ ।

नेत्र पहाडमा जन्मेको एक सुन्दर ठिटो हो । घरको आर्थिक अवस्था कमजोर भएकाले गाउँकै कुनै साहुकोमा कामदारका रूपमा बसेको नेत्र एकदिन साहुले देशद्रोहीको आरोप लगाएपछि अलपत्र पर्छ । राष्ट्रवादी चिन्तन भएको नेत्र देशको निम्ति केही गर्ने प्रणका साथ आन्दोलनमा होमिन तयार पर्छ । घर छोडेर हिडेपछि ऊ प्रकृतिले भरिपूर्ण कुनै सुन्दर गाउँमा पुग्छ । नवयौवनालाई देखेपछि पुरुष मन त्यसतर्फ आकृष्ट हुन्छ । नवयौवनसँगको सामान्य वार्तालापलाई पछि उनी दमाई जातकी मेनका नामधारी हुन् भन्ने थाहा पाउँछ । मेनकालाई नेत्रले प्रेमप्रस्ताव राखे तापनि सहजै स्वीकार हुँदैन । समाजविकासका इतिहासहरू नेत्रले भने पछि मेनका र नेत्रका बीचमा वैदिक विधिअनुरूप नै अन्तर्जातीय विवाह हुन्छ । आफ्नो कर्तव्यप्रति दृढ नेत्र घरमा श्रीमतीलाई छोडेर आन्दोलनमा नै होमिन पुग्छ । सङ्गठित भएर आन्दोलन गर्ने ऊ विद्यार्थी सङ्गठनहरूसँग आबद्ध हुन्छ । पछि सबैलाई आन्दोलनमा सहभागी गराउने उद्देश्यले कुनै पहाडी गाउँमा पुग्छ । आन्दोलनकै क्रममा सहकर्मी बद्रीको झोसपोलबाट पक्राउ पर्छ र प्रहरीद्वारा नेत्रको हत्या गरिन्छ । नेत्र सुरुदेखि अन्तिमसम्म स्थिर पात्रका रूपमा उपस्थित छ ।

समाजमा हुने गरेका अन्याय र अत्याचारप्रति नेत्र सचेत छ । ऊ संसारमा कोही मालिक भएर मोजमस्ती गरेको र कोही खान नपाएर पल्टेको देख्न सक्दैन । यस्तै निरङ्कुश शासकहरूले निहत्था जनताको न्यूनतम् मानवअधिकार खोसेको प्रति पनि ऊ सचेत छ । यी र यस्ता प्रवृतिका विरुद्धमा क्रान्तिकारी चरित्र भएर नेत्र देखापरेको छ । घरमा एक्ली विधवा आमालाई छोडेर देश र जनताको निम्ति लड्न तयार हुने राष्ट्रवादी चरित्र हो । नेत्र मानवतावादी चरित्र हो । नेत्र अन्यायमा परेका आम नेपालीका पक्षमा उभिएको छ । श्रीमतीले आन्दोलनमा नलागी झापातिर झरेर घरजम गरी गरिखाने प्रस्ताव राख्दा सोझै

अस्वीकार गर्ने अभौतिकवादी चरित्र हो । भूमिगत अवस्थामा रहेकै बेला घरमा प्रहरी जत्थाद्वारा आमाको हत्या गरिएपछि ऊ निकै गम्भीर बन्दछ । त्यसैले ऊ भावुक प्रवृत्तिको चरित्र हो । आफू क्षेत्री जातको युवक भए पनि दमिनी जातकी मेनकासँग वैद्धिक ढङ्गले विवाह गर्ने प्रगतिशील चरित्रका रूपमा नेत्र यस काव्यमा उपस्थापित छ ।

### ४.४.३.२ मेनकाको चारित्रिक अभिलक्षण

मेनका यस आख्यानात्मक कृतिकी प्रमुख नारी पात्र हो । यस कृतिमा मेनकालाई सुन्दर, सत्, आदर्शवादी, प्रकृतिप्रेमी, प्रगतिशील, पतिव्रता अभिलक्षण भएकी चरित्रका रूपमा उपस्थापित गरिएको छ ।

मेनका एकदमै सुन्दरी नारी हो । मेनकालाई देख्नासाथ नेत्र मन्त्रमुग्ध भएर प्रेमप्रस्ताव राख्दछ । प्रकृतिले पूर्ण सुन्दर गाउँमा जन्मे हुर्केकी मेनका प्रकृतिप्रेमी छे । कथित तल्लो जातमा जन्मिएकी मेनका नेत्रको प्रेमप्रस्ताव सहजै स्वीकार गर्दिन आफू दमिनी भएकीले नेत्रसँग विवाह गर्न अयोग्य छु भन्ने मेनका नेत्रलाई चौपट्टै मन पराउँछे । नेत्रका मुखबाट समाजविकासको इतिहास सुनेपछि संसारमा मान्छेको दुई जातमात्र रहेको ठहर गर्दै नेत्रसँग विवाह गर्न मञ्जुर हुन्छे । सदैव आन्दोलनमा हिँडिरहने लोग्नेलाई आन्दोलन छोडेर घरव्यवहार गर्न अनुरोध गर्दछे । आन्दोलनकै क्रममा प्रहरीद्वारा नेत्रको हत्या भएको खबर पाएपछि आन्दोलनमा लागेकी मेनका गतिशील भए पनि सत् पात्र हो । मेनका आदर्शवादी चरित्र हो । मेनका दमिनी भए पनि सोझै क्रान्ति गरेर नेत्रसँग विवाह गर्न तयार बन्दिन । यता यौवनले भरिपूर्ण मेनका सुखभोग गर्न नेत्रलाई आन्दोलन छोडेर झापातिर गई घरजम गर्न तत्पर छ । त्यसैले ऊ भौतिकवादी चरित्र हो । सुरुमा यथास्थितिवादी देखिए पनि मेनका पछि क्रान्तिकारी र प्रगतिशील बन्न पुगेकी छ । यथास्थितिवादी चरित्रवाट आदर्शवादी, क्रान्तिकारीमा परिणत हुनु मेनकाको गतिशील प्रवृत्ति हो । आफ्नो लोग्ने नेत्रको प्रहरीद्वारा हत्या गरिएपछि निकै अलापविलाप गर्दै रुन्छे । यसबाट ऊ भावुक चरित्रका रूपमा परिचित छे । कविले मेनकाको चरित्राङ्कनमा खासै सफलता प्राप्त गरेका छैनन् । विवाहका बेला देखिएकी मेनकाको चारित्रिक उपस्थिति एकैचोटी भोगवादी चरित्रका रूपमा काव्यको मध्य भागतिर देखापरेको छ । आमाको निधनमा, लोग्नेको गृहत्यागमा उसको उपस्थिति नगराउनु तथा लोग्ने मरेपछि एक्कासी आन्दोलनमा प्रवेश गरेकी मेनकाको चरित्राङ्कन त्यति स्वभाविक देखिँदैन ।

#### ४.४.३.३ आमाको चारित्रिक अभिलक्षण

आमा **विद्रोहको बाँसुरी** खण्डकाव्यकी आर्दश पात्र हुन् । जस्तोसुकै विपत्ति आइपर्दा पनि सामना गर्न तयार आमा नेत्रकी मात्र नभएर समग्र पीडितहरूकै आमा हुन् । काव्यमा उनलाई वीरङ्गना नारीका रूपमा चित्रण गरिएको छ । लोग्ने, छोरा, ज्वाइँसमेत आन्दोलनमै सहिद भएका कारण आमा आफू पनि सहिद नै बन्न पुग्छिन् । घरको आर्थिक स्थिति नाजुक भएपछि जीवीकोपार्जनका निम्ति आठराईमा गएर चिउराको व्यापार गर्ने गर्दछिन् । छोरालाई कहिल्यै पनि आन्दोलनबाट विमुख हुन नदिने आमा निडर स्वभावकी छन् । उमेरले चार बीस हिउँद काटिसकेकी भए पनि आमाको जोश नवयौवनाको जस्तो छ । आफू बुढी भए पनि परम्परागत अन्धविश्वास र भेदभावप्रति उनी सचेत छिन् । छोराले दमिनी जातकी बुहारी घरमा भित्र्याउँदा एकदमै खुशी हुने प्रगतिशील चरित्र हुन् । सबैलाई आन्दोलनमा लाग्न आग्रह गरिरहने उनी आदर्शवादी चरित्र हुन् । प्रहरीहरू आएर छोराका बारेमा सोधपुछ गर्दै दुर्वचन बोले पनि आमा निडरताका साथ छोरो डरले लुक्न गएको नभई बजार गएको भनिदिन्छन् । सामन्तहरूले आफूलाई पुर्ने चिहान आफैँले खन्दैछन् भनेर प्रहरीसँग मुखामुख गर्दागर्दै इन्स्पेक्टर पूर्णेले वृद्ध शरीरमा हात हाल्छ । आमाले पूर्णेका मुखमा थुक्दै प्रतिकारमा खुर्पाले पूर्णेको दाहिने हात खसाल्छिन् । यसपछि भने प्रहरीद्वारा निर्ममतापूर्वक ढङ्गले आमाको हत्या गरिन्छ । मृत्युसँग नडराउने कालजयी सहिदका आमाहरूको प्रतिनिधि आमा समग्र नेपालीहरूकी पनि आमा हुन् । आमामा राष्ट्रवादी चिन्तन रहेको पाउन सकिन्छ । व्यापक रूपमा जातीय विभेद रहेको समयमा पनि तल्लो जातकी बुहारी स्वीकार्ने, सामन्तलाई मास्नैपर्छ भनी मृत्यसँग नडराई सङ्घर्ष गर्ने आमा क्रान्तिकारी चिन्तनले ओतप्रोत नारी हुन् । काव्यमा सहायक पात्रको भूमिका निर्वाह गर्न उपस्थापित आमा सत्चरित्र, पतिव्रता, कर्तव्यपरायण, भावुक मानवतावादी सहभागी हुन् ।

#### ४.४.३.४ पूर्णेको चारित्रिक अभिलक्षण

पूर्णे यस आख्यानात्मक काव्यको खलचरित्र हो । ऊ सामन्तको मतियार हो । आन्दोलन दबाउने कार्यमा एकदमै सक्रिय पूर्णे पदोन्नतिका लागि जस्तोसुकै घृणित कार्य गर्न पनि पछि नहट्ने चरित्र हो । पूर्णे यस काव्यको सहायक चरित्र हो । सक्रान्तिबजारमा इन्स्पेक्टर पदमा कार्यरत पूर्णे जनताको रक्षक नभई भक्षक भएको छ । मानवता नभएको, कथित राष्ट्रवादी चिन्तन भएको, प्रतिगामी, स्वार्थी अभिलक्षणले युक्त पात्र पूर्णे हो । नेत्रको

खोजीमा तल्लीन ऊ सोधपुछ गर्दै नेत्रको घरमा पुग्छ । कहिल्यै राम्रो बोल्न नजान्ने पूर्णे आमासँग पनि दुर्वचन र दुर्व्यवहार गर्छ । आमाले खुर्पाले दाहिने हात खसालिदिएपछि आमामाथि गोली चलाउने षडयन्त्र रच्छ र आमाको हत्या गर्छ । देश र जनताका मुक्तिका खातिर लड्ने आम अग्रगामी व्यक्तिहरूको हत्या गरी पदोन्नति गर्न खोज्ने पूर्णे नेपाली सेना र प्रहरीको प्रतिनिधि पात्र हो ।

### ४.४.३.५ बद्रीको चारित्रिक अभिलक्षण

बद्री यस काव्यमा अत्यन्त न्यून भूमिकामा उपस्थित भए पनि उसले नेत्रको हत्या गराउने काममा मद्दत गरेकाले उसको उपस्थिति महत्त्वका साथ हेरिन्छ । सुरुमा सत्चरित्रका रूपमा देखिएको बद्री धनको लोभमा फस्ने अराष्ट्रवादी, मानवताशून्य, स्वार्थी पात्र हो । आन्दोलनका क्रममा नेत्रको सहयात्रीको रूपमा देखापरेको बद्री पछि आन्दोलन कै क्रममा पक्राउ पर्दछ । नेत्रको बारेमा जानकारी दिएमा धनसम्पत्तिसहित जेलमुक्त गरिदिने सामन्तको गुलियो बचनमा फसेको बद्रीले नेत्रको गोप्य बसाइका बारेमा जानकारी दिन्छ । उसकै मद्दतले प्रहरीहरू नेत्रलाई समात्न सफल हुन्छन् । त्यसैले बद्री राष्ट्रघाती, स्वार्थी र गतिशील चरित्र हो ।

### ४.४.३.६ अन्य गौण सहभागीहरू

**विद्रोहको बाँसुरी** खण्डकाव्यमा कृष्ण मिश्र, प्रहरीहरू, जन्ती, गाउँले लगायतका सहभागीहरू गौण भूमिकामा उपस्थापित छन् । बुढी आमाको हत्या गर्ने र नेत्रलाई समाती मार्ने जस्ता खराब कामका निम्ति प्रहरीहरू उपस्थित भएका छन् । ती सामन्तका घोडा भएकाले खलचरित्र हुन् । यस्तै एकदमै न्यून भूमिकामा कृष्ण मिश्रको उपस्थिति छ । उनी नेत्र र मेनका बीचको विवाहका बेलामा मन्त्रोच्चारण गर्ने ब्राह्मण हुन् । अन्तर्जातीय विवाह पढ्न पनि तयार रहेका यिनलाई प्रगतिशील नै मान्नुपर्छ । काव्यका नायकनायिकाको विवाहमा देखिएका जन्ती, सखासखीहरू पनि गौण चरित्र हुन् । नेत्र सबैलाई आन्दोलनमा लाग्न आग्रह गर्दै जाँदा कुनै ग्रामीण क्षेत्रमा पुगेर गाउँलेहरूसँग भलाकुसारी गरेको छ । यी पात्रहरूको उल्लेख्य भूमिका खासै देखिँदैन ।

**विद्रोही बाँसुरी** खण्डकाव्यमा प्रयुक्त सहभागीहरूको प्रकार र सहभागिता हेर्दा नेत्र प्रमुख, पुरुष, अनुकूल, स्थिर, वर्गीय, मञ्चीय र बद्ध पात्रको रूपमा देखिन्छ । मेनका स्त्री,

प्रमुख, अनुकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध सहभागी हो । यस्तै आमा स्त्री, सहायक, अनुकूल, स्थिर, वर्गीय, मञ्चीय र बद्ध पात्रका रूपमा देखिन्छिन् । पूर्णे र बद्री भने यस काव्यको पुरुष, सहायक, प्रतिकूल, गतिशील, वर्गीय, मञ्चीय र बद्ध पात्रका रूपमा देखिएका छन् ।

## ४.४.४ परिवेश

प्रस्तुत खण्डकाव्यमा पूर्वी नेपालको स्थानिक परिवेशको चित्रण गरिएको छ । कालिक परिवेशको चित्रण भने पञ्चायती शासनव्यवस्था र २०४६ सालको जनआन्दोलनको आसपासको समय रहेको छ । प्रहरीदमन, भ्रष्टाचार तथा आन्दोलनमय वातावरणको चित्रण प्रस्तुत काव्यमा गरिएको छ ।

नेत्रको जन्मस्थलका रूपमा पूर्वी पहाडको तेरथुम जिल्ला आएको छ । नेत्र सोही ठाउँमा जन्मेको एक क्रान्तिकारी योद्धा हो । नेत्र कामदारका रूपमा बसेको घर, आठराई, सक्रान्तिबजार, नामनखुलेको सुन्दर गाउँ, झापा, नेत्रको घर, विवाहमण्डप, अमूक ग्रामीण इलाका, जेल यस काव्यमा आएका स्थानिक परिवेश हुन् । काव्यमा जतातते आन्दोलन भइरहेको तथा काव्य नायकसमेत आन्दोलनमै भएकाले यहाँ आन्दोलनमय वातावरणको चित्रण छ । आन्दोलन २०४६ ताका भएकाले काव्यले समातेको परिवेश पनि त्यही हो ।

*साहुका धान किनेर चिउरा आठराई लगेर*

*पैकार गर्थिन् दुईचार पैसा छुट्ला कि भनेर*

×× ×× ×× ××

*त्यस्तैमा एक दिन सक्रान्तिबाट पुलिस साथमा*

*निस्पेटर भन्ने भुसतिघ्रे आयी बसेछ खाटमा*

यसरी प्रस्तुत दुई श्लोकमा आएको आठराई र सक्रान्तिबजारबाहेक यस काव्यमा ठाउँको नामै किटान गरी अरू ठाउँहरू आएका छैनन् । आन्दोलनका क्रममा नेत्र जहाँजहाँ पुग्दछ सोही ठाउँहरू यस काव्यको परिवेश हो । नेत्रले खेपेको वैशाख जेठको घाम, शिशिरको जाडो, खान नपाएको लाउन नपाएको अवस्थाको वर्णन प्रस्तुत काव्यमा छ । डर र त्रासमय क्षणको चित्रण प्रस्तुत खण्डकाव्यको वातावरण हो ।

### ४.४.५ उद्देश्य

यस खण्डकाव्यको प्रमुख उद्देश्य तत्कालीन नेपाली राजनीतिक आर्थिक-सामाजिक यथार्थको चित्रण हो । जताततै अन्याय, अत्याचार, भ्रष्टाचार तथा निरङ्कुश शासनको दबदबा बढेपछि सचेत युवाहरू आन्दोलित हुनुपरेको यथार्थको चित्रण गरिएको छ । एकातिर एउटा वर्ग खानका निम्ति श्रम बेचेर पनि पुऱ्याउँदैन भने अर्कातिर अर्को वर्ग नोकर राख्ने, श्रमशोषण गर्ने जस्ता असमान आर्थिक अवस्थाको चित्रण गरिएको छ । जातपात र छुवाछुत जरा गाडेको अवस्था आदिको यस खण्डकाव्यमा चित्रण छ । सदैव जातीय भेदभावलाई प्रश्रय दिनु हुँदैन भन्ने क्रान्तिकारी चिन्तन भएका कविले जातीय भेदभाव अन्त्यको आग्रह गर्दै क्षेत्री केटा र दमिनी केटीबीच वैदिक विधिअनुरूप नै विवाह सम्पन्न गराएका छन् । आन्दोलनमा लागेपछि वैयक्तिक स्वार्थभन्दा सामुहिक स्वार्थ अगाडि मान्दै देश र जनताको निम्ति लड्नुपर्ने आग्रह छ । मायाप्रीतिका निम्ति जातभातले नछेक्ने तथ्यको उद्घाटन गर्दै पतिपत्नीको आत्मिक प्रेमको अभिव्यक्ति गर्नु पनि यस काव्यको उद्देश्य रहेको छ । राष्ट्रका निम्ति लड्नेहरूलाई घरपरिवार बारेका समस्याहरू न्यून हुन्छन्  र वैयक्तिक सुखभन्दा माथि उठेर उनीहरू लड्न तत्पर रहन्छन् । आन्दोलनकै कारण काव्यमा दुर्घटना भएको छ भने पतिपत्नीबीचको आत्मिक प्रेमले पनि फाँसी पाएको छ । पूर्णे, बद्रीजस्ता अराजक तत्त्वहरू जहिले पनि सम्पत्तिको लोभमा फसेर राष्ट्रका निम्ति कुकर्म गरिरहन्छन् ।

समग्र काव्यमा आर्थिक अवस्था र बढ्दो राजनैतिक खिचातानीले प्रेम  परिवारमा दुर्घटनाको अवस्था सिर्जना भएको छ । नेत्र सबैतिर साम्यवाद आउनुपर्छ कोही भोकै त कोही यज्ञको ब्राह्मण हुनुहुँदैन भन्दै आन्दोलनमा होमिएको छ । यसमा मानवतावाद, राष्ट्रियचिन्तन, आदर्शवादको पनि सफल प्रस्तुति गरिएको छ । उमेरले असी वर्ष कोटेकी भए पनि नवयौवनको जस्तै जोश जाँगर भएकी आमा सामन्तका सामु कहिल्यै झुक्दिनन् । आफ्ना पति, ज्वाइँ र छोरासमेत आन्दोलनमा गुमाई आफू पनि सामन्तद्वारा नै मारिएकी आदर्श आमा हुन् । संसारबाट जातीय हैसियतको अन्त्य गरी समान भूमिवितरण र समान आर्थिक हैसियतका पक्षमा वकालत गरिएको प्रस्तुत काव्यमा नेपाली जनजीवनको प्रस्तुति निरङ्कुश शासकहरूको निर्दयीपन, सामाजिक-आर्थिक-राजनैतिक उतारचढावले निम्त्याएको त्रासद परिस्थितिको यथार्थ चित्रण गरिएको छ । यस खण्डकाव्यको उद्देश्य पनि यही नै हो ।

### ४.४.६ दृष्टिबिन्दु

प्रस्तुत **विद्रोहको बाँसुरी** खण्डकाव्यमा कविले पात्रलाई उभ्याएर आफू समाख्याता भएका छन् । कविले पाठकहरूलाई कथा प्रस्तुत गरेकाले कवि यस काव्यको समाख्याता हुन् । कवि समाख्याता भएकाले **विद्रोहको बाँसुरी** खण्डकाव्यमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । प्रस्तुत काव्यमा पात्रनामको प्रयोग गरी कथानक अगि बढाइएको छ । यसका कुनै ठाउँमा संवादात्मक शैलीको पनि उपयोग गरिएको छ । संवाद प्रत्यक्षवर्णन तथा कवि आख्यानभिन्न रहेर आफूलाई सर्वज्ञका रूपमा स्थापित गरेका छन् । कवि आफू सर्वज्ञ भएर आफ्ना र अरूका भाव,विचार  घटनालाई प्रस्तुत गरिएको छ  । काव्यमा प्रयोग भएका चरित्रको विश्लेषण कविद्वारा गरिएको छ भने काव्यको सम्पूर्ण घटना जान्ने कविनै भएकाले यस काव्यमा तृतीय पुरुष सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग स्पष्ट देखिन्छ । तृतीय पुरुष दृष्टिबिन्दु भएको श्लोकको नमुना-

*नेत्रको मुख लालभो निमिषमा भुकम्प गो देहमा*

*लाखौं चक्र घुमे फनन शिरमा त्यो दुष्टको कोपमा*

*आँखामा झलबग्न गो प्रणयको ज्वालामुखी मूखमा*

*सम्झ्यो वीरवती मुमा हृदयकी यस्तो ठूलो पीरमा*

यसरी काव्यमा कवि आफैँले नेत्रको परिवार आनीबानी, व्यवहार र सङ्घर्षको व्याख्या गरेका छन् । यस कृतिमा कवि सर्वज्ञ समाख्याता भई सामन्त र निरङ्कुशताका विरुद्ध सचेत भएर लड्नैपर्ने र जातीय विभेदको अन्त्य गरिनुपर्ने विचार व्यक्त गरेका छन् । काव्यमा उक्त विचारको भोक्ता नेत्र हो । नेपालमा २०४६ सालभन्दा अघि पञ्चायती निरङ्कुश व्यवस्था रहेको थियो । त्यसबेलामा मान्छेका न्यूनतम् अधिकारहरू खोसिएका थिए । यस्तो अवस्थामा सचेत युवाहरू लडनैपर्ने बाध्यताको यथार्थ प्रस्तुति गरिएको छ । जतासतै जातीय विभेदको चर्को दबदबा रहेको अवस्थामा अन्तर्जातिय विवाह गर्नु एक कदम अगाडि जानु हो । यस काव्यमा व्यक्त विचारहरूमध्ये कुनै कविले व्यक्त गरेका छन भने धेरै विचारको प्रस्तुति र कथानको विकास पात्रको उपस्थिति गराएर व्यक्त गरिएको छ ।

### ४.४.७ भाषाशैलीय विन्यास

**विद्रोहको बाँसुरी** खण्डकाव्यको भाषा सरल रहेको छ । यस खण्डकाव्यमा वर्णनात्मक शैलीमा साथैका संवादात्मक शैलीको पनि प्रयोग गरिएको छ । यसमा पात्र र विषयअनुकूलकै भाषाले प्राथमिकता पाएको छ । यसमा प्रयुक्त भाषा खासै परिष्कृत छैन । भाषिक वर्णयोजनाका तहमा अन्त्यानुप्रासजस्ता शब्दालङ्कारले यस काव्यमा सौन्दर्य उत्पन्न गरेको छ । यस काव्यमा तत्सम्, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । ठाउँठाउँमा लोकोक्ति र उचित बिम्बप्रतीकको प्रयोगले काव्यलाई स्वाभाविक तुल्याइएको छ । मोती, पाषाण, फलाम, बन्दुक, धारा, रगत, गोठ आदि बिम्बहरू र विषवृक्ष, मांसमक्षी, कुकुर जस्ता प्रतीकहरूको प्रयोग काव्यमा भएको छ । यसमा सामाजिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक स्रोतका बिम्बहरूको प्रयोग भेटिन्छ ।

**विद्रोहको बाँसुरी** विविध शास्त्रीय छन्दहरू र झ्याउरे छन्दमा लेखिएको छन्दोबद्ध आख्यानात्मक खण्डकाव्य हो । कविले यस काव्यको सर्गान्तमा छन्दको परिवर्तन गरेका छन् । शास्त्रीय छन्दअन्तर्गत अनुष्टुप, पञ्चमार, इन्दिरा, शार्दूलविक्रीडित, उपजाति, पृथ्वी, वसन्ततिलका, मन्दाक्रान्ता, उपेन्द्रवज्रा, भुजङ्गप्रयात, मालिनी, इन्द्रवज्रा, सोमराजी छन्दहरूको प्रयोग विवेच्य काव्यमा गरिएको छ । यस काव्यमा कवि सफल छन्दकवि बन्न सकेका छैनन् । गति, यति, मात्रा भ्रमविमुख कवि  रहन सकेका छैनन । ह्रस्वदीर्घसम्बन्धी नियमहरू थुप्रै ठाउँ मिचिएको छ । कतिपय शब्दका अक्षरसमेत छन्द मिलाउने प्रयोजनकै लागि कविले छोडेका छन् ; जस्तै :

*निस्पेटर पुर्ने झोक्कियो छाड्दै अश्लील बचन*

*(पृ. २८)*

यहाँ इन्स्पेक्टर शब्दलाई निस्पेटर गरिएको छ भने पूर्णे हुनुपर्नेमा पुर्ने बनाइएको छ । यसरी हेर्दा कविलाई छन्दले बाँधेको छ । यस काव्यमा प्रयुक्त छन्द र श्लोकसङ्ख्याको विवरण यसप्रकार दिइएको छ :

| क.सं. | छन्द | श्लोक सङ्ख्या |
|---|---|---|
| १. | लोक भ्याउरे | २१७ |
| २. | पञ्चमार | १ |
| ३. | अनुष्टुप | ७२ |
| ४. | इन्दिरा | २ |
| ५. | शार्दूलविक्रीडित | ३३ |
| ६. | उपजाति | ५७ |
| ७. | पृथ्वी | १ |
| ८. | वसन्ततिलका | २४ |
| ९. | मन्दाक्रान्ता | ७ |
| १०. | भुजङ्गप्रयात | १३ |
| ११. | मालिनी | १ |
| १२. | इन्द्रव्रजा | २ |
| १३. | उपेन्द्रव्रजा | १ |
| १४. | सोमराजी | ४ |
| जम्मा | | ४३५ |

यसरी विविध चौधवटा छन्दहरूका चारसय पैंतीस (४३५) श्लोकहरूमा प्रस्तुत काव्य रचिएको छ । सफल छन्दको प्रयोग नभए पनि कविको छन्दमा लेख्ने प्रयास प्रशंसनीय नै छ ।

प्रस्तुत काव्यमा अलङ्कारले काव्यलाई अलङ्कृत गरेको छ । अन्त्यानुप्रास शब्दालङ्कारको सफल प्रयोग प्रस्तुत काव्यमा भएको छ । यस काव्यमा उपमाधर्मी अलङ्कारहरूको प्रयोग अधिक मात्रामा भेटिन्छ । यस काव्यमा प्रयोग भएका केही अलङ्कारका नमुनाहरू तल दिइन्छ –

**उपमा**

*सैनिक बल हो केवल कागजी बाघ झैँ छ यो*

*उपाय सँगको युद्ध सफल हुन्छ आखिर ।*

(पृ. १०)

यसमा सैनिक बललाई कागजी बाघसँग तुलना गरिएकाले उपमा अलङ्कार छ ।

**अतिशयोक्ति**

*नेत्रजीले बोली खोले-'मिठी मधु-प्याला' ।*

òò òò òò òò

*प्रेम पराग सम्बन्धमा के छ तिम्रो राय ?*

यहाँ नेत्रले मेनकालाई 'मधु-प्याला' 'प्रेम पराग' जस्ता अतिशयोक्तिमूलक उपमाहरूले सम्बोधन गरिएको छ ।

**लोकोक्ति**

*बजाएर कस्नुपर्छ पिरतीका पात*

*यो मन जस्तो त्यो मन भए केलाई चाहियो जात ?*

*(पृ.१४)*

òò òò òò òò

*यस्तो वलिष्ठ दृढ दुश्मनका विरुद्ध*

*के जुध्न सक्छ कुहिनो पहरा विरुद्ध !*

*(पृ. ४२)*

यहाँ 'यो मन जस्तो त्यो मन भए केलाई चाहियो जात' र 'कुहिनो पहरा विरुद्ध' भन्ने लोकआहानको प्रयोग भएको छ ।

**रूपक-**

*कोही फलाक्छ महिला हिमकी चरी हो*

*कोही अलाप्छ उ त जीवनकी सँगी हो*

*कोही पुकार्छ कि त शैलकि इन्द्रिनी हो*

*मेरो निमित्त महिला बन-सिँहिनी हो*

*(पृ. ४४)*

यसमा नारीलाई 'हिमकी चरी' 'जीवनकी सँगी', 'शैलकी इन्द्रिनी', 'वन सिँहनी' जस्ता उपमाले अभेद आरोप गरिएको छ । त्यसैले यहाँ रूपक अलङ्कारको उत्पादन भएको छ ।

प्रस्तुत काव्यमा व्यक्त विविध मनोभावहरूको निर्क्योल गर्दा उत्साह स्थायी भाव हुने वीररसको प्रयोग अङ्गीरसका रूपमा आएको छ । करुण, शान्त र शृङ्गार रस यस काव्यमा आएका अङग रसहरू हुन । आन्दोलन र लडाइँ काव्यमा मूल रूपमा आएकाले यस काव्यमा अङ्गीरस वीर रस छ । आमाको मृत्यु, नेत्रको मृत्युजस्ता घटनामा करुण रस व्याप्त छ भने नेत्र र मेनकाको भेट, नेत्र र मेनका बीचको मधुरात आदिका अवस्थामा शृङ्गार रस उत्पन्न भएको छ ।

समग्रमा विवेच्य खण्डकाव्यमा सरल, प्राज्जल र सरस भाषाशैलीको प्रयोग भएको छ । नेपाली लोक भ्याउरे, विविध शास्त्रीय छन्दहरूको प्रयोग भएको प्रस्तुत काव्यमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले काव्यलाई जीवन्त बनाएको छ ।

### ४.४.८ निष्कर्ष

**विद्रोहको बाँसुरी** खण्डकाव्यले नेपाली राजनैतिक विषयलाई उठाएको छ । नेपालमा सामन्तहरूको शासन बढ्दै गएकाले त्यसका विरुद्ध आमजनता सचेत भएर आन्दोलन गर्नुपर्ने कुराको उद्घाटन कविले गरेका छन् । समय परिवर्तन भइरहे पनि मान्छेको चेतना भने शून्य हुँदै गइरहेको वर्तमान परिप्रेक्षमा नोकरमालिकको प्रचलन अशोभनीय रहेको ठहर कविको छ । भोकतिर्खा केही नभनी किसानले अन्न उब्जाएर पनि तिनले कहिल्यै भरपेट खान नपाएको यथार्थ नेपालीमाझ छँदैछ । गरिबले बोलेको कसैले नसुनेको प्रति कविको आक्रोश छ । सामन्तवर्गका मान्छेहरू उडुस र जुम्राजस्तो अर्काको रक्तशोषण गर्न अग्रसर छन् । नेत्रजस्ता सचेत युवाहरूले आन्दोलनको नेतृत्व गर्ने हो भने सुनौलो बिहानी कल्पना गर्न सकिने अभिव्यक्ति कविको रहेको छ । वास्तवमा आन्दोलनमा धेरैले ज्यान गुमाइसके पनि कहिल्यै गरिब र मजदुर वर्गले राज्यसत्ता कब्जा गर्न सकेका छैनन् । दिगो शान्ति र साम्यवादका निम्ति हुँदाखाने वर्गको नेतृत्व आवश्यक रहेको विचार व्यक्त गरिएको छ । नेत्रजस्तो सचेत क्रान्तिकारी व्यक्तिलाई देशद्रोहको आरोप लगाएर कथित हुनेखाने वर्गका प्रतिनिधिहरू सजाय दिन तत्पर रहन्छन् । शान्ति क्षेत्र घोषणा गर्दै हतियार खरिदमा राष्ट्रको ढुकुटी सिध्याएको प्रति कविको आक्रोश छ । मान्छेको रगतमा पौडी खेल्न रमाउने शासकहरू विकासका नाउँमा विनाश र शिक्षालयका ठाउँमा झ्यालखाना बनाउन लागिपरेको प्रति कविको गुनासो छ । जातीय छुवाछुतको दबदबा तीब्रतर ढङ्गले बढिरहेको अवस्थामा कविले दलित र कथित माथिल्लो जातिको केटाकेटीबीच विवाह गरेर आफ्नो प्रगतिशील चिन्तनलाई उभ्याएका छन् । बालकृष्ण समले चिसोचूह्लोमा गौरी र सन्तेबीच नबोलीकनै मायाप्रितिको साइनो गाँसिदिए पनि ती दुईबीच मेल भएन । यहाँ नेत्र र मेनकालाई भने कविले वैवाहिक सूत्रमा बाँधेर राम्रो काम गरेका छन् । सामाजिक रूपान्तरणको निम्ति जातीय विभेदको अन्त्य, समान महिला अधिकार जस्ता कुरामा सचेत कविले नेत्र र मेनकाको विवाह ब्राह्मणको उपस्थितिमा वैदिक विधि अनुरूप गराउनु भने उपयुक्त देखिँदैन । यो उनको ब्राह्मण मानसिकताको उपज हो । प्रगतिवादी सोच र व्यवहार देखाउन खोज्दाखोज्दै कवि यहाँनेर चुकेका छन् । परम्परागत अन्धविश्वासको अनुकरण नगरेका भए कवि पूर्णतः प्रगतिवादी देखिन्थे । प्रहरी र आमाको संवाद र व्यवहार त्यति स्वभाविक गड्दैन । करिब असी वर्ष पुगेकी बुढीको चौबीस वर्षीय छोरो भनी कविले व्याख्या गरेका छन्, यहाँनेर आमा ५६ वर्षको हुँदा मात्र नेत्रको जन्म भएको पुष्टि हुन

आँउछ । मातृत्वशक्ति पूर्णतः बन्द भइसकेको अवस्थामा छोराको जन्म गराउनु कविको हाँस्यास्पद तर्क हो ।

आमाको मृत्युपश्चात् कविले झण्डै शोककाव्यकै सिर्जना गरेका छन् । आन्दोलनमा समर्पित युवालाई त्यति धेरै अलापविलाप गराउनु काव्यको गुणस्तर खस्काउनु मात्र हो । सबैले मिलेर विषवृक्ष ढाल्नुपर्छ भन्ने कविको आग्रह सराहनीय छ । विवाहपश्चात् एकैचोटि षष्ठ सुस्केरोमा मेनकाको उपस्थिति गराई भोगवादी चिन्तन र क्रान्तिकारी चिन्तनको द्वन्द्व देखाइएको छ । नेत्रलाई कुनै पनि आन्दोलनमा नसघाएकी मेनका झापातिर झरेर सुखदुःखको जिन्दगी काट्ने विचार व्यक्त गर्दछे तर नेत्र आन्दोलनकै पक्षमा उभिएको छ । सारा सृष्टिको स्रोत मानिने नारी जाति निदाएकोमा कविको गुनासो छ । यहाँनेरको प्रसङ्गमा कवि देवकोटाबाट प्रभावित भएको स्पष्ट देखिन आउँछ । उनले मुनामदनमा सागसिस्नु खाएर सँगै बाँच्ने मुनाको आग्रहलाई मेनकामार्फत् घाँसदाउरा गरेर ढिँडोरोटी खाए पनि सँगै बस्ने अभिव्यक्ति प्रकट गरेका छन् । मान्छेको मासु मान्छेले खान थालेको भन्दै कविले हराउँदै गएको मानवताप्रति चासो व्यक्त गरेका छन् ।

कसैका छोराछोरीले खान नपाएका र कसैका कुकुरले खीर नखाएको प्रसङ्गको उल्लेख गर्दै काव्यमा समानताको आग्रह छ । गरिबको सन्तान केवल हुनेखानेका नोकर हुन जन्मेका होइनन् । तिनको श्रम र सीपअनुसार तीनको पेसाको सम्मान गरिनुपर्ने धारणा कविको छ ।

**विद्रोहको बाँसुरी** आख्यानात्मक संरचना भएको खण्डकाव्य हो । यसको कथानक सबल रहेको छ । यसको कथानक विकासमा आदि, मध्य र अन्त्यको शृङ्खला रहेको छ । यस काव्यमा कथानक सुहाउँदो पात्रको प्रयोग भएको छ । पात्रको क्रियाकलाप र संवाद पात्रअनुकूल देखिन्छ । सलल बगेको स्पष्ट कथानक, त्यसलाई गतिशील बनाउन सक्षम जीवन्त सहभागीको प्रयोगले काव्यलाई उच्च बनाएको छ । कथानकअनुसारको परिवेशचित्रण र उपयुक्त आयामविस्तारले काव्यको उच्चतालाई पुष्टि गर्दछ । काव्यमा कतैकतै बाहेक पात्रहरूकै माध्यमबाट कविले विचारहरूको अभिव्यक्ति गरेका छन् । सर्वज्ञ तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको प्रस्तुत काव्यको संरचना पक्ष सबल नै देखिन आउँछ । काव्यमा ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक स्रोतका बिम्बप्रतीकको सहज संयोजन गरिएको छ । विविध शास्त्रीय वार्णिक छन्द र लोकभ्याउरे छन्दको प्रयोगले काव्यलाई

लयात्मक र सरस बनाएको छ । काव्यमा अङ्गी रसका रूपमा वीर रस देखिन आउँछ । काव्यको नायकको मृत्यु हुनुले काव्यलाई दुःखान्तक बनाएको छ ।

कविले काव्यमा समसामयिक जीवनबोधलाई वस्तुका रूपमा प्रयोग गरी प्रस्तुत गरेका छन् । समानताको आग्रह गर्दै कविले हराउँदै गएको मानवताप्रति पनि चिन्ता व्यक्त गरेका छन् । जातीय विभेद र महिला समानताको दरो आवाज उठाइएको प्रस्तुत काव्यको भाषाशैली भने त्यति परिष्कृत देखिदैन । समग्रमा गोपालप्रसाद सङ्ग्रौलालाई युगप्रति सचेत प्रगतिवादी कवि भन्न सकिन्छ ।

# पाँचौं परिच्छेद

# उपसंहार

गोपालप्रसाद सङ्ग्रौलाको जन्म वि.सं. २००२ साल असार १६ गते शुक्रबारका दिन भएको हो । सङ्ग्रौला तेरथुम जिल्लाको छातेढुङ्गा गा.वि.स. मा मध्यमवित्तीय किसान परिवारमा जन्मिउका थिए । ६ वर्षे बालक कालमा नै आफ्ना बाबु गुमाउन पुगेका सङ्ग्रौलालाई उनकी आमाले कहिल्यै पनि आमाको ममता र बाबुको कर्तव्यबाट वन्चित गराइनन् । सङ्ग्रौलालाई हुर्काउनका लागि उनकी आमाले अनेक श्रममूलक काम गर्ने गरेकी थिइन् । आर्थिक स्थिति कमजोर भएकै कारण उनका दाजु तथा बहिनीहरूले पढन पाएका थिएनन् । तर सौभाग्य मान्नुपर्छ सङ्ग्रौलालाई आफ्ना परिवारले अनेक दुःख कष्ट सहेर पनि शिक्षाको ज्योतिबाट अछुतो राखेनन् । सानैदेखि छुच्चो स्वभाव भएका सङ्ग्रौला अझै पनि बेलाबेलामा झडङ्ग रिसाउने गर्दछन् । १० वर्षको उमेरबाट शिक्षा आरम्भ गरेका सङ्ग्रौलाको जागिरे जीवन र घरायसी व्यवहारका बाबजुद पनि उनको पढाइले तीब्र गति लिएको देखिन्छ । स्नातक तह उत्तीर्ण गरिसकेका सङ्ग्रौलाको स्नातकोत्तर अध्ययन भने जागिरका कारण सफल हुन सकेन । त्यसैले उनको औपचारिक अध्ययन स्नातक तहसम्म रहेको पाइन्छ । *सादा जीवन उच्च विचार*को भावना बोकेका सङ्ग्रौलाको जीवन सरल र मिलनसार छ । उनी सधैँ अध्ययनशील र सिर्जनशील देखिन्छन् । निम्न वर्गीय समाजको उत्थानका लागि जीवन व्यतीत गर्नु नै उनको प्रमुख रुचि देखिन आउँछ ।

सङ्ग्रौलाको शिक्षक व्यक्तित्व उच्च छ । वि.सं. २०२३-२०६० सालसम्म शिक्षण पेसामा आवद्ध सङ्ग्रौला दुईपटक गरेर जम्मा तेर वर्ष प्रधानाध्यापक भएको देखिन्छ भने शिक्षण गरेको विशुद्ध वर्ष चाहिं २४ देखिन्छ । हाल उनी शिक्षण पेसाबाट निवृत्तिभरणमा अनिवार्य अवकास लिएर बसेका छन् ।

सङ्ग्रौलाको शिक्षक व्यक्तित्व बाहेक अन्य व्यक्तित्व पनि फस्टाएको देखिन्छ । उनी साहित्यिक, राजनैतिक, सामाजिक, सांस्कृतिक कार्यहरूमा पनि त्यत्तिकै अग्रसर रहेको पाइन्छ । त्यसमा पनि सबैभन्दा बढी साहित्यिक रचनाहरूमा सङ्ग्रौलाको ध्यान गएको पाइन्छ । उनले आधुनिक नेपाली साहित्यमा कविता, कथा, समालोचना, निबन्ध आदि विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको कविताविधा सबैभन्दा उर्वर रहेको

पाइन्छ । वि.सं. २०२३ सालमा **जन्मभूमि** शीर्षकको कविता लेखेर औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका सङ्ग्रौला हाल प्रगतिवादी कविका रूपमा देखिएका छन् भने अन्य केही पुस्तकाकार कृतिहरू अप्रकाशित अवस्थामा नै रहेको पाइन्छ । उनका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा यथेष्ट छरिएर रहेको पाइन्छ । मोफसलमा बसेर लेख्नुको पीडा हुनसक्छ उनलाई कुनै सम्मान पुरस्कार दिइएको जानकारी पाइँदैन ।

साहित्यका विविध विधाहरूमा कलम चलाए तापनि सङ्ग्रौला मूलतः कवि हुन् । शास्त्रीय छन्दहरूलाई आत्मसात गरेर कविताको रचना गर्ने सङ्ग्रौलाका कविताहरूमा नेपाली समाजमा व्याप्त कुरीति, विसङ्गति आदिको तीब्र आलोचना पाइन्छ । खासगरी नेपालको राजनैतिक परिवर्तनहरूले पार्ने असर र प्रभावका घटनाहरूलाई यिनका कवितामा उठाइएको छ । प्रकृतिचित्रण, मानवतावादी स्वर, व्यङ्ग्यचेत तथा क्रान्तिकारी भाव यिनका कविताका मुलभूत विशेषता हुन् । निरङ्कुश शासकीय संरचनाले पिल्सिएका आमपीडित वर्गको आवाजलाई सङ्ग्रौलाले कवितामा व्यक्त गरेका छन् । पारम्परिक रूपमा चल्दै आएको पुरुषवर्गद्वारा नारीमाथि हुने दमन र यातनाका घटनाक्रमलाई पनि कवितामा विषयवस्तु बनाइएको छ । शासकीय सत्तावर्गद्वारा हुने हत्या र दमनका श्रृङ्खलाद्वारा पीडित हुन पुगेका नारी हुन् वा आफन्त भनाउँदाहरूद्वारा नै विदेशमा वेचिन विवश नारीहरू हुन्, पिडा र चित्कारका आवाजहरू समान छन् । यस्तै देशीय सामन्तवाद र अन्तर्राष्ट्रिय साम्राज्यवादको विरुद्ध पनि कविले आफ्ना कविताका माध्यमबाट तीब्र रोष प्रकट गरेका छन् । यसरी कविले आफ्ना हक अधिकार प्राप्तिका लागि र भविष्यको सुन्दर समयको आगमनका लागि विद्रोहको ज्वाला बनेर युद्धमैदानमा उत्रन आफ्ना कवितामार्फत् आह्वान गरेका छन् । विश्वका बहुसङ्ख्यक मान्छेहरू गरिबीको रेखामुनि रहेको तर शासन भने धनी वर्गकाहरूले गरिरहेकाले गरिबका पक्षमा सत्ता ल्याउनका निम्ति लड्नुपर्ने कुरा सङ्ग्रौलाले आफ्ना कवितामा व्यक्त गरेका छन् । पञ्चायती शासनकालमा जनतालाई शासकहरूले दिएको दुःखको यथार्थ प्रस्तुति, राष्ट्रका निम्ति मरिमेट्ने सहिदहरूको सपनाको चित्रण तथा दैवी प्रकोपबाट आहत भएकाहरूको यथार्थ अङ्कन उनका कृतिमा प्रस्तुत गरेका छन् । आफ्नो देशमा जीवन धान्न नसकेर विदेशिएका युवाहरूले पाएको दुःखको यथार्थ प्रस्तुति उनका कविता कृतिमा गरिएको छ । यी सम्पूर्ण कुराहरूलाई हेर्दा सङ्ग्रौलाले देशमा नयाँ शासनसत्ता ल्याउन, अन्याय अत्याचारका विरुद्धमा लाग्न साथै विदेशिनुको सट्टा स्वदेशमै केही गर्न सकौं भन्ने भावना जगाउँदै आम जनतालाई क्रान्ति गर्न आग्रह गरेका छन् ।

सङ्ग्रौला कोमल हृदयका प्रतिभाशाली कवि हुनुको परिणाम आफ्नो बालसखाकी धर्मपत्नीको निधनमा **हरिमाया** शोककाव्य निर्माण गर्न सफल भएका छन् । प्रस्तुत काव्यमा आत्मजनको मृत्युको पीडाले छट्पटाएका शोकविह्वल परिवारको भावनात्मक प्रस्तुति छ । पतिपत्नीबीचको प्रणयको व्याख्या, जोडी छुटेर गएपछि एकल जीवन बिताउँदा आउने स्मरण, डेरा बस्नुपर्ने बाध्यता, महङ्गीले आकास छोएको प्रसङ्ग तथा छोराछोरीमा भेदभाव नगरी समान अवसर दिनुपर्छ भन्ने तथ्यको वर्णन सङ्ग्रौलाले गरेका छन् । एउटा ग्रामीण परिवेशको सामान्य परिवारमा परेको दैवी बज्रपातको घटनालाई मुख्य आधार बनाई भौतिक शरीर क्षणिक छ, यसलाई सदैव अजर, अमर राख्न सकिन्न तसर्थ आत्मिक प्रेम गर्नुपर्छ जुन अजर अमर हुन्छ भन्ने विचार कविले व्यक्त गरेका छन् ।

नेपालमा सामन्तहरूको शासन बढ्दै गएकाले त्यसका विरुद्ध आमजनता सचेत भएर आन्दोलन गर्नुपर्ने कुराको उद्घाटन कविले **विद्रोहको बाँसुरी** काव्यमा गरेका छन् । सामन्तवर्गका मान्छेहरू उडुस र जुम्रा जस्तो अर्काको रक्त शोषण गर्न अग्रसर भएका तर गरिब र मजदुर वर्गका मानिसहरू जहिल्यै पनि आन्दोलनमा सहिद बन्न तत्पर रहे पनि राज्यसत्ता आफ्नो हातमा पार्न नसकेको कविको आपत्ति छ । मान्छेको रगतमा पौडी खेल्न रमाउने शासकहरू विकासका नाममा विनाश र शिक्षालयका ठाउँमा झ्यालखाना बनाउन लागेको प्रति कविको गुनासो छ । कसैका छोराछोरीले खान नपाएका र कसैका कुकुरले खीर नखाएको प्रसङ्गको उल्लेख गर्दै काव्यमा समानताको आग्रह गरिएको छ । गरिबका सन्तान केवल हुनेखानेका नोकर हुन जन्मेका होइनन तिनीहरूको श्रम र सीपअनुसार पेसाको सम्मान गरिनुपर्ने धारणा कविको रहेको छ ।

गोपालप्रसाद सङ्ग्रौलाले आफ्ना सिर्जनामा मूलतः नेपाली निम्नवर्गीय समाजको कारुणिक जीवनको यथार्थ चित्रण गरेका छन् । कवितामा पात्रको उपस्थिति गराएर उसको जीवनयथार्थको चित्रण गर्दै क्रान्तिमार्गमा लाग्न आह्वान गर्नु उनको प्रमुख पवृत्तिगत विशेषता हो । ग्रामीण जनजीवनका शब्दलाई टिपेर आफ्ना सिर्जनामा प्रयोग गर्नु उनको अर्को वैशिष्ट्य हो ।

## समग्र निष्कर्ष

सङ्ग्रौलाका सम्पूर्ण कृतिहरूको अध्ययन गर्दा उनका रचनामा सामाजिक यर्थाथको चित्रण, धामी बोक्सीजस्ता अन्धपरम्परा, आर्थिक विपन्नताले निम्त्याएको समस्या चित्रण,

मायाप्रेममा आधारित विषयवस्तुको प्रस्तुतीकरण, आर्थिक अवस्था कमजोर भएर विदेशिनु पर्ने वाध्यता, डेराबस्नुपर्ने वाध्यता, शोषक वर्गले शोषित वर्गमाथि गर्ने गरेको कुव्यवहारको विरोध आफन्तको मृत्युपीडामा छट्पटिएका जनताहरूको यथार्थ प्रस्तुति गरिएको पाइन्छ । त्यस्तै सहिदले देखाएको बाटोमा सम्पूर्ण जनता एक भएर लाग्नुपर्ने वाध्यता साथै आम जनतालाई देशमा शान्तिल्याउनका लागि क्रान्ति गर्न आह्वान गर्नुजस्ता कुराहरूलाई प्रस्तुत गरिएको छ । यी  सम्पूर्ण कुराहरूलाई हेर्दा गोपालप्रसाद सङ्ग्रौलालाई एक सचेत यथार्थवादी प्रगतिवादी साहित्यकारका रूपमा चिनाउन सकिन्छ ।

## सन्दर्भग्रन्थसूची


अवस्थी, महादेव, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौं : एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., २०६१ ।

नेपाल, देवी, **छन्द-पराग,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६२ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, दोस्रो संस्करण, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

लमजेल, रविमान, **कोशी अंचलको साहित्यिक इतिहास,** विराटनगर : रत्नमाया दलित साहित्य संरक्षण समिति, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०६० ।

——————,**कविताको संरचनात्मक विश्लेषण,** काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

सङ्ग्रौला, गोपालप्रसाद, **जन-चेतनाका फिलुंगाहरू,** झापा : सुश्री सिजू सङ्ग्रौला, २०४८ ।

——————,**हरिमाया**, पाँचथर : हिमादेवी पौड्याल, २०५४ ।

——————,**विद्रोहको बाँसुरी** विराटनगर : श्रीमती शारदा सङ्ग्रौला, २०६४ ।